सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.




● वर्ष १६ ● अंक १६ ● काठमाडौं, शुक्रबार, भदौ १८, २०६७ ● **SAPTAHIK** ● Nepali National Weekly ● Friday, Sept 3, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १२/-

# हिमानी लागिन् सक्रिय समाजसेवामा



पूर्वयुवराज्ञी हिमानी शाह पुनः सार्वजनिक कार्यक्रममा देखा परेकी छिन् । पूर्वराजा ज्ञानेन्द्र तथा पूर्वयुवराज पारसले धार्मिक तथा अन्य कार्यक्रमहरूमा बढाएको सक्रियताको चर्चा चलिरहेकै बेला पूर्वयुवराज्ञीको उपस्थिति राजधानीमा आयोजित तीजसँग सम्बन्धित एक कार्यक्रममा देखिएको हो । पूर्वयुवराज्ञी हिमानी केही समययता यस्ता कार्यक्रमहरूमा देखिएकी थिइनन् । यद्यपि सामाजिक, धार्मिक एवं शैक्षिक गतिविधिहरूमा उनको उपस्थिति नौलो कुरा होइन । पूर्वयुवराजसँगको सम्बन्धमा उत्पन्न खटपटको समाचारले पनि बेलाबेलामा चर्चामा आउने पूर्वयुवराज्ञी तथा पूर्वयुवराजको सम्बन्ध अहिले सामान्य रहेको निकटवर्ती स्रोतहरू बताउँछन् ।

बाँकी पृष्ठ ८ मा



## ● क्यासेट ●

### नोट



विधा : पप
गायन : सीमा संग्रौला
संगीतकार : कालीप्रसाद बास्कोटा
गीतकार : कालीप्रसाद बास्कोटा
गीत संख्या : आठ
उत्पादक : युवा रेकर्ड्स

### बधाई



विधा : लोक आधुनिक
गायन : राजेशपायल राई, थुप्देन भुटिया, जगदीश समाल, अञ्जु पन्त, रामचन्द्र काफ्ले, शिव परियार तथा सुरेश कुमार ।
संगीतकार : चन्द्रकुमार दोङ
गीतकार : साइमन एस. रायमाझी
गीत संख्या : सात
उत्पादक : म्युजिक नेपाल

### छम् छम् नाचौं बरिलै



विधा : तीज गीत
गायन : माण्डवी त्रिपाठी
लय संकलन : विपिन आचार्य
शब्द संकलन : उर्मिला त्रिपाठी
गीत संख्या : दुई
उत्पादक : वर्ल्ड इभेन्ट नेपाल रेकर्ड्स

## ● रंगमञ्च ●

### एक सय तीन पटक ताराबाजी



आरोहण गुरुकुलको सम नाट्यघरमा फेरि 'ताराबाजी लै लै' मञ्चन भैरहेको छ। १ सय ३ पटक मञ्चन भैसकेको उक्त नाटक बालमनोविज्ञानमा आधारित छ। नर्वेजियन नाटककार मोर्टन क्रोगद्वारा निर्देशित नाटकमा अरुणा कार्की, कमलमणि नेपाल, भोलाराज सापकोटा, सरिता गिरी, राजकुमार पुडासैनी, विपीन कार्की, मणिराम पोखरेल, पशुपति राई, रामहरि ढकाल, प्रवीण खतिवडा, सरस्वती चौधरी, रवीन्द्रसिंह बानियाँ, सजन थापामगर तथा कर्मले अभिनय गरेका छन्। यही १५ गतेदेखि हरेक साँझ साढे पाँचबजे मञ्चन भैरहेको उक्त नाटक पर्सि आइतबारसम्म हेर्न पाइनेछ।

### इटहरीमा नाट्य प्रतिष्ठान

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले उपत्यकाबाहिर पहिलो पटक पूर्वाञ्चलको इटहरीमा बृहत् कार्यक्रमको आयोजना गर्दैछ। उपत्यका बाहिरका सर्जकलाई राष्ट्रिय मूलधारमा स्थापित गराउन यो कार्यक्रम गर्न लागिएको बताइएको छ। दुई दिन चल्ने कार्यक्रममा नेपालका पूर्वीक्षेत्रका विभिन्न जनजाति, भाषाभाषीका लुकेर रहेका संगीत तथा नाट्य प्रतिभाहरूलाई सहभागी गराई प्रतिभा प्रदर्शन गरिने कार्यक्रम संयोजक प्राज्ञ रमेशरञ्जन झाले जानकारी गराए।

### गोल्डेनगेटमा बाध्यता

बत्तीस पुतलीस्थित गोल्डेनगेट कलेजमा गत साता नाटक 'बाध्यता' को मञ्चन भयो। कलेजका विद्यार्थीहरूले तयार गरेका चारवटा नाटकमध्ये नाटक 'बाध्यता' लाई नाटककार कृष्ण शाह यात्री तथा हरि सिलवालको निर्णायक समितिले उत्कृष्ट मान्दै मञ्चनका लागि छनौट गरेको थियो। नाटकमा डेढदर्जन विद्यार्थी कलाकारले अभिनय गरेका थिए।

## ● ग्यालरी ●

### राजदूतको क्यामेराले देखेको नेपाल

नेपालका लागि डेनमार्कका राजदूत फिन थिल्स्टेट फोटोग्राफीका सौखिन छन् र उनको फोटोग्राफी कुनै व्यावसायिक फोटोग्राफरको भन्दा कम छैन। पाटनढोकास्थित यलमाया केन्द्रमा प्रदर्शित उनले



खिचेका तस्विरको प्रदर्शनी हेरेपछि यही कुरा प्रमाणित हुन्छ। नेपाल घुम्ने क्रममा पाँच वर्ष लगाएर उनले खिचेका तस्विरहरूको प्रदर्शनी गत साता सम्पन्न भएको हो। प्रदर्शनीमा नेपालका भेषभूषा, संस्कृति, कला, धर्म एवं रहनसहन झल्काउने ५५ वटा तस्विर राखिएका थिए।

### सुंगुरसँग विकास

झम्सिखेलस्थित काठमाडौं कन्टेम्पोरेरी आर्ट सेन्टरको ग्यालरीमा प्रवेश गर्ने बित्तिकै सुंगुरको चित्रले आँखा तान्छ। एउटै क्यानभासमा पाँचवटा सुंगुरको चित्रले सबैलाई अचम्मित तुल्याउँछ। २७ वर्षीय चित्रकार सञ्जीव महर्जनले 'रिपिटिङ बडिज' शीर्षकमा सुंगुरका ती चित्र कोरेका हुन्। खिचापोखरीका बासिन्दा महर्जनले घर जाने बाटोका मासु पसलमा विभिन्न जनावर काटिएको देखेपछि त्यसैलाई विषय बनाएर चित्र कोरेको बताएका छन्। त्यस्तै ग्यालरीको बायाँतर्फ नजर दौडाउँदा फलामका रडजस्ता आकृति कोरिएका चित्रहरू देखिन्छन्। त्यहाँ चित्रकार सुनिता महर्जनले विकास निर्माणलाई आफ्नो क्यानभासमा उतारेकी छिन्। विकासले प्राकृतिक स्रोतमा गरिरहेको प्रहारलाई उनले चित्रमा उतारेको बताइन्। 'रिपिटिङ बडिज, स्ट्रक्चल स्पेस' शीर्षकको उक्त प्रदर्शनीमा दुवै चित्रकारका २२-२२ सिर्जना राखिएका छन्। प्रदर्शनी असोज ४ गतेसम्म जारी रहनेछ।

## ● लाइभ ●

### सोमबारदेखि छोटा चलचित्र महोत्सव





क्रिएटिभ इन्टरनेसनल प्रोडक्सन आर्ट्स (किपा) को आयोजनामा आगामी सोमबारदेखि ४ दिने छोटा चलचित्र महोत्सव 'बड्स फिल्म फिस्टा' सञ्चालन हुँदैछ। चाबहिलस्थित गोपिकृष्ण मुभिजमा भदौ २१ गते बिहान ८ बजेदेखि प्रारम्भ हुने महोत्सवमा प्रतियोगी तथा अप्रतियोगी गरी ४० वटा चलचित्र प्रदर्शन गरिनेछ। नयाँ चलचित्रकर्मीलाई उनीहरूको प्रतिभा प्रदर्शन गर्ने अवसरका रूपमा आयोजना गर्न लागिएको महोत्सवमा ३० वटा चलचित्रबीच प्रतिस्पर्धा हुनेछ। महोत्सवमा ३ मिनेटदेखि ३० मिनेटसम्मका चलचित्र प्रदर्शन हुँदैछन्। महोत्सवअन्तर्गत प्रत्येक दिन बिहान ९ बजे, सबा १० बजे, दिउँसो १२ बजे तथा साँझ ५:३० बजे चलचित्र प्रदर्शन गरिनेछ। एउटा शोमा ४ देखि ७ वटा चलचित्र प्रदर्शन गरिने आयोजक संस्थाले जनाएको छ।

## ● पुस्तक ●

### केही बाल-चित्रकथाहरू

कथालय प्रकाशनले भारतको स्कोलास्टिक पब्लिकेसनसँगको सहकार्यमा नेपाली बालबालिकाहरूलाई लक्षित गरी १० वटा चित्रकथाको पुस्तक सार्वजनिक गरेको छ। चन्द्रमा, कमिलाहरू, माहुरीहरू, सौरमण्डल, चेपागाँडाबाट भ्यागुतो, बीउदेखि बिरुवासम्म, पृथ्वी, सूर्य, डल्फिन तथा सजीव वस्तु शीर्षकका ती चित्रकथामा सुन्दर चित्रहरूमार्फत सम्बन्धित विषयको गहन जानकारी प्रदान गरिएको छ। यी पुस्तक मेल्बिन र गिल्डा बर्जलले अंग्रेजी भाषामा लेखेका पुस्तकको नेपाली संस्करण हुन्। प्रत्येक पुस्तकको मूल्य ८० रुपैयाँ छ।

### चम्पारन ब्लुज

रोशन शेरचनको निबन्ध-सङ्ग्रह 'चम्पारन ब्लुज' सार्वजनिक भएको छ। चम्पारन ब्लुजका निबन्धहरू रोशनको हुर्काइको नागबेली भोगाइ, अध्ययनयात्रा, लेखकहरूप्रतिको सम्मोहन र त्यसको क्रमभङ्ग एवं उनको क्रमिक वैचारिक स्थानान्तरणको सुन्दर अभिलेख बन्न पुगेको छ। विचारलाई आख्यानको आनन्द प्रदान गर्ने गरी संस्मरणात्मक शैलीमा प्रस्तुत गरिएका चम्पारन ब्लुजका निबन्धहरू समाजप्रति उत्तरदायी विचारका एकीकृत स्वरूप हुन्। चम्पारन ब्लुजका संस्मरणात्मक निबन्धहरू पढ्दा बाल्यकालको झझल्को पाइन्छ। अर्किड बुक्सले प्रकाशन गरेको चम्पारन ब्लुजमा २३ वटा निबन्ध सङ्कलित छन्। सङ्ग्रहमा समाविष्ट माओवादी द्वन्द्वसँग सम्बन्धित र हजुरआमाको संस्मरणमा आधारित निबन्ध उत्कृष्ट छन्।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

भदौ १९ गते : अगस्त्योदय एकादशी, २१ गते : सोम प्रदोष व्रत, पञ्चदान, २२ गते : निजामती सेवा दिवस, २३ गते : कुसेऔंसी, गोकर्ण श्राद्ध, पितृसम्मान दिवस, विश्व साक्षरता दिवस।

### मेष

सोच्ने शक्ति एवं पराक्रम बढ्ने, अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता मिल्नेछ। सहयोगका हातहरू अघि बढ्नेछन्। प्रेम गर्ने अवसर पनि जुट्नेछ। अरूको मन जित्न सकिनेछ। परिवारका सदस्यहरूले समस्या सिर्जना गर्न सक्छन्। भाग्यले साथ दिनेछैन। खर्चको गति तीव्र हुनेछ।

### मिथुन

काममा सुधारआउनेछ। पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाउनुहोला। यात्रामा हुने भेटघाटले सफलताको मार्ग खोल्नेछ। पहिलो भेटमै धेरै सहयोगको तत्परता देखाउनेछन्। आइतबार र सोमबार घरेलु समस्याले सताउने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### सिंह

सानातिना समस्या आए पनि लक्ष्य पूरा हुनेछ। अरूको मन जित्न सजिलै सकिनेछ। अधुरा काम पूरा हुने तथा नयाँ काम हात पर्ने सम्भावना छ। ठूला व्यक्तिसितको अन्तरक्रियाले मनोबल बढ्नेछ। खर्च, विवाद एवं चिन्ता बढ्नुका साथै काममा अवरोध आउने योग छ। स्वास्थ्य गडबड रहनुका साथै लेनदेनमा विवादको सामना गर्नुपर्ला।

### तुला

साताको सुरु र अन्त्यमा नैराश्यता एवं उदासीनता बढ्नेछ। काममा बाधा उत्पन्न हुनुका साथै मन चिन्तित रहनेछ। अरूको काम धेरै गर्नुपर्ला। झुटा आरोप पनि लाग्न सक्छ। घरेलु समस्याले सताउनेछ। आइतबारदेखि बुधबारसम्म समय अनुकूल रहनेछ। मान सम्मान पाउनुहोला। झुटा आरोप लगाएर फसाउने प्रयास हुनसक्छ।

### धनु

मन प्रसन्न रहनेछ। नसोचेका काममा सफलता पाउनुहोला। भेटघाटमा मन रमाउनेछ। अरूले तपाईंको भरोसा गर्नेछन्। वैदेशिक कार्यमा मन जानेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ।साताको अन्त्यतिर स्वस्थ्य गडबड रहने, काममा अवरोध आउने तथा मन अशान्त हुने देखिन्छ।

### कुम्भ

समय मध्यम रहनेछ। काममा सफलता पाउन प्रतिस्पर्धा गर्नुपर्ला। सुरुमा गलत विचारले सताउनेछ। निर्णयको अभावमा काम रोकिन सक्छ। आफ्नो काममा भन्दा अरूको काममा समय बित्नेछ। धन आर्जन हुनुका साथै काममा सफलता पनि प्राप्त होला। भाग्यले पनि साथ दिनेछ भने महत्त्वपूर्ण काम पूरा हुनेछन्।

### वृष

सुरुमा विवाद बढ्नेछ भने धनमाल हराउन सक्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। विश्वास गरेकाहरूले धोका दिनेछन्। घरेलु समस्याले पनि सताउनेछ। मित्र बनेर धोका दिनेहरू प्रशस्तै हुनेछन्। आइतबारदेखि पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुनेछन्। भाग्यले साथ दिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### कर्कट

समय मध्यम रहनेछ। काममा सफलता पाउन निकै कसरत गर्नुपर्ला। खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। आइतबार र सोमबार मान-सम्मान पाइनेछ भने अरूको विश्वास जित्न सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। ठूला व्यक्तिले भरोसा गर्नेछन्।

### कन्या

मान-सम्मान पाउनुहोला। काममा सफलता मिल्नेछ। ठूला व्यक्तिले भरोसा गर्नेछन्। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। आफन्तहरूको सहयोग पनि पाइएला। मंगलबार र बुधबार खर्च, विवाद एवं चिन्ता बढ्नुका साथै काममा अवरोध आउने देखिन्छ।

### वृश्चिक

स्वास्थ्य कमजोर रहनेछ भने काममा अवरोध आउनाले मनोबल पनि खस्कनेछ। सानो काममा पनि सफलता पाउन निकै प्रयास गर्नुपर्नेछ। नैराश्यता एवं उदासीनताले मन-मस्तिष्कमा दरिलो डेरा जमाउनेछन्। हात परेको काम पनि फुत्कन सक्छ। मंगलबारदेखि मान सम्मान पाउनुहोला। रोकिएका कामहरू फुर्नेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### मकर

स्वास्थ्यको ख्याल साताभरि नै गर्नुपर्ला। सुरुमा परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर पनि जुट्नेछ। पराक्रम बढ्ने क्रम यथावत् रहनेछ। आफूमाथि महत्त्वपूर्ण जिम्मेवारी आउनेछ। मंगलबारदेखि समय प्रतिकूल हुनेछ। समयमा निर्णय नहँदा आफ्नो काममा अरूले नै डेरा जमाउनेछन्।

### मीन

साताको सुरुमा ग्रह प्रतिकूल रहनेछन्। घरेलु समस्याले सताउनेछ भने मित्र बनेर धोका दिनेहरू प्रशस्तै हुनेछन्। गलत विचार पनि बढ्नेछ। स्वास्थ्य गडबड रहनेछ। काममा तगारो लगाउनेहरू प्रशस्तै हुनेछन्। मंगलबारदेखि काममा सफलता मिल्नेछ भने भाग्यले साथ दिनेछ। वैदेशिक कार्यमा सफलता पाउनुहोला।

## राजनैतिक दलका फौजी संगठन

# आपराधिक हुँदैछ राजनीति



कृपा थापा

राजनैतिक दल एवं आपराधिक गिरोहहरूबीचको साँठगाँठमा जे-जति घटना भैरहेका छन् त्यसले प्रत्यक्ष रूपमा दण्डहिनतालाई प्रश्रय दिने काम गरेको छ। गुन्डागर्दी, धम्की, हतियारको अवैध ओसार-पसार, तस्करी, अपहरण, जाली नोटको कारोबार, हत्या आदि आपराधिक गतिविधिमा राजनैतिक दल एवं आपराधिक समूहहरूबीच घनिष्ठ सम्बन्धको चर्चा अहिले बढी नै हुन थालेको छ। संविधानसभाका प्रमुख दलहरूकै प्रत्यक्ष रोहवरमा यस्ता आपराधिक घटनाहरू चुलिँदै गएको आरोप लगाउनेहरूको कुनै कमी छैन।

विस्तृत शान्ति सम्झौता सम्पन्न भएपश्चात्को अवस्थालाई नियाल्ने हो भने पनि अपराधबाट कुनै पनि दलका कार्यकर्ता अछुतो देखिँदैनन्। कतिपय दल अपराधलाई प्रश्रय दिँदै दलभित्रै फौजी संगठन जन्माउन उद्यत् छन्। राजनैतिक दलहरू- संविधान निर्माण तथा देशमा शान्ति स्थापना गर्नुपर्ने दायित्वबाट पन्छिएर देशमा आपराधिक सञ्जाल विस्तार गर्न लागिपरेका हुन् कि भन्ने स्थिति पनि छ। राजनैतिक नेताहरूको प्रत्यक्ष हस्तक्षेपकै कारण नै दण्डहिनताको संस्कृति बढ्दै गएको छ। आपराधिक गिरोह, स्थानीय गुण्डातन्त्र एवं अन्तर्राष्ट्रिय आपराधिक गिरोहहरूलाई आफ्नो राजनैतिक स्वार्थका लागि पाल्ने काम गर्दैछन् हाम्रा कतिपय राजनैतिक दल एवं नेताहरू।

नेपालमा मात्र करिब २० वटा राजनैतिक दलको फौजी संगठन छन् भने नेपाल सरकारमा सूचीबद्ध सशस्त्र समूहको संख्या १ सय ७ छ। राजनैतिक एवं सामाजिक रूपमा युवाहरूलाई सक्रिय गराउन दस्ता खोलिएको बताइए पनि उनीहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आपराधिक गतिविधिमा संलग्न गर्ने वा गराउने कार्य भैरहेको पाइन्छ। राजनीति एवं सामाजिक रूपमा युवालाई सक्रिय गराउन दस्तामा भर्ना गरिएको बताए पनि कतिपय संगठनमा सैन्य तालिम दिने, मार्चपास गराउने र हतियार चलाउने प्रशिक्षण दिने काम पनि भैरहेको छ।

देशमा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी हुँदाहुँदै पनि यी राजनैतिक दलहरूले यसरी फौजीदस्ता खोल्नुको कारण के हो ? के सरकारी सुरक्षा निकायमा विश्वास नभएकै कारणले गर्दा आफ्नो सुरक्षाका लागि यी राजनैतिक दलहरूले फौजी दस्ता खोलेका हुन वा अपराधीलाई आश्रय दिदै सरकारी निकायलाई झुक्याउन यस्ता फौजीदस्ता खोलिएका हुन् ? शान्ति स्थापनाका लागि चर्को स्वरमा नारा लगाउने, कुर्सीकै लागि झै-झगडा, आरोप-प्रत्यारोप गर्ने राजनैतिक दलहरूले यसरी सैन्यदस्ता पालेर अपराधलाई संस्थागत गर्दै बढाउँदै लगेका कारण नै देशमा शान्ति स्थापना हुन सकेको छैन्। यति धेरै फौजी संगठन र सशस्त्र समूहहरू विद्यमान हुँदाहुँदै कसरी शान्ति स्थापना कसरी हुनसक्छ ?

मुलुकमा बढ्दै गएको अपराधको प्रमुख कारण केलाउने हो भने सञ्चार प्रविधि पनि जिम्मेवार छ। आपराधिक गतिविधिका लागि बढी प्रयोग गरिने सञ्चारको साधन मोबाइल फोन हो। नेपाल सरकारको सञ्चार मन्त्रालयको मातहतमा रहेका विभिन्न कम्पनीका मोबाइलका सिमको अनाधिकृत बिक्री वितरणका कारण अपराधीहरूले त्यसको दुरुपयोग गरी आपराधिक गतिविधि सञ्चालन गरिरहेका छन्।

मोबाइल कम्पनीहरूले अपराधीहरूको कल ट्र्याकिङ गर्ने प्रविधि विस्तार गरी सुरक्षा निकायलाई सहयोग गर्नुपर्ने हो, तर व्यावसायिक रूपमा खोलिएको यी मोबाइल सेवाले मोबाइल लिनेहरूको विवरण उपलब्ध गराउन सक्दैनन्। अर्कातर्फ सिमको दुरुपयोग माथि कडा कानुनी व्यवस्था पनि छैन। त्यसैले जहिले पनि अपराधीहरूको हातबाट विभिन्न कम्पनीका सिमकार्ड थानका थान बरामद हुने गरेका छन्। अपराधीहरूको हातबाट यी मोबाइलका सिमहरू बरामद हुँदा पनि राज्यले ती कम्पनीलाई कारबाही गर्न नसक्नु एवं सुरक्षाको नयाँ प्रविधि भित्र्याउन नसक्नु नै अपराध बढ्नुको मुख्य कारण हो। विवरण उपलब्ध गराउन नसक्ने तर हरेकको हातमा मोबाइल देख्ने चाहनाले ओतप्रोत यी व्यावसायिक कम्पनीहरूको गतिविधि पनि अब सुरक्षा निकायको निगरानीमा रहनुपर्छ।

अपराध नियन्त्रणका लागि मिडियाको पनि महत्त्वपूर्ण भूमिका छ, तर मिडियाको सदुपयोग नभएकै कारणले मिडियाले अपराध र अपराधीलाई पहिचान गर्न सकेको छैन्। कुनै समयमा आपराधिक गतिविधि एवं गुण्डागर्दी गरेर हिँड्ने व्यक्तिहरू आज सम्बन्धित निर्माता बनेका छन्।

त्यस्ता व्यक्तिहरूको प्रचार-प्रसार बढी गरिन्छ जसको पृष्ठभूमि नै आपराधिक छ। इमान्दार नेताहरू अझै पनि ओझेलमा परेका छन्। हिजोको दिनमा विभिन्न आरोपमा अपराधी कहलिएकाहरू आज उच्च राजनैतिक पदमा छन्। के ती व्यक्तिहरूबाट शान्ति स्थापना हुन्छ भनेर चित्त बुझाउने वा ढुक्क हुने कुनै बाटो छ ? राजनैतिक दलैपिच्छे फौजीदस्ता खडागरेर जनतालाई थप प्रताडित गर्ने काम भैरहेको छ। एकातर्फ नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी छ जसले अन्तर्राष्ट्रिय चलन एवं मान्यताअनुरूप नै अपराधीहरूलाई न्यायोचित सजाय दिने, अपराध उन्मुलनका कार्यहरू गर्छ तर जिम्मेवार राजनैतिक दलहरूको संरक्षकत्वमा हुर्कदै गएका यी फौजीदस्ता गठनको कारण के हो ?

शान्ति र संविधानको कुरा गर्ने राजनैतिक दलहरूले फौजीदस्ता राख्नु न्यायसंगत छैन। यदि राजनैतिक एवं सामाजिक रूपमा युवाहरूलाई सक्रिय गराउन फौजीदस्ता खोलिएको हो भने वैचारिक प्रशिक्षण दिनुपर्छ। युवाहरूलाई चेतनामूलक एवं प्रयोगात्मक कार्यक्रमहरूमा संलग्न गराउनुपर्छ। जिम्मेवार राजनैतिक दलहरूको गैरजिम्मेवारीपनले कहीँ-कतै-कोही सुरक्षित छैनन् भने यस्ता दलहरूले शान्ति र संविधानको कुरा गरेको शोभा दिँदैन्। नागरिक समाजका अगुवाहरूले पनि काठमाडौंलाई मात्र नेपाल मानेका छन्। तराईमा बढ्दै गएको आपराधिक गतिविधितर्फ नागरिक समाजको आँखै पुग्दैन। हत्याहिंसा बढिरहेको छ, मानवअधिकार हननका घटनाहरू बढ्दै गएका छन्, तर नागरिक समाज फौजी संगठन खोल्ने राजनैतिक दलहरूसँगै बसेर शान्तिको वकालत गरिरहेका छन्।

संविधान बनाउँछु, शान्ति-सुव्यवस्था कायम गर्छु भनेर जनतालाई आश्वस्त पार्ने जिम्मेवार राजनैतिक दलहरूले फौजी संगठन राख्नु भनेको संविधानकै उल्लघंन गर्नु हो। यस्ता राजनैतिक दलहरू दम्भ र हतियारको आडमा काम गर्छन्। यदि यी राजनैतिक दलहरू लोकतन्त्रका पक्षधर हुन् भने यिनीहरूले आफ्ना फौजीदस्ता विघटन गर्नुपर्छ। विचारलाई पहिलो प्राथमिकता दिएर मुलुकमा शान्ति स्थापना गर्नुपर्छ। हतियारको दम्भ देखाएर जनतालाई तर्साउने-लुटने काम गर्नु हुँदैन।

मधेसका २० जिल्लामा मधेसीकै नामको ४० भन्दा बढी सशस्त्र समूह छन्। मधेसवादी पार्टीको नाममा ८ वटा फौजी संगठन छन्। नेपाल सरकारले ७० भन्दा बढी सशस्त्र समूह मधेसमा सक्रिय रहेको आंकलन गरेको छ। नेपालीको धन-धर्म-शान्ति र जीवनलाई संकटमा पारेर खुलेका यस्ता फौजी संगठनहरू सिंगो नेपालभरि ताण्डव गरिरहेका छन्। राजनीतिको आडमा आपराधिक क्रियाकलापमार्फत पैसा कमाउने प्रवृत्तिले नेपाललाई अशान्त र नेपालीलाई अक्रान्त बनाएको कुरा अब कसैबाट लुकेको छैन।










● सम्पादकीय ●

# अशोभनीय व्यवहार

डावर नेपालका केही उत्पादनका सम्बन्धमा सन्देह व्यक्त गर्दै केही पत्रपत्रिकामा समाचार प्रकाशित भएको सन्दर्भमा काठमाडौंस्थित भारतीय दूतावासबाट नेपाली प्रेसको सार्वभौम अधिकारमाथि नै प्रहार हुने गरी जारी वक्तव्य अहिले सर्वत्र चिन्ता र खेदको विषय भएको छ । दूतावासबाट आफ्नो कार्य क्षेत्र र अधिकारभन्दा बाहिर गएर जसरी नेपाली सञ्चारजगत्लाई लाञ्छित गर्ने काम भएको छ, त्यो निन्दनीय छ र अहिले त्यसकै परिणामस्वरूप उठेको प्रतिक्रियामा नेपालस्थित भारतका मित्रहरू नै भन्न थालेका छन्– नेपाल–भारतबीचको घनिष्ठ मित्रतालाई थप खलबलिन नदिन भारतीय राजदूत राकेश सुदलाई भारत सरकारले फिर्ता बोलाउनुपर्छ ।

भारतीय राजदूतावासको वक्तव्यका सन्दर्भमा नेपालमा देखिएको एक राय के हो भने राजदूतावासले आफ्नो कूटनैतिक अपरिपक्ता देखाएको छ । त्यस्तो अपरिपक्वता जुन संसारकै सबैभन्दा ठूलो प्रजातान्त्रिक मुलुक सुहाउँदो छैन । यसले नेपाली प्रेसजगत्मा अनहकमा रोष उत्पन्न गरेको छ । त्यसले नेपाल–भारतबीचको लामो सम्बन्धमा नै दीर्घकालीन असर नपरोस भनेर सम्बद्ध सबै पक्ष समयमै सचेत हुनुपर्छ ।

नेपालमा उत्पादन वा बिक्री–वितरण हुने कुनै पनि उपभोग्य सामग्री आमजनताको स्वास्थ्य र हितसँग प्रत्यक्ष गाँसिएका कुरा हुन् र तिनका बारेमा सार्वजनिक चिन्ता–चासो हुनु पनि स्वाभाविक हो । त्यसलाई नियमन गर्न नेपालमा अनेकन् निकाय स्थापना भएका छन् । सार्वजनिक सञ्चारमा आएका सन्देह, आरोप वा चासोलाई आधिकारिक निकायहरूको तथ्यगत रिपोर्टले मात्र सम्बोधन गर्न सक्छ । यस्तो स्थितिमा खाद्य प्रयोगशालाले गर्ने काम राजदूतावासले गर्नु भनेको आफैंमा हास्यास्पद हो । यसलाई अनपेक्षित, अपरिपक्व एवं अमर्यादित पनि भन्न सकिन्छ ।

यो विषयले नेपाल–भारतबीचको अटुट मित्रतालाई खलबल्याउनु हुँदैन भन्ने कुरामा दुईमत हुन सक्दैन, तर कूटनैतिक मर्यादा उल्लंघन गरेर त्यस्तो सम्बन्ध बिथोल्ने कुचेष्टा पनि क्षम्य हुन सक्दैन । जब आफ्नो मातहतको कुनै निकायबाट त्यस्तो व्यवहार हुन्छ भने भारत सरकार किन गम्भीर हुँदैन ? के भारत सरकारले राजदूत सुदलाई नेपालमा भारतविरोधी भावना भड्काउन पठाएको हो ? यदि होइन भने राजदूत सुद भारत राष्ट्रका राजदुत हुन् कि कुनै टुथपेस्ट वा जुस कम्पनीका ब्राण्ड एम्बेसडर ?

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।

● चिठीपत्र ●

## मित्रताको सीमा हुँदैन




एच. विरमिचेलले भनेका छन्– त्यस्तो मानिसले बाँच्ने कला जानेको हुँदैन, जसले नयाँ मित्र बनाउन सक्दैन । मित्रता गाँस्ने चलन धेरै पहिलेदेखि चलिआएको हो । धार्मिक प्रतीकहरू क्रमशः राम र सुग्रीव, कृष्ण र सुदामाको मित्रताले, मित्रतामा मानिस र जनावर, गरिब र धनीको बीचमा भेद नहुने कुराको संकेत गर्छ । कहिलेकाहीं नवजात शिशुलाई बोक्दा पनि हामीभित्र मित्रताको भाव उर्लन्छ । शिशुसँग उर्लिएको मित्रतालाई आख्यानको रूप दिने कथाकार भवानी भिक्षुको कथा 'मेरो सानो साथी' को सारले भन्छ- मित्रतामा उमेरको कुनै सीमा रहँदैन ।

मित्रताबाट आत्मविश्वास बढ्छ । हरेक दुःख-सुख मित्रसँग बाँड्दा मन हल्का र चंगा हुन्छ । चाहे सुख होस् वा दुःख मित्रलाई बाँड्ने मनसायमै मित्रता गाँसिएको पाइन्छ । केवल सुखमा साथ दिएर दुःखमा टाढा हुनेहरू सच्चा मित्र हुँदैनन् । त्यस्तो मित्रता क्षणिक हुन्छ । मित्रतालाई जीवनको आरोहले होइन, अवरोहले परीक्षा लिएको हुन्छ, हाँसोले होइन, आँसुले जाँचेको हुन्छ । धोका दिने मित्र, मित्रताका लागि कहिल्यै पनि स्वीकार्य हुँदैनन् । यसकारण मित्रता सहयोग, सदभावना, सहानुभूति र शुभेच्छा यी चार 'स' को जगमा टिकेको हुन्छ ।

अहिले प्रविधिको विकास र इन्टरनेटमा गाँसिने क्षणिक र सस्तो मित्रताले, मित्रताको भाव सस्तो हुँदै गएको परिप्रेक्ष्यमा प्रविधिलाई चुनौती दिएर साँचो मित्रता गर्नेहरू पनि नभएका होइनन् । तिनीहरूको नजरमा मित्रतामा, मित्रताको रूप रावणका टाउकाजस्तो विविध छैन, एउटै छ, त्यो हो– समर्पण ।

साथीहरूको विश्वास जित्नु आफ्नो अभीष्ट हुनुपर्छ । मित्रता जीवनमा त्यति नै आवश्यक छ, जति जीवनका लागि अक्सिजनको खाँचो छ । मित्रता भएन भने संसारमा रस रहँदैन । आज संसारमा बोझिलो मन हल्का हुनुमा मित्रताकै भूमिका छ । मित्रतामा एक-आपसको सहयोग र सहारा हुन्छ ।

संसारलाई कहिल्यै अनुभूत नगरेको अन्धोले पनि जीवनमा मित्रता गाँसेको हुन्छ । अन्धोसँग अन्धोले मित्रता गाँस्दा मानिसहरू उपहास गर्दै बोल्लान्, यस्तो मित्रताको के मूल्य ? अन्धाहरू पनि मित्रको हात समातेर जीवनयात्रामा अघि बढिरहेका हुन्छन् । उनीहरूका लागि सेतो छडीभन्दा मित्रको हात बढी विश्वासिलो हुन्छ ।

मित्रता यस्तो चीज हो, जसमा धन, रूप, रंग, स्तर, जात र भूगोलको कुनै सीमा हुँदैन । मित्रता लाउँदा यो कुरा मनन गर्नुपर्छ कि रगत सबैको रातै हुन्छ । आँसुको भावमा कुनै भिन्नता हुँदैन । ढुंगाको मन्दिर, ढुंगाको इश्वर र प्रार्थनामा कुनै भिन्नता छैन । सम्पूर्ण विभेदलाई वेवास्ता गरिएको मित्रता दिगो र चीरस्थायी हुन्छ । आफ्नो मित्रको अनुहारमा नाँचेको भावभङ्गिमा पढेर उसको आन्तरिक वेदनालाई स्पर्श गर्न सक्नुपर्छ । आँसुको रंग चिन्नु ठूलो कुरा होइन, आँसुको भावसित परिचित हुन सक्नुपर्छ ।

आज गाँसिने मित्रता क्षणिक र मनोरञ्जनले प्रेरित भएको पाइन्छ । पत्रमित्रतामा पनि स्पष्ट, मित्रताका लागि सर्तहरू राखिएको हुन्छ । केटी साथीले पत्राचार गर्न सक्ने र अविवाहित साथीले मात्र पत्राचार गर्न सक्नेजस्ता छेको लगाएर मित्रताको परम्परागत मर्यादा र गरिमालाई नै धुलिसात बनाएको छ ।

के मित्रता धन प्राप्तिका लागि गरिन्छ ? के मित्रता यौन प्राप्तिका लागि गरिन्छ ? मित्रताको इतिहास खोतल्ने हो भने रामजस्ता देवताले सुग्रीवजस्तो बाँदरसँग मितेरी गाँसेको पाइन्छ । इतिहासका यस्ता प्रतीकहरू हाम्रा लागि पाठशाला हुनुपर्छ । सभ्यता र प्रविधिको विकासले खिइँदै गएको मित्रतामाथि यस्ता प्रतीकहरू चुनौती हुन् । मित्रता लाउँदा मित्रको आँसुसम्म पुग्नैपर्छ । हृदयबाट नलाइएको मित्रता कागजको फूलजस्तो बास्नारहित हुने मात्र होइन, धोका र छलमा पुगेर समाप्त हुन्छ ।

**–प्रेमकृष्ण श्रेष्ठ, कीर्तिपुर**

● तीतो सत्य ●

● पुस्तकको कीरा कहिल्यै गुह्येकीरा बन्दैन, ऊ त संसारकै अमूल्य मोती बन्छ ।

● चाहे सकारात्मक होस् वा नकारात्मक जुनसुकै पुस्तकले पनि केही न केही शिक्षा अवश्य दिन्छ ।

● धेरै मह चाट्नुभन्दा यौटा गतिलो ग्रन्थ निल्नु अमृतपान हो ।

**राजेन्द्रप्रसाद पन्त**

● सुख खोज्ने मानिसले सधैं सन्तोष मान्नुपर्छ ।

● असल चालचलन नै शिक्षित व्यक्तिको लक्षण हो ।

● अर्काको कुरा गर्न छोड सभ्य र असल बन ।

● शत्रुको हँसाइभन्दा मित्रको आँखातराइ राम्रो हुन्छ ।

**भाइ विवेक**

● ऋतु फर्की आउँछ तर समय फर्की आउँदैन, समयको सदुपयोग बेलैमा गर्न जान्नुपर्छ ।

● मुखमा मह हुनेको पेटमा विष हुनसक्छ । यस्ता मानिसबाट सावधान रहनुपर्छ ।

**रामेश्वर सिलवाल**

● इमान्दारिता, सहयोगी भावना र उपकारलाई आत्मसात् गर्न सकियो भने जीवन यात्राको सार्थकता सावित हुन्छ ।

**अज्ञात बूढो**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***–सम्पादक***

● सहर चर्चा ●



## समाजसेवी ब्युटिसियन

५ वर्ष हङकङमा र २० वर्ष पोखरामा ब्युटिपार्लर व्यवसाय गरिसकेकी रानीपौवा, पोखराकी मीना गुरुङको पहिचान केवल व्यापारमा मात्र सीमित छैन । उनी समाजसेवी पनि हुन् । गएको वर्षदेखि मीनाले परोपकार ब्युटी सैलुन एन्ड इन्स्टिच्युट खोलिन् । एकल महिला, लागूपदार्थबाट छुट्कारा पाएका महिला तथा तेस्रो लिंगीहरूलाई यो इन्स्टिच्युटबाट निःशुल्क तालिम प्रदान गरिन्छ । यति मात्र होइन, पोखराआसपासका क्षेत्र तामाङ बस्ती, दुलेगौंडा, भीमादसँगै स्याङ्जा, गोर्खा तथा लमजुङ जिल्लामा गएर त्यहाँका ब्युटिसियनहरूसँग आफूमा भएको ज्ञान पनि बाँड्दै छिन् । गोर्खा भूतपूर्व महिला संगठनकी पूर्व अध्यक्ष, गोर्खा सञ्चार सहकारीकी अध्यक्ष, तमु सञ्चारकर्मी संघकी कोषध्यक्ष, सूर्यदर्शन बचत ऋण तथा सहकारीकी उपाध्यक्ष पद सम्हालेकी मीनाले विभिन्न ठाउँका समस्यामा परेकाहरूलाई व्यक्तिगत र संस्थागत तवरबाट सहयोग पनि रकम प्रदान गर्दै आएकी छिन् । विवाह लगत्तै श्रीमान्सँगै हङकङ पुगेपछि ब्यिुटिसियनसम्बन्धी तालिम लिएकी हुन् ।

## मोडलिङबाट सामाजिक सेवा



कीर्तिपुर स्थायी घर भएकी जसमिन महर्जन नेपाली मोडलिङ क्षेत्रमा नयाा नाम हो । फुर्सदमा नयाा-नयाा पोजमा तस्बिर खिच्नु तथा बास्केटबल खेल्नु उनको रुचि हो । मोडलिङको औपचारिक तालिम लिइरहेकी जसमिनलाई मोडलिङबाटै सामाजिक सेवा गर्ने इच्छा छ । उनको एउटै उद्देश्य छ– मोडलिङलाई नेपाली समाजमा मर्यादित पेसाका रूपमा चिनाउने । मानिसहरू उनको सुन्दरताको व्याख्या गर्दा उनी मदरटेरेसाको सुन्दरताको व्याख्या गर्छिन् । ५ फिट ३ इन्च अग्ली जसमिन बाहय र आन्तरिक सुन्दरतालाई उत्तिकै प्राथमिकता दिन्छिन् । उनमा अध्ययनका कारण मोडलिङमा कस्सिएर लाग्न नसकेको दुखेसो छ । केही नेवारी म्युजिक भिडियोमा काम गरिसकेकी जसमिन केही समयमै नेपाली भाषाका गीतका भिडियोमा पनि काम गर्ने सोचमा छिन् ।

● साइबर गर्ल ●

● मुखाले ●

दलहरूबीचको आपसी अविश्वासका कारण लोकतान्त्रिक संस्थाहरू धरापमा पर्दैछन् ।

**राष्ट्रपति डा. रामवरण यादव**

धार्मिक एवं सांस्कृतिक राजतन्त्रको चर्चाले माओवादी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राजतन्त्र ब्युँताउन त लागेको होइन भन्ने आशंका उब्जिएको छ ।

**प्रधानमन्त्री माधवकुमार नेपाल**

कांग्रेसले माने उम्मेदवारी फिर्ता लिएर सहमति खोज्छौं ।

**पुष्पकमल दाहाल**

सहमतिको बाधक माओवादी नै हो ।

**सुशील कोइराला**

अब प्रचण्डको नेतृत्वमा सहमतिको सरकार बन्नै सक्दैन ।

**गोविन्दराज जोशी**

शब्द ख्याल गरेर बुझ्नुस्, सेना समायोजन होइन, लडाकु समायोजन र पुनःस्थापनाको कुरा शान्ति सम्झौतामा उल्लेख गरिएको छ ।

**रक्षामन्त्री विद्या भण्डारी**

एमालेले माओवादी एजेन्डा बोक्यो ।

**मोहन विक्रम सिंह**

नेपालीहरू राजसंस्थाहरूप्रति फेरि आस्थावान हुन थालेका छन्, परिस्थितिले गर्दा यस्तो भएको हो, हाम्रो खुबीले होइन ।

**पूर्वयुवराज पारस शाह**

हामीलाई विभाजन गर्ने सपना नदेखे हुन्छ ।

**नारायणकाजी श्रेष्ठ**

# जीवनको अर्थ भीडमा हराउनु होइन

उनी योजना आयोगमा छैनन्, न त नीति-निर्माण तहमै छन्। कुनै पदमा नरहे पनि देशको विकास कसरी गर्नुपर्छ, उनले प्राक्टिकल रूपमै गरिरहेका छन्। ३० वर्षको उमेरमै दुई सय वर्ष पुरानो घरलाई आकर्षक नेपाली घर बनाएर युनेस्को संरक्षण पुरस्कार प्राप्त गर्ने पहिलो नेपालीका रूपमा उनले आफूलाई अन्तर्राष्ट्रिय रूपमा परिचित गराइसकेका थिए। पुरस्कार पाएको एक दशकयता उनले करिब ५० वटा घरको जीर्णोद्धार गरिसकेका छन्। आगामी २० वर्षभित्र पनौती सहरलाई नेपाली सहरमा रूपान्तरणमा लागेका रवीन्द्र पुरीले प्रत्येक वर्ष एक-एकवटा सामुदायिक विद्यालय निर्माण गरेर ग्रामीण क्षेत्रको पनि सेवा गरिरहेका छन्। उनकै नेतृत्वमा सन् २०११ देखि प्रत्येक वर्ष दुईवटा यस्ता सामुदायिक विद्यालय निर्माण हुनेछन्। उनी युवाहरूका लागि निःशुल्क तालिम केन्द्र सञ्चालन गरेर उत्पादित जनशक्तिलाई रोजगारी पनि दिइरहेका छन्। प्रारम्भ भएका योजना सञ्चालन गर्न आर्थिक अभाव नहोस् भनेर उनले आफ्नै नाममा फाउन्डेसन खडा गरेर करोडौं रुपैयाँ दान दिएका छन्। जसले वैकल्पिक चिकित्सा, युवालाई रोजगारी, प्राचीन सम्पदाको संरक्षणजस्ता काम गरिरहेको छ। जर्मनीको सरकारी कार्यक्रम जीटीजेडमा नेपाल प्रमुखका रूपमा आकर्षक जागिर एवं सम्पन्न जीवन छोडेर उनी यो क्षेत्रमा होमिएका हुन्।



रवीन्द्र पुरी, विकासविद् एवं जीर्णोद्धारकर्ता

**युवा अवस्थामै तपाईं दान, सेवा र विकास-निर्माणमा लाग्नुभयो, अहिलेका युवाहरूको शैली हेर्दा त अलि अनौठो देखियो नि ?**

दान, धर्म, सेवा, विकास-निर्माण एवं रोजगारीका काम युवा अवस्थादेखि नै गर्ने हो। आफू जहाँ, जुन अवस्थामा छ, त्यहीँबाट यस्ता काम सुरु गर्नुपर्छ। सम्पन्न व्यक्तिहरूले दान, धर्म गर्न बुढेसकाल नै पर्खनुपर्छ भन्ने छैन।

**यस्तो काम गर्न भएको लाखौं रुपैयाँ तलब एवं सम्पन्न जीवनशैली छाड्नुपर्छ र ?**

मभित्र जुन कलाकार थियो, जीटीजेडको जागिरले मरिरहेको थियो। कलिलो उमेरमै जीटीजेडको हाकिमका रूपमा मैले जे प्राप्त गरेको थिएँ, त्यो सबैका लागि आश्चर्यको विषय थियो। म पनि त्यसमै रमाइरहेको थिएँ। सधैं नीलो प्लेटको महँगो गाडीमा हिँड्दा मेरो प्रकृति र संस्कृति कसरी विनाश भैरहेको छ भन्ने मैले चालै पाइन। एक दिन म पाटनको भित्री सहरमा पैदल हिँडिरहेको थिएँ, त्यसबेला पो मलाई थाहा भयो, प्राचीन घर भत्काएर चौक नै मिचिने गरी आधुनिक घर बनिरहेका छन्। जुन चौक र घर हेर्न विदेशीहरू नेपाल आइरहेका छन् त्यो नै मासिएपछि उनीहरू किन आउँछन् ? त्यसै दिन मलाई लाग्यो, हाम्रो संस्कृति र प्रकृति जोगाउनु नै मेरो कर्तव्य हो। जागिर नछोडि यति ठूलो काम गर्न सम्भव थिएन।

**धेरै मानिस यस्ता धेरै कुरा भत्किएको, बिग्रिएको देखिरहेका हुन्छन्, तर उनीहरू ती कुरामा अरूलाई दोष दिएर पन्छिछन्, किन ?**

किनभने सबैलाई जीवनको अर्थ थाहा हुँदैन। जुन दिन मानिसलाई मोक्ष प्राप्ति हुन्छ, त्यसै दिन उसले बिग्रिएको कुरा मैले नै गर्न सक्छु भन्ने थाहा पाउँछ। हामी धेरैजसो समय राम्रा र ठूला काम अरूले गर्नुपर्छ, हाम्रो काम पारिवारिक दायित्व पूरा गर्ने मात्र हो भन्छौं। इन्लाइटमेन्ट (मोक्ष) को अनुभूति नहँदा मानिस अरूलाई दोष दिन्छन्।

**मैलेचाहिँ मोक्ष प्राप्त गरिसकें भन्ने तपाईंको दाबी हो ?**

हो, यसलाई तपाईं जीवनको महत्त्व मैले बुझिसकें भन्ने अर्थमा लिन सक्नुहुन्छ। यद्यपि मोक्ष भन्नाले आध्यात्मिक नै हुनुपर्छ भन्ने छैन।

**कसरी हुँदो रहेछ मोक्षको अनुभूति ?**

म मूर्तिकलामा स्नातकोत्तर अध्ययन गर्न छात्रवृत्ति पाएर जर्मनी गएको थिएँ। बीचमा केही समय छुट्टी हुने भएकाले अन्य विषय अध्ययन गर्न चाहें। त्यहाँ एउटा 'विकास नीति' नामक स्नातकोत्तर तहको आकर्षक विषय पढ्न पाइने रहेछ। त्यसको पाठ्यक्रम अविकसित राष्ट्रलाई कसरी विकास गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित थियो। मैले त्यही विषय अध्ययन गरें र रिसर्चका लागि नागपुरको गरिब बस्तीमा पुगे। एक रात सुतिरहेको बेला त्यो बस्तीमा यसरी बाढी पस्यो कि ती गरिबको लगाउने कट्टुसमेत बगाइदियो। मैले पनि त्यही हविगत भोग्नुपर्‍यो। त्यसबेला मलाई चरम गरिबीको यथार्थ थाहा भयो। त्यो मेरो पहिलो इन्लाइटमेन्ट थियो।

जब मैले विकास नीतिमा जर्मनी टप गरें, जीटीजेडले मलाई भेटेर नेपाल प्रमुखको जागिर अफर गर्‍यो। किनभने यो विषयमा जर्मनी टप गर्ने म पहिलो विदेशी विद्यार्थी थिएँ। जीटीजेडका लागि म योग्य उम्मेदवार थिए। जे होस्, जागिर खाँदै जाँदा एकपटक म दिल्लीबाट काठमाडौं आइरहेको थिएँ, प्लेनमा आएको गडबडीले ११ घण्टा आकाशमै चक्कर काट्नुपर्‍यो। सुरुमा मौसममा खराबी आयो भनेर ल्यान्ड नभएको भनियो, तर केही बेरमै प्लेन ल्यान्ड गर्नै नमिल्ने गरी बिग्रिएको कुरा थाहा भयो। यो ११ घण्टाभरि पाइलटहरू त्यसलाई ठीक गर्न थाले। नेपाल र भारतका आकाशभरि घुमिरहने, पाइलटहरू प्लेट बनाउन सकिन्छ कि भनेर ट्राई गरिरहने तर प्लेन चल्ने तेल सकिने अवस्थाले यति धेरै तनाव भयो कि हामीले मृत्युलाई पूर्ण रूपमा स्वीकार गर्‍यौं। मृत्युपछिको शून्यता यति प्रस्ट भयो कि त्यसबाट बाँच्दा पनि जीवनलाई सार्थक काममा नलगाउनु आफूलाई धोका दिनु थियो। त्यतिबेला मलाई दोस्रोपल्ट इन्लाइटमेन्ट भयो।

**अनि तेस्रोपल्ट पाटनको गल्लीमा....?**

पाटनको गल्ली त जागिर छाड्ने बहाना मात्र थियो। जब ११ घण्टापछि प्लेन सजिलै ल्यान्ड भयो र हामी सबै बाँच्यौं, त्यही बेला अरूले के निर्णय गरे थाहा छैन, तर मैले जागिर छाडेर समाज परिवर्तनमा लाग्ने निर्णय गरें। म जीवनमा के गर्न सक्छु भनेर अध्ययन मात्र गरिरहेको थिएँ, ठ्याक्कै पाटनमा पुराना घर र आकर्षक चोक नासेर अनाकर्षक घर बनेको देखें।

**भत्किएका पुराना घर नै किन रोज्नुभयो, जब कि कानुन पढेको हिसाबले देशको बिग्रँदै गएको नियम-कानुन बनाउनतिर पनि लाग्न सक्नुहुन्थ्यो ?**

मैले बुबाको करले कानुन पढे पनि त्यो मेरो रुचिको विषय थिएन। मैले बुबालाई थाहा नदिई ललितकलामा नाम लेखाएको थिएँ। त्यही रुचिका कारण मैले ललितकला पनि टप गरें। मानिसलाई त्यही कुरामा रुचि हुन्छ, जुन आत्माले अऱ्हाउँछ। नेपालको बिग्रिएको नियम-कानुन बनाउन अरू नै जन्मिएका होलान् वा जन्मिएलान्। म भने देशको प्रकृति र संस्कृति बचाउन जन्मिएको हुँ।

**ती दुई घटना नघटेका भए तपाईंलाई यो अवस्थामा भेटिने थिएन ?**

मलाई लाग्छ, सबै मानिसलाई ईश्वरले प्रत्येक दिन ऊ किन जन्मिएको हो भन्ने संकेत दिन्छन्। मात्र आफूले बुझ्न सक्नुपर्छ। मैले पनि ढिलो-चाँडो यो कुरा बुझ्नेवाला थिए। किनभने जब-जब म विदेशबाट नेपाल फर्कंदा प्लेनको झ्यालबाट हेर्छु, मेरा आँखाबाट अनायसै आँसु झर्न थाल्छन्। म दाबाका साथ भन्न सक्छु, नेपालको जस्तो ल्यान्डस्केप संसारमा कतै छैन। म कलाकार पनि भएकाले यो दाबी गर्न सक्छु। दुई-चार वर्ष ढिला हुन्थ्यो होला, तर म यही क्षेत्रमा आइपुग्थें। किनभने अरू काम गर्दा जति पैसा कमाए पनि जति विदेश घुमे पनि मनमा शान्ति थिएन। अहिले अपार आनन्द छ।

**जब जागिर छाड्नुभयो, पहिलोपल्ट के गर्नुभयो ? अर्थात् कसरी आफ्नो कामलाई अघि बढाउनुभयो ?**

मेरो घरको छेउमा २ सय वर्ष पुरानो एउटा घरमा कुखुरा पालिएको थियो। विदेशमा त्यस्ता घरलाई म्युजियम बनाइएको देखेको थिए। जागिर छाड्दा जति पैसा पाएको थिएँ, त्यही पैसाले त्यो घर किनेर त्यसलाई नेपाली घर बनाएँ। घरभित्र ती सबै सामग्री राखें, जुन एउटा परम्परागत नेपाली घरमा प्रयोग हुन्छ। उक्त घर यति आकर्षक भएछ कि युनेस्कोले लाखौं रुपैयाँको पुरस्कार दियो। त्यसपछि त्यही पैसाले पुराना घर जीर्णोद्धार गर्दै हिँडें। अहिलेसम्म ५० वटा पुराना घरलाई त्यही शैलीमा बनाइसकेको छु।

**पनौती सहरलाई नै पुनर्निर्माण गर्ने महत्त्वाकांक्षी योजना सार्वजनिक गर्नुभएको छ, एक्लो व्यक्तिले सहर नै पुनर्निर्माण गर्ने कुरा सम्भव छ र ?**

एक-एकवटा घर बनाएर आफ्नो नाम कहिले राख्ने ? किनभने म ४० वर्ष पुगिसकें। यदि सहरलाई

पृष्ठ २७ मा जारी

RJ VJ MC
उद्घोषण तालिम
रेडियोकर्मीद्वारा सञ्चालित उद्घोषण तालिम केन्द्र
ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
मृदुला खनाल | मुनाल शिशिर | रबि थापा
सन्तोष खनाल | केशबजङ्ग पाण्डे | नबिन लुँइटेल
हिरामणि तिमल्सिना | मधु नेपाल | R.D. श्रृंखला
रू१०००/ छुट
BIKALPA THE OPTION फोन: ०१-२२९०१६८, ०१-४२४१७०९
बागबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

तु. आवश्यकता
UK/USA को Computer Project लाई नेपालमै बसी काम गर्ने कर्मचारी आवश्यकता। Basic computer + Email/Internet जान्ने।
तलब: १६,५००/-
संख्या: १३ जना मात्र
योग्यता: SLC + Above
सम्पर्क: 01-2296930, 9741256070, 9803075981 बागबजार
नोट: पहिला आउनेलाई पहिलो प्राथमिकता दिइनेछ।



एक दशक देखि निरन्तर प्रतिबद्ध नेपाल का प्रसिद्ध रेडियो कान्तिपुरका प्रस्तोता तथा Most Demanded Public Speaker/RJ/ MC/Terai T.V. का VJ नेपालका ३५ जिल्लामा तालिम दिएका Master Trainer "हेम सुबेदी" तपाईंलाई आफ्नै अत्याधुनिक Studio मा स्तरिय तालिम दिएर Qualified Professional बनाउनु हुनेछ। अन्यत्र नझुक्किनुहोस्।
दशैं अगाडीको Sp. Package
Boom Media — Grooms Media Tycoon — Hurry up! Call Now or Never...
Boom Media
Baghbazar, Ktm., Nepal
4260125, 9841666875

Admission open in
BFD
3 Years BACHELOR OF FASHION DESIGN
Be a part of Fashion Excellence at
Nepal's First Graduate Fashion College (Co-education)



www.namuna.edu.np
NAMUNA College of Fashion Technology
Affiliated to PURBANCHAL UNIVERSITY, Biratnagar
Articulated with Raffles Design Institute, Singapore
Raffles College of Design and Commerce, Sydney, Australia
Bansbari, Kathmandu, Nepal. GPO Box 8975, EPC 4144
Tel.: 4377201, 4377897, E-mail: ncft@wlink.com.np
8 YEARS SUCCESS

WORK & STUDY IN CANADA
Beautician Course
COURSES OFFERED:
> Diploma in Hairstyling
> Diploma in Esthetics (Skin Care)
SLC Passed and Above Can Apply
TOURIST VISA
JAPAN KOREA ITALY
DENMARK PORTUGAL POLAND
GERMANY SPAIN NORWAY
FRANCE SWEDEN AUSTRIA
1 year course @ NPR 5.5 lakhs
EXTRA INTERNATIONAL Educational Consultancy Pvt. Ltd.
Opposite to NCC Bank Bagbazar Kathmandu Nepal
Email:info.extraedu@gmail.com URL : www.extraedu.com
For More Details 014244190 014242809



आवश्यकता
Animal टोपी-मिटनमा भर्न जान्ने, काँटी-क्रुसले बुन्न जान्ने, निटिङ्ग मेशिन र JUKI सिलाई मेशिन चलाउन जान्नेहरुले
सम्पर्क:
रेणु, समय: ९-५ बजे (शनिवार बन्द)
फोन: ४२६९७०१, ४२१२१८४



# +२ पछिको गन्तव्य

● सुदिप लामिछाने

प्लस टु अध्ययन पूरा गरी उज्ज्वल भविष्यका निम्ति नयाँ कलेजको खोजीमा रहेका सम्पूर्ण विद्यार्थी एकपटक अब कुन कलेज र कुन विषय पढ्ने भन्ने समस्यामा अल्भन्छन्। आफ्नो करियर राम्रो बनाउन मरीमेटेका विद्यार्थी उत्कृष्ट कलेज, उत्कृष्ट विषयको खोजीमा हुन्छन्। विभिन्न संकायमा प्लस टु सकेका विद्यार्थी विभिन्न विषय तथा कलेजको जानकारी लिन दौडधूप गर्छन्। केहि विद्यार्थी भने इन्ट्रास तयारीमा लाग्छन् भने केही विद्यार्थीले रिजल्ट पूर्वदेखि नै अध्ययन सुरु गरेका हुन्छन् र त्यसलाई निरन्तरता दिइरहन्छन्। कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थीहरू इन्ट्रान्स तयारमा जुट्छन्। एमबीबीएस इन्ट्रान्समा जुटेका सन्दीप पोखरेल राम्रो भविष्य एवं राम्रो करियर बनाउन एमबीबीएस रोजेका बताउँछन्। त्यस्तै अर्को विद्यार्थी आयुषा लामाले पनि सिए क्लास ज्वाइन गरेकी छिन्। प्लस टु परीक्षा सक्नेबित्तिकै सिए पढ्न थालेको लामाले बताइन्। रोजगारीको ग्यारेन्टी भएकाले आफ्ले सिए पढेको आयुषाको राय छ। विभिन्न संकाय प्लस टु सकेका विद्यार्थी राम्रो करियरका लागि कुन क्षेत्र अँगाल्ने भन्ने कुरा समस्याको विषय बन्छ। विभिन्न प्राइभेट कलेजले नतिजापूर्वदेखि नै आफूनो कलेज निकै राम्रो भएको दाबी गरिरहेका बेला गुणस्तरीय शिक्षा दिने कलेज खोजिरहेका विद्यार्थीमा ठूलै समस्या आइपर्छ। हाम्रो देशमा न्यून आय भएका विद्यार्थी छात्रवृत्ति स्पष्ट व्यवस्था, नहुँदा त्यस्ता विद्यार्थीले आफ्नो लक्ष्यअनुरूप अध्ययन गर्न पाएका छैनन्।

कुन कलेजमा कस्तो पढाइ छ, कलेजको क्षमता कति छ ? कुन संकाय पढेका विद्यार्थीले कुन क्षेत्रमा जान पाइन्छ ? छात्रवृत्तिको स्पष्ट व्यवस्था आदि जानकारी दिने आधिकारिक निकायको अभावमा विद्यार्थीले ठुलै मर्कामा परेका छन्।

अधिकांश प्राइभेट कलेज आफ्नो कलेज उत्कृष्ट भएको र आफूले राम्रा विद्यार्थी उत्पादन गरेका दाबी गर्छन् भने एक दुई जना टपर विद्यार्थीको तस्बिर प्रयोग गरी प्रचारमा ओर्लन्छन्। केही प्राइभेट कलेजले थोरै लगानीमा उपयुक्त भवन र भौतिक पूर्वाधारको अभावमा क्षमताभन्दा वढी विद्यार्थी राखी विद्यार्थीको सेवा सुविधामा कटौती गरेका छन्। गुणस्तरीय शिक्षा दिनभन्दा व्यवसायमुखी बनाउन कलेजका सञ्चालकहरू लागिपरेका छन्। उता सरकारी खर्चबाट चल्दै आएको सरकारी कलेजले भने उचित व्यस्थापनको अभावमा गुणस्तरीय शिक्षा दिन सकेका छैनन्। प्राचार्य तथा विद्यार्थीको लापरवाही, राजनैतिक हस्तक्षेप, बढ्दो भष्टाचार, हेपाहा प्रवृत्तिले गर्दा सरकारी कलेजको स्तर खस्कँदै गएको छ। बन्द-हड्तालको प्रत्यक्ष मारमा परेको सरकारी कलेज थोरै मात्र दक्ष जनशक्ति उत्पादन गरेको छ। प्राविधिक क्षेत्रतर्फ पनि सरकारी लगानी थोरै भएकाले निश्चित विद्यार्थीले मात्र सरकारी बजेट उपभोग गरी प्राविधिक क्षेत्रमा अध्ययनको अवसर पाएका छन्। प्लस टुपछि अधिकांश विद्यार्थीले बीचमा पढाइ छोड्ने समस्या छ। उचित कलेज, उचित विषय छनोट गर्न नसक्नाले, उचित तरिकाले कलेज पठनपाठन गराउन नसक्नाले एवं आर्थिक अभावका कारणले प्लस टुपछि धेरै अध्ययन गर्न छाडेको सरकार प्रतिवेदनमा उल्लेख छ। आफूले प्लस टु कुन संकायबाट अध्ययन गरेको हो, अब कुन कुन क्षेत्रतर्फ जान पाइन्छ भन्ने विषयमा पहिले नै स्पष्ट हुनुपर्छ। यदि विज्ञान पढेको विद्यार्थी छ भने उसका लागि सबै विकल्प खुला छ, तर फिजिक्सका विद्यार्थीका लागि मेडिकल लाइनतर्फ जान नपाउने व्यवस्था छ भने बायोलोजी मात्र पढेका तर एक्स्ट्रा म्याथ नपढेकाहरूले भन्ने इन्जिनियरिङ क्षेत्रतर्फ जान नपाउने प्रावधान छ।

आफूले अध्ययन गर्न पाउने क्षेत्र बुभिसकेपछि एउटा क्षेत्र रोज्नुपर्छ। आफूले रोजेको विषय कुनकुन कलेजमा अध्ययन हुन्छ, जानकारी लिनुपर्छ त्यसका लागि आर्थिक स्रोत जुटाउन सकिन्छ कि सकिन्न स्पष्ट हुनुपर्छ। आफूले अध्ययन गर्न लागेको विषय तथा कलेजका बारेमा आफुभन्दा ठूला दाइदिदीसँग सोध्नुपर्छ। कलेज विगतको नतिजा, पढाउने शैली, भौतिक पूवाधार, प्रयोगात्मक कक्षाकोठा छ कि छैन सबै कुरा बुझ्नुपर्छ, साथै आफूले पढ्न लागेको विषयको देश-विदेशमा के कस्तो स्कोप छ, बजारको माग कस्तो छ आदिमा पनि स्पष्ट हुनुपर्छ। अरूको करकापमा र साथीभाइको लहैलहैमा लागेर आफूले पढ्ने क्षेत्र छनोट गर्नु घातक हुन्छ। महँगो शुल्क, ठूलो भवन र धेरै प्रचार गरेको कलेज राम्रो हुन्छ भन्ने होइन। कलेज छनोट गर्दा सैद्धान्तिक मात्र नभै व्यावहारिक तथा प्रयोगात्मक तरिकाले पढाइ हुने कलेज छनोट गर्नुपर्छ। सरकारी कलेजमा राम्रो पढाइ हुँदैन भन्ने मानसिकता त्याग्नुपर्छ। सरकारी कलेजबाट उच्च अंक प्राप्त गरी राम्रो क्षेत्रतर्फ लागेका व्यक्तिहरू पनि धेरै पाइन्छन्। प्लस टुपछि उच्च अंक ल्याउन सके राम्रो भविष्य निर्माण गर्न सकिन्छ। विभिन्न समस्याका बाबजुद पनि आफ्नो अध्ययनलाई निरन्तरता दिनुपर्छ। प्लस टुपछिको अध्ययनले राम्रो करियर निर्माणमा सहयोग पुऱ्याउँछ।

## आवश्यक छ व्यावहारिक ज्ञान

प्रतिस्पर्धाको यो युगमा छात्रछात्राहरू बढीभन्दा बढी पुस्तक पढ्न व्यस्त हुन्छन्। परीक्षामा राम्रो सफलताका लागि यो अनिवार्य सर्त पनि हो, तर मात्र पुस्तक पढेर वा रटेर आफ्नो उद्देश्य पूरा हुन सक्दैन। प्रश्न के छ भने पुस्तकबाट पाएको जानकारी अथवा ज्ञानलाई छात्रछात्राले आफ्नो व्यवहारमा कत्तिको ढाल्छन् ? विद्यार्थीहरूले जबसम्म त्यसलाई व्यवहारमा ढाल्दैनन्, सफलता पाउन कठिन हुन्छ।

पढ्दा हामीले दुई चरण पार गर्नुपर्छ। पहिलो चरण हो, जानकारी वा ज्ञान प्राप्त गर्नु। यसलाई सूचना प्राप्त गर्नु भन्न सकिन्छ। प्रत्येक मानिसले जन्मदेखि नै ज्ञान प्राप्त गर्न थाल्छ। आमाको काखमा हुर्किरहेको बालक पनि थरीथरीका जानकारी पाउन चाहन्छ।

दोस्रो चरणका लागि विवेक शब्द प्रयोग गर्न सकिन्छ। धेरै ज्ञान प्राप्त गरिसकेपछि सोचमा जुन पूर्णता आउँछ, त्यसैलाई विवेक भनिन्छ। संक्षिप्तमा भन्नुपर्दा ज्ञान पाउनु पहिलो सिंढी हो भने विचारमा पूर्णता आउनु दोस्रो। यी दुई कुरामा महत्त्वपूर्ण अन्तर छ। सामान्य ज्ञान स्मरणशक्तिको एउटा भाग हो। यो अर्काको सोच तथा अन्य जानकारीको संग्रह हो, जबकि ज्ञान आफ्नै विचारको पूर्णताको देन हो।

विवेकको स्तरसम्म पुग्न लगातार आफ्नो ज्ञानलाई बढाउँदै जानुपर्छ, तबमात्र कुनै विषयमाथि जानकार व्यक्तिद्वारा दिइएको तर्कलाई आफ्नो तर्कले खण्डन गर्न सकिन्छ। यसको अभावमा हाम्रो तर्कको कुनै महत्त्व रहँदैन। यस्तो अवस्थामा हामी मात्र अरूको विचारलाई रिपिट गर्छौं। प्रायःजसो विद्यार्थी थरीथरीका सूचना र सामान्य ज्ञानलाई आफ्नो मस्तिष्कमा भर्छन्। उनीहरू न त त्यसको तहमा पुगेर आफ्नो सोचलाई अघि बढाउँछन्, न त त्यस मुताबिक आफ्नो जीवनलाई ढाल्छन्। यस्तो अवस्थामा उनीहरू आफूलाई विद्वान् त मान्छन्, तर यो विद्वता कुनै कामको हुँदैन। यसले न कुनै निजी फाइदा गर्छ, न त समाजको।

टाउकोमाथि पुस्तकको थुप्रो राख्ने यस्ता मानिस कुनै कामका हुँदैनन्। एक दर्शनिकले भनेका थिए, 'विद्वान् बन्नु एउटा कुरा हो भने ज्ञानलाई महसुस गरेर त्यस मुताबिक व्यवहार गर्नु अर्को कुरा हो।' उदाहरणका रूपमा हामी त्यस्ता प्रतियोगीलाई लिन सक्छौं, जो लिखित परीक्षामा राम्रो अंक ल्याएर पनि अन्तर्वार्तामा व्यावहारिक ज्ञानको अभावमा चुक्छन्। उनीहरू बिनाअनुमति कुर्सीमा बस्ने, ढोका बन्द गर्दा सावधानी नपअनाउनुजस्ता सानातिना कुराको पनि ख्याल गर्दैनन्।

पढ्दा सधैँ आफ्नो मस्तिष्कलाई खुला राख्नुपर्छ। यसरी पढ्दा निजी ज्ञान खुल्छ। सामान्य ज्ञान पुस्तकमा सुत्छ भने वास्तविक ज्ञान सधैँ सक्रिय रहन्छ। कुनै महापुरुषले जुन पुस्तक पढेको हुन्छ, त्यसलाई पढेर सबै महापुरुष बन्न सक्दैनन्। यसको कारण हो उनीहरू पुस्तकमा दिइएको ज्ञान वा जानकारीलाई आफ्नो स्वविवेकले ग्रहण गर्छन्। उनीहरू जुन कुरा राम्रो लाग्छ, त्यसलाई व्यवहारमा लागू गर्छन्। यी कुरामाथि अमल गर्नु वा यस प्रकारको जानकारीले आफ्नो ज्ञान बढाउनुले नै हामीलाई विद्वान् बनाउँछ।

किताबी ज्ञानका अतिरिक्त सामान्य ज्ञान हासिल गरेर मात्र कोही विद्वान् बन्न सक्छन्। यही व्यावहारिक ज्ञानले नै जीवनमा सफलता दिलाउँछ र विवेक पनि बढाउँछ।

– श्यामकुमार सिंह


होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ।
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

अनुहार
को चाया पोतो डण्डिफोर १००% ग्यारेन्टीका साथ हटाउन, अनुहार गोरो बनाउन, चाउरीपन हटाउन, शरीरको उचाई बढाउन, स्तन बढाउन/घटाउन, अनावश्यक रौँहरु हटाउन, सम्पुर्ण TV Shop का सामानहरुको लागि
Global TV. Product Shop
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि)
4168115, 4168061, 9851014602

तु-आवश्यकता
विगत ५ वर्ष देखि संचालनमा आइरहेको International Office लाई थप कर्मचारी चाहियो।
संख्या : 13 जना (महिला/पुरुष)
योग्यता : Test, SLC or +2 Above
तलब : 8,000-10,000 सम्म
अन्य सुविधा: अफिसको नियम अनुसार
कलंकी शाखा 9808763265 4301822
बनस्थली शाखा 9741146721
नोट: Urgent परेकोले तुरुन्त सम्पर्क गर्नु होला।

ब्युटीसियन कोर्स
नि:शुल्क
• नेपाल सरकारबाट मान्यता प्राप्त।
• उत्कृष्ट एवं व्यवसायिक कोर्स।
• रोजगारीको ग्यारेण्टी।
• अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने।
• विदेश जानेहरूको लागि Special Class
कोर्स: बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौ

काम नगरे पुरै पैसा फिर्ता
YOKO
Height बढाउने (Japanies) RS. 1046/-
Roop Amrit, Sona Belt, Anti Spot, स्तन बढाउने, घटाउने, कपाल उमार्ने तेल, मोटोपन बढाउने, थाहा नपाई जाँड रक्सी, चुरोट छुटाउने, चाउरीपन हटाउने क्रिम
Free Home Delivery
Global Fitness Shop
चावहिल (मेडिकेयर अगाडी)
9851120728, 2141094
9803464971, 9851057632

तु.आवश्यकता
URI Office लाई केही थप कर्मचारी आवश्यकता।
योग्यता -SLC or Above
सङ्ख्या - 7 Gents & Ladies
तलब -10,500+दशैंभत्ता+बीमा
(होस्टेलको सुविधा भएको)
सम्पर्क: 01-6637290, 9841680647, 9841574773
नयाँठिमी, शंखधर चोक, भक्तपुर
नोट: आफ्नो योग्यताको प्रमाणपत्र र २ प्रति पासपोर्ट साइज फोटो आवश्यकता।

होटल तालिम होटल खुमजुङ्गमा
Cook/ Waiter/ Waitress/ Bakery/ Barman/ Front office/ House Keeping/ Room boy/ Care giver/ Domestic Helper लगायत सम्पूर्ण होटल तालिममा भर्ना धमाधम लिइदैछ। साथै अंग्रेजी, जापानीज, स्पेनीश भाषा तथा अंग्रेजी जान्दै नजान्नेहरुका लागि विशेश कक्षको व्यवस्था गरिएको छ।
HOTEL KHUMJUNG PVT. LTD.
फोन नं. : 4016111/4016194
महाराजगंज, चक्रपथ, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व।

100% Guarantee
No side effect
चाहेजति शारिरिक तौल घटाउन बढाउन
स्तन/गुप्ताङ्ग घटाउन बढाउन टाइट गर्न
थाहै नदिइकन जाँड-रक्सीको कुलत छुटाउने
यौन उत्तेजनमा कमी, सिघ्र स्खलन हुने, साईज बढाउने।
अनुहार कालोपोतो, चाँया, डण्डीफोर हटाउन
With Home Delivery
सम्पर्क: महारुद्र आयुर्वेद
9851115833, 2291316
ग्याष्ट्रिक, दम, मधुमेह, प्रेसर, पाईल्स हाडजोर्नी, नशा

कोरियन
केटासँग सक्कली
विवाह
गर्न चाहने नेपाली केटीहरुले सम्पर्क गर्नुहोस्।
CSI Bureau
PH: 9803326229





# यात्रा स्टाफ नर्सको

● विदुर खतिवडा/शिव मुखिया

एसएलसी उत्तीर्ण गरेर उच्च शिक्षाका क्षेत्रमा नर्सिङ करियर रोज्ने करिब ४ हजार छात्राले यो वर्ष स्टाफ नर्सको यात्रा तय गर्न पाउनेछन् । यो वर्ष सिटिइभिटीका ९० वटा शिक्षालयले स्टाफ नर्स अध्यापन गराउने भएकाले पनि गत वर्षभन्दा झन्डै १ हजार सिट बढेको हो । कम प्रतिस्पर्धा हुने भनिए पनि नर्सिङमा १० औँ हजारले प्रवेश परीक्षा दिने भएकाले छात्राहरूले मेहनत भने गर्नैपर्ने हुन्छ ।

नेपालका मेडिकल प्रशिक्षित मानिसको माग विकसित देशमा बढ्दो छ, जसमा सबैभन्दा बढी माग नर्सहरूकै छ, तर यसो भन्दैमा नेपालमा नर्सहरूका लागि अवसर छैन भन्ने होइन । हरेक वर्ष उत्पादन हुने नर्सको ठुलो संख्या स्वदेशमै पनि खपत हुने गरेको छ । एकातर्फ नेपालमै सरकारी तथा निजी चिकित्सालयको संख्या बढ्दै जानु र अर्कातर्फ विदेश जान भिसा प्रक्रियाका लागि पनि नर्सिङको पृष्ठभूमि सहज हुनुले स्टाफ नर्सप्रतिको आकर्षण कायमै रहेको हो ।

स्टाफ नर्स रोजगारमुखी र सजिलो पेसा भएकाले आकर्षण बढ्दो क्रममा रहेको नेपाल नर्सिङ काउन्सिलले जनाएको छ । विदेश जानेहरूले अन्तर्राष्ट्रिय स्तरको प्रवेश परीक्षा उत्तीर्ण गरेको खण्डमा त्यहाँ गएर काम पाउन अझ सहज हुन्छ, जसले गर्दा त्यहाँ जानेबित्तिकै उनीहरूलाई उच्च अध्ययन एवं रोजगारीको अवसर मिल्ने जानकारहरू बताउँछन् ।

'स्वदेशमै पनि स्टाफ नर्सको आवश्यकता छ,' स्टाफ नर्स प्रवेश परीक्षा तयारी कक्षा सञ्चालक द नेक्स्टका शालिकराम भण्डारी भन्छन्-'एक दशकयता ७९ वटा स्टाफ नर्स कलेज खुल्नु र अझै खुल्ने क्रम जारी रहनुले यसलाई पुष्टि गर्छ ।' स्टाफनर्स अध्यापन गराउने कलेजको संख्या अझ बढ्दै जाने सिटिइभिटी सम्बन्धन महाशाखाका उपनिर्देशक देवेश देवकोटा बताउँछन् । देवकोटाका अनुसार अस्पताल भएका शैक्षिक संस्थाले मात्र स्टाफ नर्स कार्यक्रम सञ्चालन गर्न पाउँछन् । सरकारी कलेजमा न्यून शुल्कमा अध्ययन गर्ने सुविधा भए पनि सिटिइभिटी-अन्तर्गतका कलेजमा ३ लाखदेखि ४ लाख रुपैयाँसम्म खर्च लाग्छ ।

सिटिइभिटीले स्टाफ नर्स कार्यक्रम सञ्चालनको सम्बन्धन दिनुअघि त्रिभुवन विश्वविद्यालयअ न्तर्गतका आंगिक कलेज तथा काठमाडौँ विश्वविद्यालयमा मात्र यो शैक्षिक कार्यक्रममा अध्यापन हुन्थ्यो । नेपालमा त्रिभुवन विश्व विद्यालय अन्तर्गत महाराजगन्ज नर्सिङ क्याम्पस (६० सिट), ललितपुर नर्सिङ क्याम्पस (४५ सिट), पोखरा नर्सिङ क्याम्पस (४५ सिट), वीरगन्ज नर्सिङ क्याम्पस (४० सिट, ३५ स्कलरसिप तथा ५ डोनेसन सिट) नेपालगन्ज नर्सिङ क्याम्पस (४० सिट, ३५ सिट स्कलरसिप तथा ५ डोनेसन सिट), विराटनगर नर्सिङ क्याम्पस (४५ सिट, ३५ स्कलरसिप तथा १० डोनेसन सिट) छन् । त्रिभुवन विश्वविद्यालय यअन्तर्गतका ६ वटा क्याम्पस तथा वीर अस्पतालको नाम्समा प्रवेश परीक्षा दिन एसएलसीमा न्यूनतम् ५० प्रतिशत अंक हासिल गर्नुपर्छ । यी ७ वटा नर्सिङ कलेजमा भर्ना पाउन कठिन मानिन्छ ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका सरकारी कलेजहरूमा भर्नाका लागि प्रवेश परीक्षामा विज्ञानबाट ४५ प्रतिशत, हेल्थबाट २० प्रतिशत, अंग्रेजी २५ प्रतिशत र गणित १० प्रतिशत गरेर १ सय पूर्णाङ्कको प्रश्न सोधिन्छ । सरकारी कलेजमा कात्तिकमा भर्ना लिइन्छ । उच्च सुविधायुक्त प्रयोगशाला, अत्याधुनिक अस्पताल तथा दक्ष शिक्षक शिक्षिका हुने भएकाले यी संस्था स्टाफ नर्स अध्ययनको पहिलो प्राथमिकतामा पर्छन् । सरकारी अस्पतालसँग आबद्ध सरकारी नर्सिङ कलेजहरूले प्राइभेटभन्दा सस्तो शुल्कमै अध्यापन गराउँछन् ।

स्वायत्त वीर अस्पतालको प्रवेश परीक्षाका लागि विज्ञान २०, अंग्रेजी २०, स्वास्थ्य २०, गणितबाट २० अंकको प्रश्न सोधिन्छ । बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (बीपीकेआइएच), धरानले पनि स्टाफ नर्समा ४० जनालाई भर्ना लिन्छ । बीपीकेआइएचमा खुला प्रतिस्पर्धाबाट १६ सिट, दुर्गम पहाडी जिल्लाबाट १६ सिट, विदेशी विद्यार्थी ५ सिट, दलितबाट २ सिट र कर्मचारीकोटामा १ सिट कोटा निर्धारण गरिएको छ । बीपीकेआईएचको प्रवेश परीक्षामा जनरल साइन्सबाट ३५, अंग्रेजी २०, हेल्थ एन्ड जनरल नलेज २५ तथा गणितबाट २० प्रतिशत गरी १ सय पूर्णांकको प्रश्न सोधिन्छ । बीपीकेआइएचको प्रवेश परीक्षा दिन एसएलसीमा ४५ प्रतिशत ल्याएको हुनुपर्छ ।

काठमाडौँ विश्वविद्यालय अन्तर्गत स्टाफ नर्समा ४० जनालाई प्रवेश परीक्षाको माध्यमबाटै भर्ना लिइन्छ । काठमाडौँ विश्वविद्यालयले आफ्ना उच्च भौतिक संरचनाका अस्पतालमा अध्यापन गराउँछ । काठमाडौँ विश्वविद्यालयले ४० सिटमध्ये ३० प्रतिशत सिट संस्थागत स्पोन्सरका रूपमा आरक्षण भएको छ । एसएलसीमा ४५ प्रतिशत ल्याएर उत्तीर्ण वा सोसरह उत्तीर्ण हुनेले काठमाडौँ विश्वविद्यालयको प्रवेश परीक्षा दिन पाउँछन्, जसका लागि उनीहरूले विज्ञानमा ४० प्रतिशत, अंग्रेजीमा २० प्रतिशत, हेल्थमा २० प्रतिशत र गणितमा २० प्रतिशतको परीक्षा दिनुपर्छ ।

वीर अस्पतालले पनि स्वायत्त रूपमै पिसिएल नर्सिङ कार्यक्रम चलाएको छ । ४० सिटमध्ये १० प्रतिशत दुर्गम जिल्लालाई कोटा छुट्टयाइएको छ । यसैगरी सिटिइभिटीअन्तर्गतका कलेजहरूमा स्टाफ नर्स अध्ययनका लागि प्रवेश परीक्षा दिन एसएलसीमा ४५ प्रतिशत ल्याएको हुनुपर्छ । सिटिईभिटीको प्रवेश परीक्षामा गणित ३५, साइन्स ३५, अंग्रेजी ३० अंक गरेर १ सय पूर्णाङ्क हुन्छ । सिटिइभिटीबाट हालसम्म सम्बधनप्राप्त कलेजहरूको संख्या ७९ छ । यो संख्या बढ्दो क्रममा छ । सबै गरेर हाल ८८ वटा कलेजले स्टाफ नर्स कार्यक्रम चलाएका छन् । एसएलसी उत्तीर्णहरूले विभिन्न स्थानका लागि एकै वर्षमा ५ पटक प्रवेश परीक्षा दिन सक्छन् ।

नर्सिङअन्तर्गत प्रथम वर्षमा आधारभूत नर्सिङ, कम्युनिटी इन्ट्रिग्रेटेड साइन्स, होम भिजिटिङ, दोस्रो वर्षमा मिडवाइफरी, ए, बी, सी, नेपाल परिचय, बिहेविएर साइन्स, नर्सिङ केयर अफ चिल्ड्रेन तथा तेस्रो वर्षमा नर्सिङ केयर अफ एडल्ट, लिडरसिप एण्ड म्यानेजमेन्टजस्ता विषय अध्ययन गर्नुपर्छ।

स्टाफ नर्स भएपछि कमसेकम तीन वर्षको अनुभवपछि मात्र नर्सिङ स्नातक (बीएन नर्सिङ) गर्न सकिन्छ, तर सिटिइभिटीका कलेजहरूमा एक वर्षको अनुभवपछि भर्ना आवेदन दिन सकिन्छ । महाराजगन्ज नर्सिङ कलेज, ललितपुर नर्सिङ क्याम्पस, पाटन नर्सिङ क्याम्पस तथा स्तूपा नर्सिङ क्याम्पसले बीएन कोर्स उपलब्ध गराउँछन् भने त्रिभुवन विश्वविद्यालयअन्तर्गत १० वटा बीएस्सी नर्सिङ कलेज सञ्चालित छन् ।

त्रिभुवन विश्वविद्यालयमा बीएन कोर्स ३ वर्षको तथा पूर्वाञ्चल विश्वविद्यालयमा दुई वर्षको छ । नेपालमा सन् १९७७ सालदेखि महाराजगन्ज नर्सिङ क्याम्पसमा बीएन नर्सिङको अध्यापन हुन थालेको हो । यस्तै स्नातकोत्तरको कोर्स सन् १९९५ देखि सञ्चालन हुन थालेको हो । नर्सिङको अध्ययनमा त्रिभुवन विश्वविद्यालयअन्तर्गतका कलेजमा तीन वर्षभित्र बढीमा १ लाख रुपैयाँसम्म खर्च हुन्छ । सिटिइभिटीअन्तर्गतका कलेजहरूमा ३ देखि ४ लाख रुपैयाँसम्म खर्च हुन्छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गतका नर्सिङ क्याम्पस छात्राहरूले प्रतिमहिना २ सय रुपैयाँ छात्रवृत्ति पाउँछन् ।


Language & Computer
English: Elementary, Intermediate & Advanced Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/lab practice)
TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Japanese/ Korean/German/Chinese French/ Spanish/ Italian.. classes
Computer: Basic/Advanced/Accounting/Graphic.. courses
UNPOL SAT Preparation Classes are going on!
Our Products: Language books/Cassettes/CDs/Video DVDs ....
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Face to Face Language Videos Price: Rs. 160/-
Easy Way Prem Swoveet's best language books with Audio /Video DVDs has recently come in the market! Price: 145/- only
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Boost Vocabulary Enhance word power Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945 OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet!) Web site: creativeoseas.com email: olc_swoveet@wlink.com.np



६ महिना मै +2
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !! (Nios Delhi Board)
Arts Commerce Science
अन्तिम भर्ना !! for Oct. 2011
+2, 'A'Level तथा PCL फेल भएता पनि ६ महिना पढेर एक वर्ष मै +2 पास गर्न सकिने, ११ को नपढी सिधै १२ को मात्रै पढेर Exam दिन पाईने, कक्षा ८, ९ Test फेल भएता पनि Test नै नदिईकन SLC दिन पाईने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, पास गर्न सजिलो, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने ।
बाहिर बाट आएकाहरुलाई होस्टेलको व्यवस्था ।
प्राईभेट Test/SLC-2067
(आठै बिषयका नियमित कोचिङ्ग कक्षाहरु)
रेगुलर/एक्जाम्टेड (Tuition, Coaching Classes)
उपत्यका बाहिरबाट (SLC दिनेहरुलाई विशेष तयारी कक्षा)
SLC Preparation Class (Math, Opt. Math, Science, English etc.)
अंग्रेजी Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु, भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.
ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400, 9851021071
चावाहिल: 4460091, 9851085823
नयाँ बानेश्वर: 4484634, 9841160529
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665
लगनखेल: 5531437



नेपालको एक मात्र रेडियो प्राविधिक तालिम केन्द्र
दैनिक SOUND ENGINEER तथा RADIO ENGINEER द्वारा कक्षा सञ्चालन हुने
कार्यक्रम उत्पादकको लागि नेपालका बरिष्ठ सञ्चारकर्मीहरुद्वारा कक्षा लिईने
FM Radio Technician - (Job Guarrantee) 45 days
General Editing & Mixing - 30 days
Audio Library Management - 15 days
Audio/Video Program Producer - 60 days
Echo Media Adwait Marg, Bagbazar
Phone: 01-4246155 01-2296457
तपाईं दक्ष बन्नुस्, काम तपाईंको पछि लाग्छ ।



STUDY IN JAPAN
तपाई +२ पास हुनुहुन्छ ?
"जापान जाऔं, आफ्नो र परिवारको सपनालाई साकार बनाऔं"
उसो भए, तपाई इच्छा गर्नुहोस् हामी तपाईको इच्छा पुरा गरिदिन्छौं ।
शतप्रतिशत विद्यार्थी पठाउन सफल हामीकहाँ आई बिना झन्झट, ढुक्कका साथ जापानमा आफुले चाहेको स्कूलहरु छानी अध्ययन गर्न जाने सुनौलो अवसर नगुमाउनुहोस् । सित्तैमा जापानिज भाषा अध्ययन गरी जापान जाने इच्छा पुरा गर्नका लागि हामीलाई सम्झनुहोस् । नयाँ कक्षाहरु धमाधम संचालन हुँदैछ ।

विस्तृत जानकारीका लागि आफुलाई पायकपर्ने ठाउँमा सम्पर्क:
Glitter Educational Institution Pvt. Ltd.
Bagbazar, opp. to NCC Bank, 4244851
Lok Jagaran Educational Institution Pvt. Ltd.
Kirtipur, 2031096
Shin Nihongo Training Institute
New Baneshwor, 4461074, 9849595306
Soaltee Education Consultancy Pvt. Ltd.
Thapathali Height, 4102041, 9841593586

# हिमानी लागिन् सक्रिय समाज सेवामा










पृष्ठ १ बाट जारी

हिमानी आफ्ना सन्तानहरूका साथ निर्मल निवास महाराजगन्जमा बस्दै आएका छन् । तीन महिनाअघि पारस र हिमानीको जोडी काठमाडौंबाट एकसाथ गोर्खा जिल्लातर्फ लागेपछि उनीहरूबीचको सम्बन्ध सुध्रिएको अनुमान गरिएको थियो । यद्यपि पूर्वयुवराज पारसलाई स्थानीय सैनिक ब्यारेकमै छोडेर हिमानी गोर्खा दरबार गएकी थिइन् । गोर्खा दरबारमा हिमानीले करिब ४ घण्टा बिताएकी थिइन् । पृथ्वीनारायण शाह बस्ने दरबारको माथिल्लो भागमा बसेर उनले निकै बेर त्यस क्षेत्रको अवलोकन गरेकी थिइन् । उनले पृथ्वीनारायण शाह जन्मदा सेकेको अगेनो, ठूलो भएपछि सुत्ने खाट एवं कुर्सीका बारेमा पनि चासो राखेकी थिइन् । त्यसबाहेक उनले दरबारभित्रको गुरु गोरखनाथको गुफा एवं काली मन्दिरमा परम्परागत विधिअनुसार पूजा गरेकी थिइन् । उनले त्यहाँ ती दुवै मन्दिरमा अवलम्बन गरिने पूजाविधिका सम्बन्धमा स्थानीय पूजारीसँग छलफल पनि गरेकी थिइन् । देश गणतन्त्रात्मक पद्धतिमा जानुअघिसम्म यो मन्दिर सर्वसाधारणका लागि वर्जित थियो । लामो समय प्रतीक्षा गर्दा पनि हिमानी नफर्किएपछि पूर्वयुवराज पारस गोरखनाथ बाबाको मन्दिर गएर पूजा गरेका थिए । त्यसपछि पारस गोरखाकाली माताको दर्शन गरी गोर्खा बजार हुँदै पोखरा लागेका थिए । हिमानी भने साँझ काठमाडौं फर्किएकी थिइन् ।

पूर्वयुवराज पारस तथा हिमानीबीच सिंगापुरमा बस्ने विषयमा मतभेद रहेको बताइँदै आएको थियो । पूर्वयुवराज पारसले विदेशमा बस्नुभन्दा स्वदेशमै जीवनयापन गर्न सहज हुने अनुमान गर्दै पारसले सिंगापुरबाट नेपाल फर्कने निर्णय गरेपछि यो जोडीबीच सम्बन्ध सुध्रिएको बताइन्छ । राजतन्त्रको अन्त्यपछि पारस र हिमानीबीच सिंगापुर बस्ने कि नेपाल बस्ने भन्ने विषयमा मतान्तर भएको स्रोतको भनाइ छ । अहिले पूर्वयुवराजको विभिन्न सञ्चारमाध्यममा नेपालमै बस्ने प्रतिक्रिया दिनुका पछाडि हिमानीलाई खुसी तुल्याउनु पनि एक हो भन्ने दावी स्रोतको छ ।

शिव पूजा-आराधनाको महत्त्वको दिन मानिने साउनको अन्तिम सोमबार पनि हिमानी पशुपतिमा पूजा-अर्चना गर्न पुगेकी थिइन् । त्यसबेला उनी हतारमै पूजा सकेर निर्मल निवास फर्किएकी थिइन् । त्यसयता उनलाई यही तीजको कार्यक्रममा देखिएको थियो । उनी आफ्नो चिरपरिचित मुस्कानका साथ नेपाली चुलो, लाजिम्पाटमा आयोजित तीज कार्यक्रममा सहभागी भइन् । उनले त्यहाँ आफ्ना निकटतमहरूसँग समाजसेवा गरेर समयलाई सार्थक रूपमा काट्नुबाहेक आफ्नो कुनै स्वार्थ नभएको बताएकी थिइन् । उनले कार्यक्रम अवधिभर बसेर तीज परीहरूलाई ताज पनि लगाइदिइन् ।

**हिमानीको पियर्सिङ :**

**अचेल फेसनमा आएको नाइटो खोपाइँ रिङ झुण्ड्याउने चलनबाट पूर्व युवराज्ञी हिमानी पनि अछुतो देखिइनन् । दोलखाको कार्यक्रममा उक्त पियर्सिङका साथ देखा परे पनि अधिकांश समय उनी त्यसलाई छोपिरहेकी थिइन् तर क्यामेरालाई त्यसको एक झलक चाहिएको थियो र आखिर क्लिक पनि भैहाल्यो ।**


तस्बिर : राजेन्द्र मानन्धर

# पूर्वयुवराज्ञीलाई माओवादीद्वारा अवरोधको प्रयास

● राजेन्द्र मानन्धर

'यति सुन्दर ठाउँमा फेरि-फेरि आउने चाहना छ । बच्चाहरूसहित आउनेछु' दोलखाको शीतल हावापानी, सुन्दर बस्ती एवं डाँडाकाँडाबाट प्रभावित पूर्वयुवराज्ञी हिमानी शाहले गत मंगलबारको सन्ध्याकालीन भेटवार्तामा भनिन् ।

राजधानीमा सांस्कृतिक राजाका विषयमा आरोप-प्रत्यारोप चलिरहेका बेला आएकी पूर्वयुवराज्ञी हिमानीले नितान्त सामाजिक भावनाबाट अभिप्रेरत भ्रमण भएकाले 'राजनीतिका सम्बन्धमा केही नभन्ने' बताइन् । मन्दिर पुग्ने क्रममा उकाली-ओराली हिँड्दै बालबालिका अनि अरू जनतालाई भेट्दा उनलाई यहाँका मानिस मिजासिला लागे । पूर्वयुवराज्ञी हिमानी भन्छिन्, 'वातावरण र मानिसहरू सार्है मिजासिला र सहयोगी पाएँ ।' तर अवरोध भयो नि त ? भन्ने पत्रकारको जिज्ञासामा पूर्वयुवराज्ञीले भनिन्, 'असल नियतले विकासको काम गर्दा अवरोध आउँछ भने अप्ठेरो मान्नु हुँदैन, विस्तारै निराकरण गर्दै असल काम गर्न भन्ने छाड्नु हुँदैन ।' एकीकृत नेकपा माओवादीले अवरोध गरेको विषयमा भने उनले अनभिज्ञता जनाइन् । नागार्जुन र फूलचोकी डाँडाहरूमा मनग्गे हिँडेकी हिमानीलाई यहाँका उकाली-ओराली सामान्यजस्तो लाग्यो । उनले मौका मिले लामो ट्रेकिङ गर्न आउने चाहना भएको बताउन पनि भ्याइन् ।

हिमानीले बाटामा भेटिएका नागरिकहरूले मागेका कुरा दिने आश्वासन पनि दिइन् । जोखिममा पुगेको तामाकोसी पुलमा जाली, विद्यालयलाई सहयोग एवं केही खानेपानी आयोजनामा सघाउने वचन हिमानीले दिइन् । सक्रिय राजतन्त्र भएका बेला त विकासमा अग्रसरता थिएन नि भन्ने जिज्ञासामा पहिले पनि कामहरू गरिएका तर अगाडि नआएको उनको भनाइ थियो ।

एकीकृत माओवादीको सडक अवरोध पन्छाउँदै पूर्वयुवराज्ञी हिमानी शाहले पूर्वनिर्धारित कार्यक्रमअनुसार दोलखा नाम्दुमा खानेपानीका सामग्री वितरण गरिन् । दोलखा सदरमुकाम चरिकोटबाट २४ किलोमिटर टाढा रहेको नाम्दु गाविसमा जान लागेकी पूर्वयुवराज्ञी हिमानीलाई मुढा र गाडी तेर्स्याएर फर्काउने प्रयास गरिएको थियो । राष्ट्रिय सरोकार मञ्चको आयोजनामा त्यहाँ जान लागेकी हिमानीलाई रोक्न भनेर तामाकोसीवारि सडकमा एउटा मुढा तेर्स्याइएको थियो । तामाकोसीपारि भने एउटा ट्रक सडकको बीचमा रोकेर राखिएको थियो । दुवै स्थानमा माओवादी उपस्थिति नभए पनि नेता विशालकै नेतृत्वमा अवरोध गरिएको प्रत्यक्षदर्शीहरूले बताएका छन् ।

कुनै प्रभाव नपर्ने गरी गरिएको फितलो अवरोधका बारेमा जिल्ला नेता खड्काले यो सांकेतिक विरोध मात्र भएको बताए । उनले भने, 'निरंकुश राजतन्त्रका अवशेषहरू नसलबलाउन् भनेर संकेत मात्र दिएको हो ।' माओवादीलाई सांस्कृतिक राजासम्बन्धी विवादले गाँजेका बेला खड्काले आफ्नै नेतृत्वमा भएको अवरोधलाई 'पार्टीको केन्द्रीय नीति' बताएका छन् ।

आइसकेको पाहुनालाई फर्काउनु हुदैन भन्दै तामाकोसी बजारवासीले नै ट्रक हटाएर कार्यक्रममा भाग लिन जान हिमानीको बाटो खोलेका थिए । नाम्दु पुगेपछि सडकछेउ बनाइएको साधारण मञ्चमा बसेर हिमानीले लिखित भाषण गरिन् । उनले नितान्त सामाजिक भावना बोकेर आएको तथा स्थानीय बासिन्दहरूको समस्यालाई मध्यनजर गर्दै खानेपानीमा सहयोग गरेको बताइन् । स्थानीय तथा केन्द्रबाट आएका वक्ताहरूले भने तत्कालीन राजपारिवारका सदस्यहरूलाई गरिने सम्बोधनअनुरूप नै भाषण गरेका थिए । हिमानीमार्फत प्राप्त १० हजार तथा ५ हजार लिटरको दुई थान पानीट्याङ्की एवं ३२ हजार मिटर पाइप उपलब्ध भैसकेको उपभोक्ता समितिका अध्यक्ष डिल्लीनाथ रिमालले जानकारी दिए ।

पानोरोमा होटलमा बसेकी हिमानीले मंगलबार बिहान १० बजे चरिघ्याङ गुम्बाको दर्शन गरिन् । त्यसपछि दोलखा बजारस्थित स्कुलका शिक्षक एवं बालबालिकाको स्वागत ग्रहण गर्दै त्रिपुरासुन्दरी मन्दिरभित्र पसिन् । त्यहाँ झन्डै ४५ मिनेटको पूजापाठपछि उनले दोलखा बजारकै बालमन्दिर स्कुल पुगेर विद्यालयलाई नगद सहयोग गरिन् । त्यहाँ बालबालिकालाई खानेकुरा एवं खेलकुद सामग्रीसमेत वितरण गरिएको थियो । चरिकोटस्थित बालगृहमा खानेकुरा र खेलसामग्री दिँदै हिमानी नाम्दु पुगेर अपराह्न चरिकोट फर्किएकी थिइन् । उनी बुधबार काठमाडौं फर्किइन् । हिमानीका साथमा सेना एवं प्रहरीको सादा पोसाकमा सुरक्षाकर्मीका साथै केही पत्रकार पनि थिए । पूर्वराजपरिवार निकटहरूबाट घेरिएकी हिमानीको यो भ्रमणका क्रममा चरिकोट र दोलखा बजारमा भने माओवादी अवरोध भएन ।



# आकर्षक टप्सहरू

बजारमा मौसमअनुकूल पहिरनको माग हुने गरेको छ। त्यसैले फेसनको ट्रेन्ड सधैं एकैनास रहँदैन, बदलिइरहन्छ। यद्यपि कतिपय पहिरन भने सदावहार हुन्छन्। महिलाहरूका लागि टप्स जाडो तथा गर्मी दुवै मौसममा लगाउन मिल्ने पहिरन हो। त्यस्तै, यसलाई दैनिक कामकाजका बेला मात्र होइन, पार्टी वेयरका रूपमा समेत प्रयोग गर्न मिल्छ। टप्सलाई लेगिङ वा जिन्ससँग लगाउन सकिन्छ। त्यसो त सुरुवाल र सलसँग पनि मिलाएर लगाए हुन्छ। टप्सलाई वानपिसका रूपमा समेत लगाइन्छ। फिटिङ्स तथा लुज दुवै प्रकारमा उपलब्ध हुने हुँदा टप्स टिनएजर्सदेखि अधबैंसे महिलाहरूले समेत उत्तिकै प्रयोग गरेको पाइन्छ। प्रस्तुत छ, नयाँ बानेश्वरको थापागाउँस्थित एएनएस बिल्डिङमा सञ्चालित दीपा क्रिएसन फेसन स्टुडियोले उपलब्ध गराएका आकर्षक टप्सहरू :



## कलर टप्स

कलर टप्स पाइन्टसँग लगाउन सकिन्छ। क्लोज नेक साथै क्वाटर स्लिपमा डिजाइन गरिएको यो टप्स कामकाजी युवतीहरूका लागि बढी उपयोगी छ। कलर टप्स लुज र फिटिङस दुवै किसिमको हुन्छ। यसको स्लिपमा बोर्डर राखिएकाले हेर्दा आकर्षक देखिन्छ। सुती कपडामा तयार गरिएको यो टप्सको मूल्य ६ सय ५० रुपैयाँ छ।



## डेली युज टप्स

दैनिक कामकाजका बेला लगाउन सकिने यो सजिलो किसिमको टप्स हो। यसलाई लेगिङ र सुरुवालसँग लगाउन सकिन्छ। भित्री जेकार्ड र बाहिरी नेटबाट बनेको टप्समा ब्रोकेट र धागोले डिजाइन गरिएको छ। फुल स्लिप र क्लोज नेकमा उपलब्ध यो टप्सको मूल्य १ हजार ५ सय देखि ३ हजार रुपैयाँसम्म छ।



## प्रिन्टेट नेट टप्स

यो टप्सको अगाडिको नेटमा थ्रेड र सिताराद्वारा आकर्षक डिजाइन गरिएको छ। यो टप्स सुरुवाल तथा लेगिङसँग मिलाएर लगाउन सकिन्छ। क्लोज नेक र फुल स्लिभमा उपलब्ध यो टप्सको मूल्य २ हजार १ सय रुपैयाँ छ।



## पार्टी टप्स

खासगरी विवाह, भोज एवं पार्टीमा लगाउन मिल्ने भएकाले यसलाई पार्टी टप्स नाम दिइएको हो। यसमा भित्री कपडा जेकार्ड र आवरण नेटको छ। नेटमा हेभी फेब्रिक छ। हाफ स्लिप, क्लोज नेकमा उपलब्ध यो टप्समा हेभी डिजाइन गरिएको छ। टप्सको अगाडि, पछाडि र स्लिपमा स्टोन, लेस र सिताराले आकर्षक बनाइएको यो टप्स लेगिङसँग लगाउन सकिन्छ। मिल्ने खालको सुरुवाल र सलसँग पनि यसको जोडा मिल्छ। यसको मूल्य १ हजार ५ सय देखि ३ हजार ५ सय रुपैयाँसम्म छ।



## स्लिप डिजाइन टप्स

दैनिक कामकाज तथा पार्टीमा समेत लगाउन मिल्ने टप्स हो यो। स्लिप र फेरोमा डिजाइन गरिएको यो टप्स भित्र जेकार्ड र बाहिर नेटले बनेको छ। टप्समा ब्रोकेट तथा सिताराको लेसमा डिजाइन गरिएकाले यो हेर्दा निकै आकर्षक देखिन्छ। यसको बजार मूल्य ३ हजार रुपैयाँ छ।



## वानपिस स्टाइल टप्स

भित्र जेकार्ड र बाहिर नेटले बनेको यो टप्ससँग पाइन्ट, लेगिङ वा सुरुवालको आवश्यकता पर्दैन। यसलाई वानपिसका रूपमा लगाउन सकिन्छ। यो फुल स्लिपमा उपलब्ध छ। यसको स्लिप र अगाडि हेभी लेस डिजाइन गरिएको छ। यो टप्सको मूल्य १ हजार ८ सयदेखि ३ हजार ५ सय रुपैयाँसम्म पर्छ।



## स्पेसल पार्टी टप्स

पार्टीमा मात्र लगाउन मिल्ने भएकाले यो टप्सलाई स्पेसल पार्टी टप्स भनिएको हो। यो टप्सको डिजाइन नै पार्टी वेयरका रूपमा गरिएको हो। यो टप्स अम्ब्रेला डिजाइनमा छ। फुल स्लिप र नेटमा फ्लावर डिजाइन भएकाले यो टप्सले सजिलै अरूको ध्यान खिच्न सक्छ। टप्स फुल स्लिप र क्लोज नेकमा उपलब्ध छ। अगाडिको भागमा भेलवेटको कपडाको डिजाइन छ। यो टप्सको जोडालाई मिल्ने खालको सुरुवाल र जोडा मिलाउन सकिन्छ। यसको मूल्य १ हजार ८ सयदेखि ३ हजार रुपैयाँसम्म पर्छ।



## दासढुंगामा हराइन् सञ्चिता



'खै त ? म पनि यो चलचित्रमा छु भन्ने कुराको प्रचार किन नगर्नुभएको ?' नायिका सञ्चिता लुइँटेलले निर्माता अपिल विष्टसँग प्रश्न तेस्र्याइन् । लामो समयपछि भेटिएकी नायिकाको ठाडो प्रश्नले अपिल एकैछिन अक्क न बक्क भए । जेनतेन प्रयास गरेर सेन्सरबाट उम्काइएको चलचित्र 'दासढुंगा' चल्ने बेला भएपछि मुम्बईबाट फर्किएकी नायिकाले झट्ट त्यस्तो प्रश्न तेस्र्याउँदा बिचरा युवा निर्माता अलमलिनु स्वाभाविक थियो । जसोतसो आफूलाई सम्हालेपछि उनले प्रतिवादको शैलीमा भने- 'किन गर्‍या छैन र ? एउटा पोस्टरमा तपाईं पनि त हुनुहुन्छ ।' सञ्चिताले आफ्नो सुमधुर मुस्कान छर्दै भनिन्- 'त्यतिले पुग्यो त ?' अपिललाई त्यतिबेला कलाकारहरूको चित्त बुझाउन गाह्रो भएको महसुस भएछ । यद्यपि सञ्चिता समझदार कलाकार भएकीले उनलाई सोचेजति गाह्रो भएनछ । 'फरक धारको चलचित्र हो, त्यसैले यसको पब्लिसिटी फरक छ । चलचित्रमा उनको भूमिका गहन छ, तर मूल विषयको प्रचारमा उनको उपस्थितिले असर गर्ला कि भन्ने लाग्यो । किनकि उनी मूलधारकी नायिका हुन् । जहाँ नायिकाको अनुहार देखाएर चलचित्र बिकाइन्छ । मलाई त्यसो गर्नु थिएन, तर पनि दासढुंगामा सञ्चिता हराएकी छैनन् । चलचित्रभन्दा अघि सबै मूल कलाकारहरूको एक-एकवटा सिंगल पोस्टर पनि सार्वजनिक हुनेछ,' -अपिलले सञ्चितालाई प्रचारमा कम समेटिएको कारण सुनाए । सिंगल पोस्टर देखेपछि सञ्चिताको गुनासो कम होला कि ?

## खगेन्द्र होइन दीपेन



झ्याइँकुटी झ्याइँ टेलिशृँखला हेर्ने दर्शकले गिनिज बुकमा होचा व्यक्तिका रूपमा नाम लेखाएका बाग्लुङका खगेन्द्र थापामगरको अभिनय हेरेको अनुभूति गर्दै आएका छन् । नेपाल टेलिभिजनबाट शुक्रबार राति प्रसारण हुँदै आएको उक्त टेलिफिल्ममा दीपेन सरको भूमिकामा अभिनय गरिरहेका बालकलाकार दीपेन साहलाई सबैले खगेन्द्रका रूपमा चिन्ने गरेका हुन् । दीपेन दीपक र शारदा साहका कान्छा छोरा हुन् । १२ वर्षीय दीपेनको तौल ७ किलोग्राम छ भने उचाइ ३० इन्च छ । नेपाल टेलिभिजन- २ बाट प्रसारण हुने 'छेउ न टुप्पो'बाट अभिनय यात्रा प्रारम्भ गरेका दीपेन काठमाडौंको थसीखेलस्थित स्कुलमा कक्षा चारमा पढ्छन् । दोलखाका स्थानीयबासिन्दा दीपेन ४ वर्षदेखि इमाडोलमा परिवारका साथ भाडाका घरमा बस्दै आएका छन् । 'खगेन्द्रका बारेमा बुझ्न दर्शकले मोबाइलमा फोन नगरेको दिन हुँदैन,' झ्याइँकुटीका लेखक तथा निर्देशकद्वय शेखर खनाल र दमन रूपाखेतीले भने, 'हाम्रो टेलिचलचित्रमा अभिनय गर्ने कलाकार खगेन्द्र होइनन् दोलखाका दीपेन साह हुन्भन्दा पनि दर्शकले विश्वास गर्दैनन् ।'

## के मात्र गर्ने ?



सिमोस सुनुवारको अहिले 'वाहवाही' भैरहेको छ । उनी युवापुस्ताको रुचिलाई ध्यानमा राखेर राम्रो चलचित्र बनाएकोमा प्रशंसा बटुलिरहेका छन् भने अर्कातर्फ निर्माताहरू चलचित्रले उत्कृष्ट व्यवसाय गरेपछि पैसा बटुल्दै छन् । निर्माताले चलचित्र निर्माण गर्दा निर्देशकको काम दर्शकले मन पराएनन् भने उसको लगानी डुब्छ र ऊ निर्देशकलाई दोष दिन थाल्छ, तर यदि चलचित्र चल्यो भने निर्माताहरू गर्व गर्दै भन्छन्- 'मैले राम्रो चलचित्र बनाएँ ।'

त्यतिबेला उनीहरू निर्देशकले गर्दा चलचित्र राम्रो बनेको हो भन्ने कुरा बिर्सन्छन्, तर माधव वाग्ले र नरेन्द्र महर्जनले सिमोसको सिर्जनशीलतालाई बिर्सिएनन् । उनीहरू अझै दुईवटा चलचित्र लगातार सिमोससँग बनाउने योजना बुनिरहेका छन् । 'फस्ट लभ'ले गत सातासम्ममा डेढ करोड संकलन गरी सुपरहिट चलचित्रको उपाधि हासिल गरेपछि सिमोसलाई आफ्ना निर्माता मात्र होइनन्, अनवरत चलचित्र निर्माण गरिरहेका मूलधारका अन्य निर्माताले पनि आफ्ना चलचित्र निर्देशन गरिदिन आग्रह गरिरहेका छन् ।

## जाऊ बूढा रोमान्स गर



कुनै पनि काम गर्न लगनशीलता, परिश्रम एवं सिर्जनशिलता चाहिन्छ । त्याग र तपस्याका कुरा पनि सुनिएकै हो । यद्यपि त्यागको पनि हद हुन्छ । नेपाली चलचित्रका निर्देशकहरूको लहरमा एउटी महिला निर्देशकको आगमन हुँदैछ । चलचित्र सम्पादनमा नाम कहलिसकेकी रक्षा सिंहले लगनशीलता, परिश्रम र सिर्जनशीलता तीनवटै सूत्र प्रयोग गरिन् । प्रहरी निरीक्षक श्रीमान् बालनरसिंह राणालाई चलचित्रमा नायक हुने चाहना र रक्षालाई निर्देशक बन्ने अभिलाषा । यी दुवैको इच्छा पूरा हुने भयो, चलचित्र 'द गेम'बाट । यो चलचित्रमा बालनरसिंह नायकको भूमिकामा र रक्षा निर्देशकको भूमिकामा छन् । छायांकनका बेला चलचित्रमा नायकको भूमिकामा रहेका श्रीमान् बालनरसिंहको नायिका निरुता सिंहसँगको रोमान्टिक दृश्य खिच्नुपर्ने भयो । चलचित्र युनिटले अनुमान गर्‍यो रक्षाले त्यो दृश्य खिच्न अप्ठेरो मान्नेछिन्, तर ठीक उल्टो भयो । रक्षाले बालनरसिंहलाई 'जाऊ बूढा हिरोइनसँग रोमान्स गर' भन्ने शैलीमा क्यामेरासामु उभ्याइन् र हाँस्दै भनिन्- 'एक्सन' । आफ्नो श्रीमान्ले कुनै अन्य युवतीसँग रोमान्स गरेको दृश्य खिच्न अप्ठेरो लागेन ? रक्षाले हाँस्दै भनिन्- 'मलाई यो प्रश्न सोध्ने तपाईं बीसौं मानिस हो । सबैलाई मैले एउटै जवाफ दिएकी छु, श्रीमान्ले बनाएको चलचित्रमा श्रीमतीले हिरोहरूसँग रोमान्स गर्न हुन्छ भने श्रीमतीको निर्देशनमा श्रीमान्ले रोमान्स गर्नु हुँदैन ? फेरि त्यो साँच्चैको रोमान्स कहाँ हो त ? अभिनय मात्र त हो नि । काम र सम्बन्ध बिल्कुलै अलग कुरा हुन्– वाह, क्या विचार !

## आयो स्टेप्स डान्स



तस्बिर : साइबरसंसार डटकम

'स्टेप्स डान्स' नृत्यको कुनै नयाँ शैली होइन । नृत्यका हरेक मुद्रालाई 'स्टेप्स' भनिन्छ, त्यसैले डान्स कोरियोग्राफर रेनेशा राईले आफ्नो नृत्य कक्षाको नाम जुराइन्- 'स्टेप्स डान्स स्टुडियो' । जहाँ उनी नेपालमा भर्खरै भित्रिएका वा भित्रिने क्रममा रहेका नृत्य सिकाउँछिन् । 'स्टेप्स डान्स स्टुडियो' सञ्चालनमा आएको तीन महिना भैसकेको छ । यद्यपि गत साता मात्रै यसको विधिवत् उद्घाटन भयो । पाँच वर्षको अन्तरालमा रेनेशा नेपालको 'ए ग्रेड'की नृत्य निर्देशक भैसकेकी छिन् । 'मै ठूली भै छु रे', 'चियाबारीमा' आदि गीतको म्युजिक भिडियोकी नृत्य निर्देशक रेनेशाले स्टेप्सको उद्घाटनमा आफ्ना सहयोगी नृत्य कलाकार, निर्देशक तथा सञ्चारकर्मीहरूलाई मात्र निम्तो गरेकी थिइन् । 'आजको दिनलाई स्टेप्स डान्स स्टुडियो'को सय दिन पनि मान्न सक्नुहुन्छ,' उनले मीठो मुस्कान छर्दै भनिन् । वास्तवमा त्यो दिन उनी निकै हतारमा पनि थिइन् । यही भदौ २० गते उनी आफ्नो नृत्य टोलीका साथ मलेसिया जाँदैछिन् । रेनेशा आशिष प्रसाईंको संयोजनमा पर्यटन वर्ष- २०११ को प्रचारका लागि मलेसियामा आयोजना हुने कार्यक्रमको तयारीमा व्यस्त थिइन् । 'मलेसियामा छायांकन भैरहेको चलचित्र 'मिस यु'को कोरियोग्राफी पनि गर्नुछ,' रेनेशाले भनिन् ।

## मेकअप नै नगरी



अभिनेता सुनिल थापा चलचित्रको छायांकनमा मेकअप गर्दैनन् भन्ने कुरा जगजाहेर छ । दिलीप रायमाझी र रमित ढुंगानाले पनि त्यसै गरेछन् । प्रदर्शोन्मुख चलचित्र 'पलपलमा'का यी दुई नायकले उक्त चलचित्रका आधाभन्दा बढी दृश्यमा मेकअप गरेका छैनन् । जबकि चलचित्रमा राम्रो देखिन मात्र होइन, क्यामेरा तथा लाइटबाट मुहारको चमक नघटोस् भनेर पनि मेकअप गर्ने चलन छ । त्यसैले चलचित्रको छायांकनमा एक वा त्योभन्दा बढी मेकअप म्यानले काम गरिरहेका हुन्छन् । 'पलपलमा'को छायांकनमा यी दुई नायकले भने ओइलाएको अनुहार देखाउनुपर्ने भएकाले चलचित्रका ४० प्रतिशत दृश्यको छायांकनका क्रममा अनुहारमा लाली पाउडर घसेनन् ।

निर्देशक उकेश दाहालको सल्लाहबमोजिम उनीहरूले ती दृश्यलाई क्यामेरामा उतार्दा मेकअपम्यानलाई नजिक आउन दिएनन् । भदौ २५मा सार्वजनिक हुन लागेको प्रेमकथाको नौलो आयाम भनिएको चलचित्र 'पलपलमा'मा दिलीप र रमितका अतिरिक्त सुमन सिंह र विक्रान्त बस्नेतले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

# ● फिल्मी खबर ●

## घरघरमा यतिको खोजी

केही समयअघि प्रदर्शन भएको चलचित्र 'यतिको खोजीमा' अब घरघरमा हेर्न पाइने भएको छ। गत मंगलबार राजधानीमा आयोजित एउटा अनौपचारिक समारोहमा चलचित्रको डिभिडी सार्वजनिक गरिएको छ। सञ्चारकर्मीमाझ चलचित्रको डिभिडी सार्वजनिक गर्दै हाइटेक इन्टरटेन्मेन्टका राजेन्द्र मानन्धरले सिनेमा हलमा गएर चलचित्र हेर्न नभ्याएकाहरूका लागि यतिको खोजीको डिभिडी तयार पारिएको बताए। चलचित्रका नायक तथा निर्माता लक्ष्मण बस्नेत 'यतिको खोजीमा' लाई साहसिक नेपाली चलचित्र बताउँछन्। उनका अनुसार यो चलचित्रमा आश्चर्य, रहस्य तथा द्वन्द्वका रोमाञ्चक दृश्य समावेश गरिएको छ। सन्तोष ढकालद्वारा निर्देशित यो चलचित्रमा लक्ष्मण बस्नेत तथा सुनिता गन्धर्वको रोमान्टिक जोडीले मुख्य भूमिका निर्वाह गरेका छन्।

## भोजपुरी चलचित्रको छायांकन

भोजपुरी भाषाको चलचित्र 'यी कैसन बौछार' को छायांकन सुनसरीको झुम्का चोकस्थित मन्दिरमा पूजा गरेर थालिएको छ। कमैयाप्रथामा केन्द्रित चलचित्र 'यी कैसन बौछार' मा जमिनदारको घरमा पुस्तौंसम्म दास भएर बस्नुपर्ने अवस्थालाई दर्साइनेछ। आधा दर्जन चलचित्रमा अभिनय गरिसकेका श्याम कटुवाल नायक तथा चारवटा चलचित्रमा आइसकेकी हरिशा बानियाँ चलचित्रकी नायिका हुन्। शिवओम अधिकारीको कथा एवं निर्देशन तथा विप्लव अधिकारी, रमेश केसी र लक्ष्मी शर्माको लगानीमा निर्माण भैरहेको यो चलचित्रको सम्पूर्ण छायांकन पूर्वाञ्चलका कन्याम, कोसी ब्यारेज, भेडेटार, रामधुनी जंगल आदि स्थानमा एक महिनाभित्रै सम्पन्न हुने चलचित्र युनिटले बताएको छ।

## रुद्राक्ष

उदय सुब्बाले निर्देशन गर्ने चलचित्र 'रुद्राक्ष' को छायांकन प्रारम्भ भएको छ। पाखिन फिल्म्सको ब्यानरमा



निर्माण हुने यो चलचित्रका निर्माता दिनेश पाखिन हुन्। माइला लामाको संगीत, प्रकाश पुरीको पटकथा तथा संवाद, राम जनकको द्वन्द्व, विमल ढकालको छायांकन र दिनेश पाखिनको नृत्य रहेको चलचित्र 'रुद्राक्ष' मा राजेश हमाल, सुवास मेचे, राजेशपायल राई, झरना थापा, सुनील थापा, दिनेश शर्मा, निर्मल लामा, सोम लामा तथा उदय सुब्बाको मुख्य भूमिका छ।

## तीन चलचित्रको भिडन्त

आगामी साता एकैसाथ तीनवटा चलचित्र सार्वजनिक हुँदैछन्, जसमा नरेश पौड्यालको 'दीपशिखा', दिपक श्रेष्ठको 'हिम्मत टु' तथा उकेश दाहालको 'पलपलमा' छन्। वितरण तथा प्रदर्शकले यी चलचित्रका लागि समय व्यवस्थित गर्न नसक्दा यी तीन चलचित्रको व्यावसायिका भिडन्त हुने भएको हो। नायिका अरुणिमा लम्सालको कथामा निर्माण भएको चलचित्र 'दीपशिखा'मा उनी आफैं चलचित्रकी केन्द्रीय नायिका हुन्, जसमा नीरज बराल र जीवन लुइँटेल नायक छन्। चलचित्रमा चेतन सापकोटाले संगीत दिएका छन्। दीपक श्रेष्ठको चलचित्र 'हिम्मत टु'मा विराज भट्ट, युना उप्रेती तथा श्रीकृष्ण लुइँटेलको दोहोरो भूमिका छ भने बसुन्धरा भुषाल, दिनेश डिसी, सुशील पोखरेल आदि कलाकारले पनि त्यसमा अभिनय गरेका छन्। चलचित्रका संगीतकार आलोकश्री हुन्। त्यस्तै उकेश दाहालको 'पलपलमा'मा दिलीप रायमाझी, रमित ढुंगाना, सुमन सिंह, सुजाता सिटौला, उषा पौडेल, शशी खड्का, दिलीप गौतम, विक्रान्त बस्नेत, रूपा राना आदि कलाकार छन्। यो चलचित्रमा महेश खड्काले संगीत दिएका छन्।

## गुडबाई गरिँदै

झरना बज्राचार्य, सुनिल थापा, प्रशान्त ताम्राकार, उषा रजक, दिया मास्के, मनीष ढुंगेल, युविन श्रेष्ठ आदि कलाकारले अभिनय गरेको चलचित्र 'गुडबाई'को सम्पादन अन्तिम चरणमा पुगेको छ। थ्रिलर श्रेणीमा राखिएको यो चलचित्रका निर्देशक उदय सिजापति हुन्। नरेशदेव पन्त, शिशिरप्रकाश बाङ्देल तथा निमा रुम्बा निर्माता रहेको चलचित्र गुडबाई जासुसी र रहस्यमा आधारित छ।

## कातिकमा स्वर

प्रसन्न पौडेलको निर्देशनमा निर्माण भएको चलचित्र 'स्वर' यही कात्तिक-मंसिरतिर सार्वजनिक हुने भएको छ। मनीष राजभण्डारी, रवि लामा तथा सुरेन बलामीको लगानीमा निर्माणको अन्तिम चरणमा पुगेको यो चलचित्रमा राजबल्लभ कोइराला, केकी अधिकारी, यसराज कार्की, अमित पोखरेल, बेनिशा हमाल, जोयस, रिमा विश्वकर्मा आदि कलाकारले अभिनय गरेका छन्। सांगीतिक प्रेमकथामा आधारित यो चलचित्रमा भूपेन्द्र खड्काको गीतरचनामा सुगम पोखरेल तथा सत्य-स्वरूपको संगीत सुन्न पाइन्छ।

## च्यालेञ्ज धमाधम

गायक नवीन के. भट्टराईको संगीतले सजिएको चलचित्र 'च्यालेन्ज'को सम्पादन सिमोस सुनुवारले गरिरहेका छन्। एक्सन तथा बदलामा आधारित यो चलचित्रको १५ प्रतिशत छायांकन अमेरिकामा गरिएको छ भने यसमा तीन जना अमेरिकी कलाकारले समेत अभिनय गरेका छन्। नायक रेश मरहट्टा र माधव ढकालको लगानीमा निर्माण भैरहेको यो चलचित्रमा रेश मरहट्टा, आयुष रिजाल, खुस्बु न्यौपाने, रेखा थापा, बीएस राणा आदि कलाकारको मुख्य भूमिका छ।

# मोडलिङ प्रतिस्पर्धामा खेलकुद



**साप्ताहिक समाचार**

काठमाडौं– आगामी शनिबार राजधानीमा हुने एउटा सौन्दर्य प्रतियोगिताका प्रतिस्पर्धी महिला तथा पुरुष मोडलहरू उत्कृष्ट खेलाडी बन्ने प्रतियोगितामा सहभागी भएका छन्। गत मंगलबार मीनभवनस्थित ईपीएस स्कुलको प्रांगणमा आयोजित खेलकुद प्रतियोगितामा तीन दर्जनभन्दा बढी मोडल सहभागी भए।

राजधानीलगायतका देशका विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्दै 'मिस्टर एन्ड मिस काठमाडौं-२०१०' मा प्रतिस्पर्धा गरिरहेका युवा-युवतीहरू मिस्टर एन्ड मिस स्पोर्ट्स उपाधिका लागि प्रतिस्पर्धा गरिरहेका थिए। शीर्षक उपाधिका लागि मोडलहरूबीच ह्यान्ड बल, दौड तथा भलिबल खेलाइएको आयोजना एक्सपोज नेपाल डट कमले जनाएको छ। दिनेश शाही तथा चाँदनी लामिछानेद्वारा कोरियोग्राफी गरिएको यो प्रतिस्पर्धाअन्तर्गत सबै प्रतियोगी आज शुक्रबार आयोजना हुने ट्यालेन्ट शोमा समेत सहभागी हुनेछन्।



# ● लभ गुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २४ वर्षीय अविवाहित युवक हुँ। एक वर्षअघिदेखि मैले एक युवतीसँग फोनमा कुराकानी गर्न थालेको छु। कुराकानीका क्रममा बिस्तारै हामी एक-अर्कालाई माया गर्न थाल्यौं र मैले पछि मात्र थाहा पाएँ, ती युवतीको उनको इच्छाविपरीत पहिले नै विवाह भैसकेको रहेछ र उनको एक छोरीसमेत छिन्। यो कुरा थाहा पाएपछि पनि हामी एक-अर्कालाई माया गरिरहेका छौं। यस्तो अवस्थामा म घर-परिवार र समाज सबै कुरा सोचेर उनलाई स्वीकार गरौं कि नगरौं भन्ने दोधारमा पर्छु। उनको र मेरो अहिलेसम्म भेट भएको छैन, तर हामीबीच तस्बिर आदान-प्रदान भएको छ। उनी मलाई भन्छिन्, हामीले सँगै जीवन बिताउने हो, तर मेरो विवाह भैसकेकाले म दोधारमा छु। उनको कुरा सुनेर मैले उनलाई पारपाचुके गर्न सुझाव दिंदा उनी त्यसो गर्न मिल्दैन भन्छिन्। यस्तो अवस्थामा म के गरूँ ?**

**कखग**

तपाईंको प्रेम काँचो हो जस्तो देखिन्छ। एकले अर्कालाई मन पराउने पहिलो आधार भनेकै एकले अर्कालाई राम्रोसँग हेर्नु र मन बुझ्नु हो। तपाईंको हकमा तपाईंले ती युवतीलाई अहिलेसम्म प्रत्यक्ष नदेखेकाले ती युवतीको हाउभाउ, आनीबानी कस्तो छ भन्ने कुराप्रति तपाईं अनभिज्ञ हुनुहुन्छ। आजभोलि फोनमा, इन्टरनेटमा र सञ्चारका अरू माध्यममा तपाईंको जस्तो प्रेम छ्यासछ्यास्ती देखिन्छ। कतिपय मानिस समय कटाउन वा अर्को पक्षलाई जिस्क्याउन पनि प्रेमको यस्तो नाटक गर्छन्। तपाईंसँग तपाईंकी ती कथित प्रेमिकाले पनि कतै यस्तै नाटक त गरिरहेकी छैनन् ? यदि त्यसो हो भने तपाईं प्रेमको भ्रममा हुनुहुन्छ। यदि त्यसो होइन भने एकपटक तपाईंले ती युवतीसँग प्रत्यक्ष भेटघाट गर्ने तारतम्य मिलाउनुहोस् र सबै कुरा बुझेर आफ्ना कुरा स्पष्टसँग राख्नुहोस्। त्यतिबेला पनि ती युवतीले तपाईंलाई आफ्नो कुनै समस्या देखाउँछिन् वा तपाईंलाई टार्न खोज्छिन् भने ती युवतीलाई बिर्सनुमै तपाईंको कल्याण छ।

YEIPU FASHION
तपाई महिलाहरु Botique/ फेशन डिजाइनिङ कोर्स गरी आत्मनिर्भर बन्न चाहनुहुन्छ भने हामीलाई सम्पर्क गर्नुहोला।
(दमकल नजिकको पेट्रोल पम्प छेउमा) पूल्चोक, ललितपुर
फोन:९८४१५५७५६४ ५५३६२०२
"Diploma in Fashion Designing" (महिलाहरुद्वारा संचालित)



२५ कर्मचारी चाहियो
American (URI) Project लाई कर्मचारी चाहियो
योग्यता: Test, SLC, PCL Or Above
संख्या: 13 Gents & 12 Ladies
तलब: 10500+TA+दशै भत्ता
Unique Reliance int. P. Ltd
9851038463, 9849195509 9803152873
कोटेश्वर SOS को अपोजिट निखिलेश्वर मन्दिर प्रवेश मार्गको छेउको लामो घर
Note: बुझ्न आउदा Document अनिवार्य छ।

कस्मेटिक सर्जरी
- शरिरमा भएको दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा आगोले पोलेर भएको समस्याको लागी
- नाक, कान, आाखा सम्बन्धि कस्मेटिक सर्जरी
- मंगोलियन आाखाको उपचार
- टाउकोमा केश उमार्न
- अनुहारको चाउरीपन हटाउन
- स्तनसम्बन्धि कस्मेटिक सर्जरी
नेपाल प्लास्टिक सर्जरी अस्पताल
हरिशिद्धी, ललितपुर
५२५०६६५, ९८०३८८३५७७

तु: आवश्यकता
चक्रपथ सामाखुशीमा अवस्थित Active उद्योगको लागि कर्मचारी तु: आवश्यकता।
योग्यता - Test, SLC, PCL.
संख्या - 5 Gents / 5 Ladies
पद - Supervisor
तलब - 7,000/+गाडीभाडा
सम्पर्क: 01-4357898
9721576884, 9841149781
नोट: ग्याँस चुल्हो मर्मत सम्बन्धि नि:शुल्क Training साथै Job को पनि व्यवस्था छ।

खुम्जुङ होटेल तालिम बागबजारमा
सम्पूर्ण होटल तालीममा धमाधम भर्ना
कुक, सिक्नेका लागि वेटर, हाउसकिपिङ, वेकरी English languges सित्तैमा (कुनै दुई वटा वेटर सिक्नेका लागि English languges फ्री पुस्तकालयको व्यवस्था, दक्ष अनुभवि शिक्षकद्वारा आफ्नै होटलमा सम्पूर्ण तालीम दिइने वार टेन्डर सिक्नेकालागि वेटर सित्तैमा वैदेशिक रोजगारको पनि व्यवस्था
Hotel Khumjung Pvt. Ltd.
बागबजार शाखा: रत्नपार्कबाट बागबजार छिर्दा पिके कलेजको पर्खाल छुने विचिकै दाहिने पट्टीको सुन पसलबाट भित्र छिर्ने यति प्लाजा भित्र IBM College को तेश्रो तल्लामा (लिफटको पनि सुविधा छ।)
4240199, 016226791, 9841578724

सान्डा तेल
लिंग खडा, लामो, मोटोको लागि सान्डा तेल
HERBAL LEVITRA + सान्डा तेल
सिघ्र पतनको लागि DOOZ 14000 स्प्रे
लिंग लामो पार्न Longjohn
थाहै नदिई जाँड रक्सी खैनी चुरोट छुटाउने डिफ्युजल
स्तन बढाउने, घटाउने, टाईट गर्ने, मोटोपना घटाउने, तौल बढाउने, गप्ताङ्ग टाईट गर्ने Silky Drops चाया पोतो, चाउरीपना ग्यारेन्टीका साथ निको पार्ने
हर्बोट्रेडिङ्ग होम, नयाँ बसपार्क
९७२१५३९२३५, ९८०३४३६४३८

फ्रि : वेटर / वेट्रेस
दैनिक भत्ता रु-२००/-
तालिम पश्चात फ्रि - BARTENDER पनि
5 STAR होटलमा Practical हुने उत्कृष्टलाई १०००० सम्मको जागिरको व्यवस्था।
विदेश जानेकोलागी होटल सम्बन्धी स्पेशल कोर्षको व्यवस्था।
WISDOM HOTEL TRANING
KALIMATI CHOWK 01-4277104
CHABHIL CHOWK 01-6223587

फ्रि ! फ्रि !! फ्रि !!!
ब्यूटिसियन कोर्ष
● Advance सिक्दा Basic फ्रिमा
● वेसिक / एडभान्स / डिप्लोमा / स्पेशल सर्टकोर्ष
फेस्टिवल डिस्काउन्ट
बिदेशजानेहरूलाई Special Class
रोजगारको ग्यारेन्टी
N.B.T.C. Gaushala
Ph: 016914439 / 9851116915



# सक्कली कि नक्कली ?



हलिउड नायिका एलिजाबेथ हर्लेले आफ्नो स्तनका बारेमा हालै गरिएको टिप्पणीको खुलेर प्रतिवाद गरेकी छिन् । उनको स्तन प्लास्टिक सर्जरीका कारणले नै आकर्षक देखिएको समाचार प्रकाशित भएपछि हर्ले रिसाएकी हुन् । 'मेरा स्तन शतप्रतिशत वास्तविक हुन्,' हर्लेको दाबी छ– 'स्तन आकर्षक बनाउन मैले कुनै चिकित्सकको सहयोग लिएकी छैन ।' हर्ले स्पेन भ्रमणमा रहेका बेला त्यस्तो समाचार सार्वजनिक भएको हो । स्पेनमा उनले कम पहिरन लगाएर खुबै रमाइलो गरिन् । स्पेन भ्रमणका तस्बिर सार्वजनिक भएपछि उनको आकर्षक शारीरिक बनावटको चर्चा चल्यो । सर्जरीको माध्यमबाटै उनले आफ्नो शरीरलाई सुन्दर बनाएकी हुन् भन्ने आरोप पनि लगाइएको थियो ।

# जोन चढे साठी फिटमाथि



आफ्नो चलचित्रको प्रोमोशनका लागि नयाँ-नयाँ शैली अँगाल्ने क्रममा अभिनेता जोन अब्राहमले आफ्नो आगामी चलचित्र 'झूठा ही सही' को प्रोमोशनको नयाँ उपाय अँगालेका छन् । उनले आफू अभिनीत उक्त चलचित्रको पोस्टर अनावरण गर्न साठी फिट उचाइमा राखिएको होर्डिङ चढेका थिए । मुम्बई नगरीमा राखिएको जोन अभिनीत चलचित्र 'झूठा ही सही' को उक्त होर्डिङको टाइटल जोन अब्राहम इज अ लायर राखिएको छ । निर्देशक अब्बास टायरवालाको निर्देशनमा बनेको यो रोमान्टिक कमेडीमा जोनको नायिकाको भूमिका निर्देशक अब्बासकी पत्नी पखीले निर्वाह गरेकी छिन् ।

# पर्दामा अमिताभ र श्रीदेवी



अभिनेता अमिताभ बच्चन र अभिनेत्री श्रीदेवीको जोडीलाई सिनेप्रेमीहरूले पुनः पर्दामा एकसाथ देख्न पाउन भएका छन् । यो जोडीलाई सिल्भर स्क्रिनमा ल्याउने काम गर्दैछन् निर्देशक बाल्कीले । यसअघि निर्देशक बाल्कीले अमिताभ बच्चनसित चलचित्र 'चिनी कम' र 'पा' मा काम गरिसकेका छन् । श्रोतका अनुसार इलैयाराजाको संगीत रहने उक्त चलचित्र 'बिग बी' शीर्षकमा बन्नेछ । यसअघि अमिताभ बच्चन र श्रीदेवीको जोडीलाई इन्कलाब, आखिरी रास्ता र खुदा गवाहमा देख्न पाइएको थियो ।



# पोर्न स्टारको खुलासा

पूर्वपोर्नस्टार जेना जेमसनले सेलिब्रेटीहरूद्वारा सेक्स टेपका बारेमा बोल्ने झूटा कुराका कारण आफू दुःखी भएको बताएकी छिन् । सेलिब्रेटी हेइदी मोनटेग तथा किम कार्डिसियनले सेक्स टेपका बारेमा झूटो बोलेका थिए । यसैलाई आधार बनाएर जेनाले उनीहरूको आलोचना गरेकी हुन् । ३६ वर्षीया जेनाले ट्वीटरमा लेखेकी छिन्– 'सेलिब्रेटीहरू धेरैभन्दा धेरै पैसा तथा प्रचारका लागि त्यस्तो कार्य गर्छन्, तर सेक्सका बारेमा उनीहरू झूटो बोलिरहेका हुन्छन् । 'म एउटी त्यस्ती सेलिब्रेटीलाई नजिकबाट चिन्छु जसले पैसाका लागि आफ्नो सेक्स टेप बेचेकी छिन्, जेमाको दाबी छ– 'अर्का एक जना सेलिब्रेटीले प्रचारप्रसारकै लागि आफ्नो सेक्स टेप बेचेका छन् ।' जेमाले कसैको नाम भने उल्लेख गरेकी छैनन् । 'म मेरो सेक्स टेपका लागि आफैं जिम्मेवार छु,' उनी भन्छिन्– 'म आफ्नो सेक्स टेप बेचेपछि न त रुन्छु न त प्रेमीलाई टेप चोरेर बजारमा पुर्‍याएको आरोप नै लगाउँछु ।'

# लिजाको बाईबाई



रक एन्ड रोल आइकन लिजा मेरी प्रिस्लेले हलिउडलाई बाई-बाई गरेकी छिन् । हलिउडको रंगीन संसारबाट उनी बेलायतको एउटा गाउँमा बसोबास गर्न थालेकी छिन् । स्थायी बसोबासका लागि उनले आफ्ना श्रीमान् तथा जुम्ल्याहा छोराहरूसँग हरियालीयुक्त ग्रामीण बस्ती रोजेकी हुन् । आफ्ना पूर्वश्रीमान् माइकल ज्याक्सनसँग सम्बन्धित हल्लाहरूले बजार तताएपछि गायिका तथा कलाकार लिजाले अमेरिका छाड्ने निर्णय गरेकी हुन् । ४२ वर्षीया गायिका बेलायतको केन्टस्थित एउटा आलिशान बंगलामा बसोबास गर्न थालेकी छिन् । उक्त बंगलाको मूल्य १ करोड २० लाख अमेरिकी डलर भएको बताइन्छ । ११ वटा बेडरुम भएको उक्त बंगलामा सुरक्षाको व्यापक व्यवस्था मिलाइएको छ । घरको सुरक्षाका लागि आधा दर्जन सुरक्षाकर्मी खटाइएको छ ।

# जेनेलिया बनिन् राजकुमारी



चर्चित क्यामरामेन एवं निर्देशक सन्तोष सिवनको आगामी चलचित्र उन्मिमा अभिनेत्री जेनेलिया पुर्तगाली राजकुमारी बनेकी छिन् । समाचारमा जनाइएअनुसार यो ऐतिहासिक चलचित्र हो । यो चलचित्र एउटा त्यस्तो बालकको कथामा आधारित छ, जो वास्को डिगामाको हत्या गर्न चाहन्छन् । यो चलचित्र मलायालम र तमिल भाषामा बनिरहेको छ । जेनेलिया भन्छिन्, उनले यो चलचित्रमार्फत आफ्नो परिचय बनाउनेछिन् ।



## ● मेरो अनुभव ●

# कन्ट्रोभर्सी

**मनोज पण्डित (चलचित्र निर्देशक)**

'कन्ट्रोभर्सी' शब्द मेरो नामसँग जोडिएर आउँछ । कलाक्षेत्रमा लागेर पनि मैले देश र जनताप्रति गर्नुपर्ने कर्तव्यहरू हुन्छन् । आँखा चिम्लेर बस्न सकिँदैन । मैले जानेको कला भनेकै फिल्म मेकिङ हो । म फिल्म मेकिङबाटै आफ्नो देशप्रतिको कर्तव्य पूरा गरिरहेको छु । यसैबाट आवाज उठाइरहेको छु । त्यसो गर्दा म 'कन्ट्रोभर्सी'मा पर्छु । एकातिर सबै किसिमको स्वतन्त्रता छ भन्ने अनि अर्कातिर मानवअधिकार खोस्ने ? राज्यले गरेको अत्याचार र अन्यायविरुद्ध बोल्दा मलाई सरकारले नबोल भन्छ भने कहाँ जाने बोल्न ? मैले मेरो माध्यम फिल्मबाट आफूले बोल्न चाहेको कुरा बोलिरहेको छु । 'ग्रेटर नेपाल' त्यतिबेला प्रदर्शनमा आयो, जब ठाउँ-ठाउँमा पृथ्वीनारायण शाहका सालिक ढालिँदै थिए । 'ग्रेटर नेपाल'मा मैले पृथ्वीनारायण शाहले थालेको एकीकरण अभियानलाई ठीक बताए भनेर 'कन्ट्रोभर्सी'मा ल्याइयो । भारतले निकै अघिदेखि नेपालका हरेक गतिविधिमा हस्तक्षेप गर्ने कुराको विरोध गर्दा यहाँका राजनीतिज्ञहरूले मेरो उपहास गरे ।

अहिले प्रायः सबै क्षेत्रमा भारतको हस्तक्षेपले गर्दा ती राजनीतिज्ञहरू अलमल्लमा परेका छन् । बाहिर सयौं पटक प्रदर्शन भएर 'ग्रेटर नेपाल'को त्रिपुरेश्वरको डिइसिसीमा प्रदर्शन गर्दा प्रहरी आएर प्रदर्शन रोके । कसले रोकेको भनेर सोध्दा 'माथिको आदेश' भनियो । त्यो 'माथि' भन्ने को रहेछ भनि डिएसपी, एसपी, गृहमन्त्रालयदेखि प्रधानमन्त्रीसम्म पुगियो, तर त्यो 'माथि' फेला परेन । अनि विरोध गर्दा मलाई थुनियो । चलचित्र 'दासढुंगा'मार्फत नेपाली जनतालाई ०५० साल सम्झाउने प्रयत्न गरेको छु । मदन भण्डारीसँग विदेशी शक्ति आक्रोशित थिए भनिन्छ । भण्डारी कतै त्यही आक्रोशको सिकार त भएका थिएनन् ? भन्ने लागेर हामीले त्यही घटनामा आधारित चलचित्र निर्माण गर्‍यौं । त्यसलाई पनि 'कन्ट्रोभर्सी'मा परियो । सत्य कुरा बोल्दा तीतो हुन्छ । मैले सत्य देखाउने प्रयत्न गरेको छु । त्यसैले 'कन्ट्रोभर्सी'मा आउँछु । म 'कन्ट्रोभर्सी'का लागि 'कन्ट्रोभर्सी' गर्दिनँ । काम गर्दै जाँदा 'कन्ट्रोभर्सी'मा परिन्छ र त्यो 'कन्ट्रोभर्सी'ले मलाई पीडा दिन्छ, तर 'कन्ट्रोभर्सी' हुन्छ भनेर सही काम गर्न भने रोक्दिनँ ।

## केवल एक प्रश्न



अविवाहित व्यक्तिलाई श्रीमती र छोराछोरीको चिन्ता हुँदैन । सबैभन्दा ठूलो फाइदा यही नै हो कि ?

**राजबल्लभ कोइराला (नायक)**

अविवाहित व्यक्ति परिवारप्रति खासै जिम्मेवार हुनुपर्छ जस्तो लाग्दैन । सायद यही नै एउटा फाइदा हो ।

**करिश्मा कार्की (पौडीबाज)**

अविवाहित रहनु भनेको स्वतन्त्र पन्छीजस्तै उड्न पाउनु हो । एक्लो जीवनको एक मात्र फाइदा यही नै हो ।

**अमृत क्षेत्री (गायक)**

रमाइलो प्रश्न सोध्नुभयो ! फाइदा त धेरै छन्, एउटै मात्र भन्नुपर्दा स्वतन्त्रता नै हो । विवाहपछि यो कुरा पाइन्छ जस्तो लाग्दैन ।

**आस्था बी (गायिका)**

अविवाहित हुनुका फाइदा धेरै छन् । एउटै मात्र भन्न गाह्रो पर्छ जस्तो छ । अँ...अविवाहित हुनुको एउटा महत्त्वपूर्ण फाइदा भनेको तपाईंले जे चाहनुभयो त्यही गर्न सक्नुहुन्छ । विवाहितलाई यसो गर्न पक्कै सजिलो हुँदैन ।

**मालिभका सुब्बा (पूर्व मिस नेपाल)**

# अविवाहित हुनुको एक मात्र फाइदा के हो जस्तो लाग्छ ?

## ● अपोजिट सेक्स ●

**प्रवीण श्रेष्ठ** (मोडल/फेसन डिजाइनर)



### मन पर्छ

**आँखा–** मलाई युवतीहरूसँग आँखा जुधाएर कुराकानी गर्न मन लाग्छ, किनभने युवतीहरूको मुहारमा सबैभन्दा सुन्दर देखिने आँखा नै हो ।

**ओठ–** गोरो मुहारमा गुलाबी ओठ अनि त्यसमा ग्लस लगाएर टल्काएको मलाई साह्रै मन पर्छ ।

**मिलेको जीउडाल–** मिलेको जीउडाल भएकी युवती साथीसँग डिस्कोमा कम्मर समातेर घण्टौंसम्म नाच्न सक्छु ।

**सिल्की केश–** लामो सिल्की केशलाई हावाले लहराउँदा उनीहरूको सुन्दरता अझ निखारिन्छ जस्तो लाग्छ ।

### मन पर्दैन

**फोनमा लामो कुरा गर्ने बानी–** मोबाइल वा फोनमा घण्टौं कुरा गर्ने केही युवतीको बानी मलाई मन पर्दैन । बरु भेटेरै कुरा गर्नु नि ।

**ठूलो पेट–** युवतीहरूको ज्यान चिटिक्क मिलेकै राम्रो हुन्छ, पेट लागेको उनीहरूलाई सुहाउँदैन ।

**लामो नङ–** साँच्चै युवतीहरूले लामो नङ किन पाल्छन् ? केटाहरूलाई चिथोर्न ? नङ त पाल्ने होइन, फाल्ने कुरा पो हो ।

**सानो स्तन–** सपाट स्तन उमेर पुगेका युवतीलाई सुहाउँदैन । बरु बुस्टअप गरे हुन्थ्यो नि जस्तो लाग्छ ।

# मिस्टर एन्ड मिस ट्यालेन्ट इन्टरनेसनल

**निर्मल श्रेष्ठ**




हङकङ- याउमा तेइस्थित हेनरी जी ल्योङ हलमा गत आइतबार साँझ पहिलो मिस्टर मिस ट्यालेन्ट हन्ट इन्टरनेसनलको ब्यग्र प्रतीक्षा भैरहेको थियो । नेपालीसँगै भारतीय, फिलिपिनो र स्थानीय चिनियाँ प्रतियोगीहरू सहभागी उक्त कार्यक्रमका फिलिपिनो उद्घोषक जेम्सले सबैभन्दा पहिले मिस ट्यालेन्टका प्रतियोगी सुन्दरीहरूलाई स्टेजमा निम्त्याए । बिरालो चालमा आठ सुन्दरी स्टेजमा देखा परे । सबैभन्दा पहिले देखा परिन् नेपाली सुन्दरी गीता थापामगर । त्यसपछि अन्य सात प्रतिस्पर्धी स्टेजमा ओर्लिए । मिस्टर ट्यालेन्टमा रजत आलेमगर, सुदीप लिम्बू, फिलिपिन्सका माल्भिन एड्रिन जुनिजा, भारतीय अनिकित मेहता, बरुण गुरुङ, सफल पाइजा, सागर लिम्बू गरी आठ प्रतिस्पर्धी मञ्चमा देखा परे ।

प्रारम्भमा पोखराकी गीता थापाले आफूमा निहित आन्तरिक प्रतिभा प्रस्फुटन र नयाँ साथीभाइ बनाउन प्रतियोगितामा सहभागिता जनाएको बताइन् । अर्की प्रतियोगी बुनु लिम्बूले भने केही नयाँ कुरा सिक्न पाइने बताइन् । मेलिजाले प्रतियोगितामा आफ्नो सहभागितालाई जीवनकै उत्कृष्ट क्षणमध्येको बताइन् । रजत आलेमगरले प्रतियोगिताले आफूलाई सकारात्मक ऊर्जा दिने बताए ।

सुन्दरीहरू स्टेजमा क्याटवाक र प्रतिभा प्रदर्शन गरिरहेका थिए । फिलिपिनो सुन्दरी १८ वर्षीया मेलिजा एने भिल्लामिल र फिलिपिन्सकै १७ वर्षीया माल्भिन एड्रिन जुनिजाको भाग्य नै बलियो । उत्कृष्ट पाँचमध्येबाट दुई उपविजेताको नाम घोषणापछि मिस्टर र मिस ट्यालेन्टबारे अनुमान लगाउन धेरैलाई गाह्रो परेन । जब उद्घोषक वसन्ती पुनले सोधिन्, 'हु विल बि द विनर अफ फर्स्ट मिस ट्यालेन्ट हन्ट इन्टरनेसनल ?' हलै थर्कने गरी स्वर गुन्जियो, 'नम्बर थ्री, मेलिजा ।' मिस्टर ट्यालेन्ट छनोटमा पनि फरक स्वर विरलै सुनिए । उद्घोषकले दर्शकको अनुमानलाई सही ठम्याए । गाढा



गुलाबी रङको फुर्के गाउनमा सजिएकी मेलिजाले अनुहार चहकिलो पार्दै दर्शकतर्फ हेरिन र हात हल्लाइन् । उद्घोषकले फिलिपिन्सकै माल्भिनलाई मिस्टर ट्यालेन्ट घोषणा गरेपछि दुवैले कुम जुराउँदै दर्शकलाई अभिवादन फर्काए । मेलिजाले मिस लिडरसिपको उपाधि पनि हात पारिन् ।

नेपाली प्रतियोगी भैरहवाका १९ वर्षीय रजत आलेमगर मिस्टर ट्यालेन्ट समूहमा फस्ट रनर्सअप तथा पोखराकी २० वर्षीया गीता थापामगर मिस ट्यालेन्टतर्फ सेकेन्ड रनर्सअप भए । मिस ट्यालेन्ट समूहमै भारतीय मन्दिप कौर फस्ट रनर्सअप र अनिकित मेहता मिस्टर ट्यालेन्टतर्फ सेकेन्ड रनर्सअप भए । गीताले तेस्रो उपाधिसँगै मिस अडियन्स च्वाइस र मन्दीपले मिस्टर पर्सनालिटीको उपाधि पनि जिते । स्थानीय दुई चिनियाँ प्रतिस्पर्धीमध्ये केल्सी चु युन चिले 'बेस्ट फिगर'को उपाधि जितिन् । पहिरन चरणमा नेपाली परम्परागत पोसाकमा सजिएकी केल्सी चु युनले नेपाली दर्शकको समेत मन जितिन् । मिस फोटोजेनिक र ड्रेसको उपाधि बुनु लिम्बूले हात पारिन् भने बेस्ट स्किन स्वर्णनिमा गुरुङको पोल्टामा गयो । मिस क्याटवाकको उपाधि फिलिपिन्सकी सर्मी मार्कोसले जितिन् । पुरुषतर्फ मिस्टर पर्सनालिटी सागर लिम्बू अडियन्स च्वाइस सुदीप लिम्बू तथा फोटोजेनिक सफल पाइजा घोषित भए ।

ट्यालेन्ट हन्ट समूहद्वारा आयोजित मिस्टर एन्ड मिस ट्यालेन्टमा शीर्ष तीन उपाधि विजेताले मुकुटसहित क्रमशः ४ हजार, ३ हजार र २ हजार हङकङ डलर पाए । प्रतियोगिताको निर्णायक मण्डलमा स्थानीय चिनियाँलगायत हङकङमा बसोबास गर्ने नेपाली र बेलायती विभिन्न पेसाकर्मी थिए ।



## ३ प्रश्न

नेपाल टेलिभिजनबाट प्रत्येक आइतबार राति ८:५० बजे एउटा रमाइलो कार्यक्रम प्रसारण भैरहेको छ। देशका विभिन्न सहरबाट छानिएर आएका कलाकारहरूले यो रियालिटी कार्यक्रममा आफ्नो कला प्रदर्शन गरिरहेका छन्। 'छमछमी' शीर्षकको यो कार्यक्रममा नृत्य गर्नेहरु जति सुन्दर छन्, त्यति नै सुन्दर छिन् कार्यक्रम सञ्चालिक एलिजा गिरी। नेपालगन्जकी स्थायी बासिन्दा एलिजालाई दर्शकले मोडलका रूपमा पनि चिन्छन्। एलिजाले रामभक्त-इतु जोजिजूको जहाँ भाँवर छ, थुप्देन भुटियाको यौवनमा त तिम्रो, रिमा गुरुङको धेरै वर्ष...जस्ता लोकप्रिय गीतका म्युजिक भिडियोमा मोडलिङ गरिसकेकी छिन्। डिजे सन्तोषको नाच न मैच्याङ...उनले मोडलिङ गरेको पहिलो म्युजिक भिडियो हो। एलिजाले झन्डै आधादर्जन विज्ञापनमा समेत काम गरिसकेकी छिन्। नेपालगन्जमा छँदा रेडियो बागेश्वरीमा आरजेका रूपमा काम गरिसकेकी एलिजाले सगरमाथा टेलिभिजनमा पनि झन्डै डेढ वर्ष बिताइन्। सगरमाथा टेलिभिजनमा समाचारवाचिका तथा कार्यक्रम प्रस्तोताका रूपमा सक्रिय हुँदाहुँदै उनले नेपाल टेलिभिजनको ५२ भाग लामो रियालिटी शो 'छमछमी' सञ्चालन गर्ने अवसर पाइन्। 'छमछमी' को अडिसनका क्रममा देशका मुख्य नौ सहरमा दर्शकबाट सकारात्मक प्रतिक्रिया पाएकी एलिजा अहिले पनि यही कार्यक्रममार्फत दर्शकको मन जितिरहेकी छिन्। 'छमछमी' का आगामी दृश्य रोमाञ्चक हुने भएकाले दर्शकलाई उक्त कार्यक्रम हेर्न अनुरोध गर्ने एलिजासँग *साप्ताहिक*को तीन प्रश्न:

**तपाईं भिजे, मोडल कि सञ्चारकर्मी ?**

अहिले म भिजे र मोडल मात्र। कार्यक्रम सञ्चालन गरिरहेकाले मलाई दर्शकहरूले भिजेका रूपमा चिन्छन्। म्युजिक भिडियो र विज्ञापनमा काम गरिरहेकी छु, त्यसैले मोडल पनि हुँ।

**अब समाचारवाचन नगर्ने ?**

समाचारवाचन गर्ने रहर पुग्यो, अब म कार्यक्रम सञ्चालिकाका रूपमा मात्र काम गर्छु। फुर्सदमा म्युजिक भिडियो र विज्ञापनमा काम गर्ने त छँदैछ।

**'छमछमी'ले दर्शकलाई कति मनोरञ्जन दिइरहेको छ ?**

नृत्यमा आधारित नेपालकै पहिलो रियालिटी शो भएकाले दर्शक सहभागिता बढिरहेको छ। काठमाडौं बाहिरका दर्शकमाझ कार्यक्रम अत्यन्त लोकप्रिय छ।

## सानो पर्दा

### सबीको ठाउँमा कृतु

सगरमाथा टेलिभिजनबाट प्रसारण भैरहेको कार्यक्रम 'मनोरञ्जन एक साथ' मा भिडियो जक्की परिवर्तन भएकी छिन्। यसअघि सबी कार्कीले सञ्चालन गर्ने यो कार्यक्रम गत सातादेखि नयाँ भिजे कृतु भण्डारीले सञ्चालन गर्न थालेकी छिन्। यो कार्यक्रम प्रत्येक बुधबार साँझ ६:३० बजे प्रसारण हुन्छ।

### कोमलको गीत प्रतिबन्ध

गायिका कोमल वलीको नयाँ एल्बम 'बदमास' यो एउटा गीतको म्युजिक भिडियोको प्रसारणमा नेपाल टेलिभिजनले प्रतिबन्ध लगाएको छ। तीजलाई लक्षित गर्दै गायिका वलीले गाएको 'धत्तेरिका शिवजी रैछौं बदमास...' को भिडियो तथा प्रोमोको प्रसारणमा टेलिभिजनले रोक लगाएको हो। नेपाल टेलिभिजनका कामु नायब महाप्रबन्धक प्रकाशजंग कार्की धर्ममा चोट पुऱ्याउने खालको भएकाले गीतको प्रसारण रोकेको बताउँछन्। कार्की भन्छन्, 'कुनै पनि धर्ममा आँच आउने खालका गीत नेपाल टेलिभिजनबाट प्रसारण हुँदैन।'

### लोकप्रिय बन्दै 'यू एन्ड मी'

मोफसलको पहिलो र एक मात्र टेलिभिजन तराई टेलिभिजनमा दैनिक साँझ ५ बजे प्रसारण हुने 'यू एन्ड मी' को लोकप्रियता बढ्दै गएको छ। यो कार्यक्रमले विभिन्न सहरमा गै त्यहीँका दर्शकसँग प्रत्यक्ष कुराकानी र उनीहरूको रोजाइमा विभिन्न गीत प्रसारण गर्ने भएकाले पनि यो कार्यक्रम लोकप्रिय भैरहेको छ। कार्यक्रमका भिजे विवेक




खतिवडा आफूले एक वर्षयता पूर्वाञ्चलदेखि पश्चिमाञ्चलका विभिन्न सहरसम्म कार्यक्रम लिएर गैसकेको र जुन ठाउँमा पनि दर्शकहरूको न्यानो माया एवं सद्भाव पाएको बताउँछन्। आधा दशकदेखि स्थानीय रेडियो वीरगन्जमा आरजेका रूपमा कार्यरत विवेकले दुई वर्षयता भिजेको भूमिकासमेत निर्वाह गर्दै आएका छन्। कार्यक्रम यू एन्ड मीमा नेपालीका साथै हिन्दी गीत पनि प्रसारण हुने भएकाले यो कार्यक्रमका दर्शक बढेको अनुमान गर्छन् उनी। चाँडै नै केही रचनात्मक फेरबदल गरी अझ नयाँ रूपमा कार्यक्रमलाई लिएर आउने यू एन्ड मीका प्रोड्युसर दीपेश श्रेष्ठ बताउँछन्।

### पक्कै हुन्छ गोलमाल

तराई टेलिभिजनबाट नयाँ हास्यशृंखला 'हुन्छ हुन्छ पक्कै हुन्छ गोलमाल' को प्रसारण प्रारम्भ भएको छ। सागर लामिछानेद्वारा निर्देशित यो शृंखलाको प्रसारण भदौ १३ गतेदेखि प्रारम्भ भएको हो। सुरेन्द्र नकर्मीद्वारा लिखित यो श्रृंखलामा राजाराम पौडेल, विष्णु सापकोटा, सुलेमान शंकर इकु, देवीराम पराजुली, सुनिता गौतम, सामना सिटौला, पीताम्बर आचार्य, पदम कार्की, प्रमिला खड्का, सोनिया जिया, इसान खड्का आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्। यो शृंखला प्रत्येक आइतबार राति ८:३० बजे प्रसारण हुन्छ। श्रृंखलामा सामाजिक एवं राजनैतिक विषयवस्तुलाई हास्यशैलीबाट प्रस्तुत गरिएको छ। शृंखलामा इकुको उपनामले चर्चित शुलेमान शंकरले अर्कै ग्रहबाट आएको एलियनको भूमिका निर्वाह गरेका छन्।

## विदेशबाट

हिन्दी धारावाहिकलाई थप मनोरञ्जक बनाउन यतिबेला निर्देशकहरू धारावाहिकमै आइटम गीत समावेश गर्न थालेका छन्। सोनी च्यानलबाट प्रसारण भैरहेको 'बात हमारी पक्की है' मा सानो पर्दाकी नायिका सारा खान आइटम गर्लका रूपमा प्रस्तुत हुँदैछिन्। यो धारावाहिकको आगामी शृंखलाका नायक श्रवण आफ्नो विवाहको घोषणाबाट दुःखी हुँदै एउटा डिस्कोथेक पुग्छन्। नायिका साक्षी पनि श्रवणको पिछा गर्दै त्यही पुग्छिन्। डिस्कोथेकमा सारा खान लोकप्रिय आइटम गीत 'मुन्नी बदनाम हुई डार्लिङ तेरे लिए' मा आकर्षक नृत्य गरेर दर्शकलाई मनोरञ्जन गराइरहेकी हुन्छिन्। स्टार प्लसको 'बिदाइ'बाट बिदा भएपछि सारा अचेल आइटम गर्लका रुपमा चर्चित हुन थालेकी छिन्।






## जम्का भेट

आर्यन सिग्देलका चलचित्र हेर्न अहिले काठमाडौंका मल्टिप्लेक्स पुगे हुन्छ। विशेष गरी गोपीकृष्ण मुभिजमा उनी नायक भएका तीनवटा चलचित्र एकसाथ प्रदर्शन भैरहेका छन्। १५-१५ दिनको अन्तरालमा आर्यनकै मुख्य भूमिका रहेका तीन चलचित्र 'द फ्ल्यास ब्याक', 'फस्ट लभ' र 'कोही मेरो' सार्वजनिक भए। तीनवटै चलचित्रमा उनलाई दर्शकले रुचाए। यद्यपि अनुमानविपरीत आर्यन अनेकौं चलचित्रको छायांकनमा व्यस्त छैनन्। पछिल्लो पुस्ताका सर्वाधिक चर्चामा रहेका नायक आर्यन दर्शकबाट मन पराइए पनि निर्माता-निर्देशकहरुले धमाधम आफ्ना चलचित्रमा किन लिएनन् ? उनका सामु पनि यो प्रश्न तेर्सिएको छ। त्यसका अतिरिक्त आर्यनले धेरै पढेका छैनन्, महिला र रक्सी भनेपछि हुरुक्कै हुन्छन् जस्ता हल्ला पनि सुन्नुपरेको छ। काठमाडौं थानकोटनिवासी यी अविवाहित नायक हाल सहरको बीचोबिच एउटा सानदार फ्ल्याट भाडामा लिन खोजिरहेका छन्।

**थानकोट त नजिकै छ नि, फेरि किन भाडाको फ्ल्याट खोज्दै हुनुहुन्छ ?**

फिल्म खेलेर त्यति कमाउन सकेको छैन कि घरै बनाउन सकूँ। कहिले सुटिङ, कहिले डबिङ, मानिसहरूसँग भेटघाटजस्ता काममा व्यस्त हुँदा घर पुऱ्याउनेलाई पनि टाढा र आफूलाई पनि सुविस्ता नहुने भएकाले धेरै अघिदेखि लाजिम्पाटमा फ्ल्याट लिएर बस्न थालेको थिएँ। फेरि म सहरको रमझममा रमाउने प्रकृतिको छु। फुर्सद भयो कि म रातभरि सहर डुलिरहन सक्छु। त्यसैले पनि सहरभित्रै फ्ल्याट लिएर बस्दा सहज हुन्छ। अहिलेको भन्दा अलिक राम्रो फ्ल्याट खोजिरहेको छु।

**रक्सी पिउन र केटी साथीहरूसँग समय बिताउन पनि रमाइलो मान्नुहुन्छ रे ?**

पिउनु मेरो बानीचाहिँ होइन, फिल्म सर्कलमा पिउँदा र पिलाउँदा साथीभाइहरू बढेको पाएको छु। मेरो आशय सबै साथी पिएकै भरमा बनेका हुन् भन्नेचाहिँ होइन। फुर्सदका बखत कतै बसेर अलिकति पिउँदा आनन्द महसुस गर्छु। जहाँसम्म केटी साथीहरूसँग समय बिताउने कुरा छ। त्यसलाई यसो पनि भन्न सक्नुहुन्छ नि, केटीहरू आर्यनसँग समय बिताउन रमाइलो मान्छन् र म उनीहरूको इच्छा पूरा गरिदिन्छु।

**तीनवटा चलचित्र एकपछि अर्को प्रदर्शनमा आएर सफल मानिएपछि तपाईंलाई आफ्ना चलचित्रमा लिन निर्माता/निर्देशकहरू लाम लागेका होलान्, होइन ?**

फोन आउँछ, भेटघाट पनि हुन्छ, तर म एउटा सेड्युलमा एउटा मात्र चलचित्रमा व्यस्त हुन चाहन्छु। त्यसो गर्दा म एउटा चलचित्रको छायांकन अवधिभर त्यही 'क्यारेक्टर'लाई आफूमा उतारिरहन सक्छु, जसले गर्दा मेरो अभिनयकला पर्दामा अझ निखारिन्छ। फेरि मलाई थोकको भाउमा चलचित्र साइन गरेर आफूभित्र रहेको प्रतिभालाई सस्तो बनाउने रहर छैन। छानेर मात्र चलचित्र खेल्छु।

**त्यसो गर्दा घाटा लाग्दैन त ? हिट हिरोलाई पारिश्रमिक निकै दिन्छन्। पैसा कमाउन पनि प्रस्ताव आएका चलचित्रहरू साइन गर्दा के नै बिग्रन्छ र ?**

मेरा दुई-चारवटा चलचित्रले सफलता पाए भन्दैमा म तपाईंले भनेजस्तो हिट हिरोचाहिँ होइन। फेरि मैले पैसा कमाउन अभिनय पेसा रोजेको पनि होइन। पैसा कमाउन व्यापार व्यवसायमा लाग्न सक्थें। मभित्र अभिनयको लालसा छ, त्यही पूरा गर्दैछु।

**प्रदर्शनमा आएका तीन चलचित्रमध्ये तपाईँलाई कुन मन पऱ्यो ?**

यही नै मन परेको छ भनेर कसरी भन्न सक्छु र ? भर्खरै प्रदर्शनमा आएको 'कोही मेरो' आलोकको चलचित्र भएकाले उसको काम गर्ने शैलीको म फ्यान नै थिएँ। त्यो चलचित्र राम्रो बनेको छ। 'फस्टलभ'ले त सफलताको रेकर्ड तोड्यो भन्ने सुन्दैछु। दर्शकले हामीलाई माया गरेका रहेछन्। 'द फ्ल्यास ब्याक'मा मलाई हेरेका दर्शकले चलचित्रमा मेरो अभिनय मन परेको कुरा सुनाउँदा मनै आनन्दित हुन्छ। आउनै लागेका 'कसले चोऱ्यो मन' र छायांकन भैरहेका 'मेरो लभस्टोरी' र 'आई एम सरी'मा मैले आफूलाई अझ निखारेको छु।

• चलचित्र •




# दासढुंगा

जेठ ३, ०५० को दिन नेपाल कम्युनिस्ट पार्टी एमालेका तत्कालीन महासचिव मदन भण्डारी तथा केन्द्रीय सदस्य जीवराज आश्रित जीपमा पोखराबाट चितवन जाँदै थिए । जीपलाई चालक अमर लामाले चलाएका थिए । राजमार्गको दासढुंगा भन्ने ठाउँमा पुगेपछि अनायासै जीप नारायणी नदीमा खस्यो ।

उक्त दुर्घटनामा भण्डारी र आश्रितको निधन भयो भने चालक लामा बाँच्न सफल भए । चलचित्र 'दासढुंगा'को कथा यहीँबाट आरम्भ हुन्छ । अहिलेसम्म रहस्यमै रहेको मानिएको उक्त दुर्घटनालाई आधार बनाएर निर्माण गरिएको चलचित्र 'दासढुंगा'मा रहस्यको पर्दाफास गर्न खोजेका गतिविधिलाई कथानक स्वरूपमा समेटिएको छ । चलचित्रको अर्को पाटोमा दुर्घटनाको छानबिन भैरहँदा कीर्तिपुरमा टाउकोमा तीन गोली हानेर मारिएका चालक अमर लामाको हत्याको रहस्य पनि केलाउने प्रयास गरिएको छ । यथार्थवादी तथा रहस्यात्मक यो चलचित्रको निर्माण अपिल विष्टले गरेका हुन् ।

आज शुक्रबार सार्वजनिक हुने चलचित्र 'दासढुंगा'मा अनुप बराल, किरण कुँवर, दयाहाङ्ग राई, सञ्चिता लुइँटेल, सौगात मल्ल, बीएस राणा, रामशरण पाठक, विश्व बस्नेत आदि कलाकारले अभिनय गरेका छन् । चलचित्र 'दासढुंगा'का छायाँकार पुरुषोत्तम प्रधान हुन् ।



# जादुगर

केही समयअघि हास्य कलाकार महादेव त्रिपाठी टेलिशृंखला 'मेरी बास्सै' मा जादुगरको भूमिकामा देखा परेका थिए । त्यसपछि बालबालिका माझ उनी आफ्नो नामले भन्दा पनि शृंखलाको नाम 'जन्तरु मन्तरु' बाट चर्चित भए । तिनै 'जन्तरु मन्तरु' लाई दर्शकहरूले आजदेखि चलचित्रको पर्दामा हेर्न पाउने छन् । बालबालिकाको मनोविज्ञानमा आधारित चलचित्र 'जादुगर' मा जादुगर 'जन्तरु मन्तरु' ले पचासभन्दा बढी बालबालिकालाई 'सुपर हिरो' ले जस्तै सघाउँछ र हसाउँछ अनि बालबालिकाहरूलाई जादुकलाबाट चकित बनाउँछ र खलपात्रहरूबाट बचाउँछ । काठमाडौं, ललितपुर, भक्तपुर तथा बनेपाबाट प्रदर्शन थालिने यो चलचित्रको निर्देशन वास्तविक जीवनमा समेत जादुकला जानेका हास्यकलाकार त्रिपाठीले गरेका हुन् । चलचित्रमा उनले माइकल ज्याक्सनको क्यारिकेचरसमेत गरेका छन् । सुनिता लामा तथा भुपेश ओलीले निर्माण गरेको चलचित्र जादुगरमा रामशरण चौधरीको छायांकन, योगेन्द्र श्रेष्ठको द्वन्द्व, शंकर बिसीको नृत्य तथा विनोद खुम्बुको संगीत छ । यो चलचित्रलाई बालबालिकाहरूका लागि हास्य, रहस्य एवं आश्चर्यले भरिपूर्ण बताइएको छ ।




# द अमेरिकन

रोमान्स तथा थ्रिलर श्रेणीमा राखिएको हलिउडको चलचित्र 'द अमेरिकन' को सार्वजनिक प्रदर्शन हिजो बिहीबार प्रारम्भ भएको छ । १ घण्टा ३५ मिनेट लामो यो चलचित्रको निर्देशन एन्टोन कोर्बिन्जले गरेका हुन् । इन्जो सिस्टिद्वारा निर्मित यो चलचित्रमा जर्ज क्लोनी, थेक्ला रिटेन, पाउलो बोनासेल्ली, भ्वालेन्ट प्लासिडो, इरिना जोक्लन्ड आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । फोकस फिचर्सले चलचित्रलाई विश्वव्यापी रूपमा प्रदर्शन गरिरहेको छ । चलचित्रको छायांकन इटालीका रमाइला लोकेसनमा गरिएको छ । चलचित्रको कथा अमेरिकाबाट प्रारम्भ भए पनि यो स्वीडेन हुँदै इटालीमा पुगेर विकसित हुन्छ । चलचित्रका नायक ज्याक अमेरिकी हुन् । उनी एक्लो जीवन मन पराउँछन् । स्वीडेनको जागिरे जीवन अन्त्य भएपछि उनी इटालीको ग्रामीणबस्तीतर्फ लाग्छन् । बिरक्तिएर इटाली पुगेका ज्याक अचानक एउटा त्यस्तो काममा सक्रिय हुन्छन्, जसका बारेमा उनले कल्पनासमेत गरेका हुँदैनन् । त्यहाँ उनले हतियार निर्माण गर्ने काम पाउँछन् । स्थानीय पादरीसँगको मित्रतापछि उनी सुन्दरी क्लाराप्रति पनि आकर्षित हुन्छन् । ज्याक र क्लाराको रोमान्सले कम समयमै गति लिन्छ । चलचित्र क्लाइमेक्ससम्म आइपुग्दा दर्शकले सोच्दै नसोचका घटनाक्रम विकसित हुन्छन् ।



# वी आर फेमिली

बलिउडमा यो साता एउटा मात्र चलचित्र 'वी आर फेमिली' प्रदर्शन हुँदैछ । पारिवारिक तथा रोमान्टिक कथा समेटिएको यो चलचित्रमा अर्जुन रामपाल, काजोल, करिना कपूर, आँचल मुञ्जाल, नोमिनाथ गिन्बर्ग, दिया सोनेचा आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । अधिकांश दृश्य अस्ट्रेलियामा छायांकन गरिएको यो चलचित्रको निर्देशन सिद्धार्थ पी मल्होत्राले गरेका हुन् भने करण जौहर यसका निर्माता हुन् । शंकर अहसान लोयद्वारा संगीतबद्ध चलचित्रका गीतहरू राहत फतेह अलि खान, श्रेया घोषाल, शंकर महादेवन, सोनु निगम आदिले गाएका छन् । यो चलचित्रको कथा विदेशी कथाकारको उपन्यास स्टेप मममा आधारित छ ।

चलचित्रको कथाअनुसार माया (काजोल) का लागि आफ्ना तीन सन्तान आलिया, अंकुल तथा अञ्जलीभन्दा ठूलो कुरा केही छैन । उनको सम्पूर्ण ध्यान छोरा-छोरी हुर्काउनमै केन्द्रित छ । मायाले आफ्ना श्रीमान् अमन (अर्जुन रामपाल) सँग सम्बन्धविच्छेद गरिसकेकी छिन् । सम्बन्धविच्छेद गरे पनि उनी अमन तथा उनका छोराछोरीको जीवन सहज ढंगले बितोस् भन्ने चाहन्छिन् । अमनले एक दिन आफ्नी प्रेमिका श्रेया (करिना कपुर) लाई मायासँग चिनजान गराउँछन् । श्रेयाका लागि उनको करियर महत्त्वपूर्ण छ । परिवार तथा बालबालिकाप्रति उनी अनभिज्ञ छिन् । चलचित्रको कथाअघि बढ्दै जाँदा दुवै महिला एउटै घरमा बस्नुपर्ने बाध्यता आइपर्छ । दुवैबीच विकट परिस्थिति सिर्जना हुन्छ । यसक्रममा मायाले केही कुराको त्यागसमेत गर्नुपर्ने हुन्छ, किनभने भने उनी 'वी आर फेमिली' भन्ने कुरा गर्वका साथ भन्न रुचाउँछिन् ।








सर्वाधिक बिक्री हुने
साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
तस्बिर : साइबरसंसार डटकम
सुष्मा कार्की


पहिरन : छवी बुटिक, कुपण्डोल
श्रृंगार : उषा

## ● साताको स्वर ●



**'को हुँ म......' कस्तो शैलीको गीत हो ?**

यो हाम्रो समूहको नयाँ गीति संग्रह 'सुनाउँदै छौँ' मा समावेश भएको अल्टरनेटिभ रक शैलीमा आधारित गीत हो ।

**यो गीत कस्ता श्रोताका लागि**

कुरितीलाई चित्रण गरिएको छ खासगरी वेश्यावृत्तिमा लाग्न बाध्य हुने महिलाहरूको कथा समेटिएको छ ।

**गीत लोकप्रिय भएकै हो त ?**

म्युजिक भिडियो सार्वजनिक भएपछि गीतका

### ११:३० बसन

**तयार पारिएको हो ?**

खासगरी रक संगीतका युवा पारखीका लागि तयार पारिएको गीत हो तर सन्देशमूलक भएकाले हरेक उमेरका श्रोताले मन पराएका छन् ।

**गीतमा कस्तो सन्देश छ ?**

नेपाली समाजमा देखिएको

श्रोता तथा दर्शक ह्वात्तै बढेका छन् । कन्सर्टमा पनि यही गीत गाउन अनुरोध आउँछ ।

**म्युजिक भिडियो कस्तो छ ?**

हाम्रै समूहले तयार पारेको म्युजिक भिडियोमा गीतको भावना अनुरूपकै भिडियो तयार पारिएको छ ।

### तीजको कोसेली बोकेर दीपा

नुवाकोटकी गायिका दीपा पन्तले तीजको अवसर पारेर आफ्नो दोस्रो एल्बम बजारमा ल्याएकी छिन् । 'दिदीबहिनी नाचौं सरर' शीर्षकको भिसिडी एल्बमलाई एम सेरिज इन्टरटेनमेन्टले बजारमा ल्याएको हो । दीपाको पहिलो एल्बम 'रियालिटी' वर्ष दिनअघि बजारमा आएको थियो । सोही एल्बमको एउटा भिडियोसमेत समावेश गरिएको उनको पछिल्लो एल्बमको शीर्ष गीतमा प्रिन्सको लय तथा शब्द समावेश छ । एल्बमका दुवै भिडियोको कोरियोग्राफी दीपाले नै गरेकी छिन् भने भिडियो निर्देशनसमेत उनैले गरेकी हुन् ।

### अन्तरालमा दीपक

गायक दीपक लिम्बू प्रत्येक महिना नेपालगन्जमा हुने अन्तराल सांगीतिक श्रृंखलामा सहभागी भएका छन् । कार्यक्रममा गायक लिम्बूले आफ्नो नयाँ गीतिसंग्रह 'श्रोता' को मुटु मार्यौ तिमीले, मैले बाँच्नुपर्छ...सहित नाइँ नभन्नु ल, मैले त्यही भएर मन परा'को, कसले चोर्‍यो मेरो मन आदि चलचित्रका गीत प्रस्तुत गरेका थिए । अन्तरालको भदौ महिनाको श्रृंखलाको शीर्षक 'यहाँ देशको छ चिन्ता, तिमी माया माया भन्छौ' राखिएको थियो ।

### निर्णय पुनः सडकमा

गायक निर्णय श्रेष्ठ आफ्ना लोकप्रिय गीत प्रस्तुत गर्न पुनः सडकमा ओर्लिएका छन् । यसपटक उनी एउटा मोटरसाइकलको प्रचारका लागि रोड शोमार्फत संगीत पारखीमाझ प्रस्तुत भएका हुन् । पार्टी नेपालले आयोजना गरेको रोड शोमा निर्णयले गीत-संगीत प्रस्तुत गरिरहेका छन् भने बी-ब्वाइजले स्टन्टमार्फत दर्शकहरूलाई मनोरञ्जन दिइरहेका छन् । उक्त रोड शो अघिल्लो बुधवार नेपालगन्जमा, बिहीबार धनगढीमा तथा गत शनिबार पोखरामा सम्पन्न भैसकेको छ ।

### यात्राको सफलता

गायक दीप श्रेष्ठको पछिल्लो गीतिसंग्रह 'यात्रा' निकट भविष्यमा वितरण गरिने ईमेज एवार्डको छवटा विधामा मनोनीत भएको छ । गीतकार योगेन्द्रमणि दाहालका शब्द तथा राजु सिंहको संगीतमा तयार पारिएको आधुनिक गीतहरूको यो संग्रह वर्षको उत्कृष्ट गीतिसंग्रह, उत्कृष्ट गीतकार, उत्कृष्ट रेकर्डिङ, उत्कृष्ट म्युजिक भिडियो, उत्कृष्ट म्युजिक भिडियो निर्देशक तथा उत्कृष्ट भिडियो सम्पादनको विधामा मनोनीत भएको हो ।

### आनीको संग्रह सार्वजनिक

गायिका आनी छोइङ डोल्माको नयाँ गीतिसंग्रह 'इनर पिस भाग दुई' को विमोचन सम्पन्न भएको छ । विमोचन समारोहमा गायिका आनीले चारवटा मन्त्र तथा एउटा गीत गाइन् । नयाँ संग्रहका गीत पनि बन्दना तथा आशीर्वादमा केन्द्रित रहेको उनी बताउँछिन् । बौद्ध धर्मसँग सम्बन्धित मन्त्र गाए पनि आफ्नो स्वर मन पराउने सबैले नयाँ संग्रहका गीत मन पराउने आनीको विश्वास छ । स्याक म्युजिकले बजारमा ल्याएको यो संग्रहका सबै गीत न्हुयू बज्राचार्यले संगीतबद्ध गरेका हुन् ।

### गोपाल योञ्जनको सम्झनामा

संगीतकर्मी गोपाल योञ्जनको ६६ औं जन्मजयन्तीको अवसर पारेर अघिल्लो साता राजधानीमा विभिन्न कार्यक्रम सम्पन्न भए । भ्वाइस इन्टरनेसनल संगीत स्कुलले योञ्जनको जन्मजयन्तीकै अवसरमा आफ्नो उद्घाटन समारोह सम्पन्न गर्‍यो, जहाँ योञ्जनका छोरा निर्माण तथा छोरी सिर्जना सहभागी थिए । स्कुलको उद्घाटन गायक प्रेमध्वज प्रधानले गरेका थिए । कार्यक्रममा योञ्जनका गीतसमेत प्रस्तुत गरियो । योञ्जनले संगीतबद्ध गरेका केही कालजयी गीत उनकै छोरा निर्माण, संगीतकर्मी गुरुदेव कामत, इन्द्र गुरुङ तथा प्रदीप बम्जनले गाएका थिए । स्कुलका अध्यक्ष दीपरत्न तुलाधर, संगीतकार राजु सिंह, प्रदीप बम्जम आदिले संगीतकर्मी योञ्जनको सांगीतिक योगदानको चर्चा गरे । स्व. योञ्जनको जन्मजयन्तीकै अवसर पारेर मधुरिमा नेपालले सांगीतिक जमघटको आयोजना गर्‍यो । उक्त अवसरमा अभि सुवेदी, भूपाल राई, पूर्ण नेपाली, बिमला राई आदिले स्व. योञ्जनको योगदानको चर्चा गरेका थिए ।

### बेलायतमा सुगम र अभिनाश

गायकद्वय सुगम पोखरेल तथा अभिनाश घिसिङ यस पटकको दसैं-तिहार बेलायतमा मनाउँदैछन् । नेपाली राष्ट्रिय चाडको अवसर पारेर उनीहरूले बेलायतका विभिन्न सहरमा सातवटा सांगीतिक कार्यक्रम प्रस्तुत गर्नेछन् । यसबीच गायक घिसिङले आफ्नो पाँचौं गीतिसंग्रह 'सन अफ माउन्टेन' को बेलायतमै विमोचन गर्नेछन् । सोही

## ● म्युजिक अपडेट ●

कार्यक्रममा सुगम पनि आफ्नो नयाँ संग्रह विमोचन गर्ने तयारी गर्दैछन् ।

### झापामा डम्बरको कन्सर्ट

'तर अन्तिम पटक भेट्न आऊ...' गाएर श्रोताको मन जितेका गायक डम्बर नेपाली गत शनिबार झापाका दर्शकमाझ प्रस्तुत भए । चारआलीस्थित मान्द्रो होटलमा आयोजित सांगीतिक कार्यक्रममा गायक नेपालीले झन्डै डेढ दर्जन गीत प्रस्तुत गरे । कार्यक्रममा उनले नयाँ संग्रह 'मात्र' का प्रायः सबै गीत गाए । श्रोताहरूको अनुरोधमा

## ● अफ द बिट ●



**अमेरिकामा मुसुक्क : सांगीतिक कार्यक्रमका क्रममा अमेरिका पुगेका गायकद्वय जगदीश समाल, कन्हैया सिंह, गायिका अञ्जु पन्त तथा 'पवनकली' माम्पी घोष प्रशन्न मुद्रामा ।**

नेपालीले अन्तिम पटक...गीत थुप्रै पटक गाउनुपरेको थियो । कार्यक्रममा उनले आफ्ना बाहेक भक्तराज आचार्य, अरुण थापा तथा नारायण गोपालका लोकप्रिय गीत पनि प्रस्तुत गरेका थिए ।

### फर्की आऊको रेकर्डिङ

संगीतकार आलोकश्रीको संगीत निर्देशनमा चलचित्र 'फर्की आऊ' का गीतहरूको रेकर्डिङ यसै साता प्रारम्भ भएको छ । ओम प्रतीकको यो चलचित्रका गीत उदितनारायण झा, रामकृष्ण ढकाल, दीपक लिम्बू, मल्लिका कार्की, जमुना शर्मा, प्रविशा अधिकारी आदि गायक-गायिकाले गाइरहेका छन् ।

### मदन गोपालको नयाँ काम

गायक मदन गोपालले एउटा उर्दू गीत गाएका छन् । नेपाली संगीतको अध्ययनका लागि काठमाडौं आएका पाकिस्तानी संगीतकर्मी इमात रहमानको संगीत निर्देशनमा मदन गोपालले उर्दू गीत गाएका हुन् । मदन गोपालका अनुसार यो उर्दू गीत उनको आगामी गीतिसंग्रह 'ओठ' मा समावेश गरिनेछ । यसबीच मदनगोपालले केही महिनाअघि सीआरबीटीकै लागि तयार पारेका ४० सेकेन्डका तीनवटा गीतको पूर्ण संस्करण पनि तयार पारेका छन् ।

### आउँदैछन् अमृत

मुम्बईमा संगीतको प्रशिक्षण लिएर स्वदेश फर्किएका गायक अमृत क्षेत्री चाँडै नै एकल गीति-संग्रहमार्फत श्रोतामाझ आउँदैछन् । 'सम वन' शीर्षक राखिएको यो संग्रहलाई टु एस म्युजिकले बजारमा ल्याउनेछ । सुफी शैलीमा आधारित गीत गाएर चर्चामा आएका गायक क्षेत्री संगीत प्रशिक्षकका रूपमा समेत सक्रिय छन् ।

### इजरायलबाट गीतिसंग्रह

लामो समयदेखि इजरायलमा बसोबास गर्दै आएका गायक तथा संगीतकार देवकुमार चौधरीले त्यहीँबाट एउटा गीतिसंग्रह सार्वजनिक गर्दैछन् । केही समयअघि इजरायलमै रेकर्डिङ गरेर 'मेरो माया' शीर्षकको गीतिसंग्रह सार्वजनिक गरिसकेका चौधरीले यसपटक 'अनुराग' शीर्षकको भिडियो-संग्रह तयार पारेका छन् । यो संग्रहका गीत पनि उनले इजरायलमै रेकर्ड गरेका हुन् । गीतका म्युजिक भिडियोमा इजरायलमै कार्यरत आसिका श्रेष्ठ, सोमना सुब्बा, देवकी ढकाल, शिला तामाङ, मनोज मानन्धर, श्रीकृष्ण अधिकारी आदिले अभिनय गरेका छन् ।

## ● विदेशबाट ●



# केटी पेरीको उदारता

पाश्चात्य संगीतकी स्टार केटी पेरीले आफ्नो उदारताको परिचय दिँदै आफ्ना प्रशंसकहरूलाई निःशुल्क कम्बल तथा सिरानी बाँडेकी छिन् । 'हट एन्ड कोल्ड' गीतिसंग्रहबाट लोकप्रिय भएकी गायिका पेरीले भर्खरै मात्र नयाँ गीतिसंग्रह 'टिनएज ड्रिम' बजारमा ल्याएकी छिन् । उक्त संग्रहको प्रसार-प्रसारका क्रममा गत साता उनले न्युयोर्क सिटीको एउटा आउटडोर प्लाजामा आफ्ना प्रशंसकहरूका लागि निःशुल्क सांगीतिक कार्यक्रम प्रस्तुत गरिन् । पेरीका गीत सुन्न थुप्रै प्रशंसक लाइन लागेर उभिएका थिए । प्रशंसकहरूलाई नजिकबाट नियाल्ने क्रममा उनी अचानक भावुक भइन् । श्रोतालाई धन्यवाद भन्न उनीसँग शब्दहरू कमी भएको पेरीले बताइन् र अन्त्यमा आफ्नो नाम अंकित कम्बल तथा सिरानी बाँड्ने निर्णय गरिन् । उनको यो उदारताबाट न्युयोर्क सिटीका निम्न आय भएका नागरिक लाभान्वित भएको समाचारमा जनाइएको छ ।

# जय शम्भो, नाफा कम भो

**साप्ताहिक समाचार**

काठमाडौं- दिनभरि मैले ठगी गरेँ, बटुली-बटुली दामैदाम । बेलुकी आएँ, मन्दिर धाएँ, भज्दै हे राम, हे राम....जय शम्भो नाफा कम भो,' -गायक शिव परियार मज्जा मान्दै गाउँदै थिए । पुरानो बानेश्वरको गुरुकुलस्थित रिमाल नाट्यघरमा नाटक होइन, सांगीतिक लहर चलेको थियो । बुधबार श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर गीतकार यादव खरेलले रचेका यथार्थवादी आध्यात्मिक गीतहरूको संग्रह विमोचनमा गायक शिव परियारले अर्को एउटा गीत पनि सुनाए । गायिका देविका बन्दनाले पनि 'ईश्वर भन्दछ तिमीभित्रै छ' गीत गाएपछि आध्यात्मिक संगीतको वातावरण सकिए पनि कार्यक्रमको सुरुमा बलिप्रथाका विरुद्धको म्युजिक भिडियोले उपस्थित दर्शकहरूका आँखा रसाए । गायक फत्तेमान राजभण्डारीले गाएको गीत 'प्रभुको वास छ हरप्राणीमा, मैले के यो आँटे ? निरीह पशुको बलि चढाइ, ईश्वरलाई ढाँटे..' को म्युजिक भिडियोमा निर्देशक सम्राट खरेलले शवनम मुखियाबाट खिचिएको गढीमाईको मेलामा दिइएको बलिका दृश्य समेटेका छन् । गीतको भावअनुसार ती दृश्यको सम्मिश्रण हृदयविदारक भएकाले पनि दर्शकहरू ७ मिनेटको उक्त म्युजिक भिडियो हेर्दा स्तब्ध भएका थिए । उक्त अवसरमा गीतकार खरेलको एल्बम 'पूर्णमिदः'मा समावेश गीतहरूलाई गायक नरेन्द्र प्यासी तथा गायिका संगीता रानाले पनि सुनाएका थिए ।



### तीतो सत्य तथा सांगीतिक साँझ कोलोराडोमा

अमेरिका- अन्तर्राष्ट्रिय साहित्य समाजको आयोजनामा कोलोराडो सहरमा 'तीतो सत्य तथा सांगीतिक साँझ' सम्पन्न भएको छ । उक्त अवसरमा 'तीतो सत्य' का कलाकार दीपाश्री निरौला, दीपकराज गिरी, गोपाल अधिकारी तथा सांगीतिक फाँटका चर्चित गायक-गायिकाहरू यम बराल र नलिना चित्रकारले आ-आफ्नो कला प्रस्तुत गरेका थिए । कार्यक्रममा पहिलो नृत्य स्थानीय कलाकार सहारा कार्कीले प्रस्तुत गरेकी थिइन् । उक्त कार्यक्रमको उद्देश्य ब्राइटनस्थित सनातन मन्दिरलाई सहयोग गर्नु थियो । **- राजेश कोइराला**

## पहिलो विश्व



फोटो क्याप्सन :

अर्कै सुन्दरी : तस्बिरमा देखिएका सुन्दरीहरू महिला होइनन् भन्दा जिस्क्याएको जस्तो लाग्न सक्छ, तर थाइल्यान्डका यी पुरुषहरू महिलाका रूपमा परिवर्तन भएपछि आफूलाई युवती नै मान्छन् ।

# ह्यारी पुपरलाई मुद्दा

स्वीजरल्यान्डको एक कन्डम निर्माता कम्पनीले ह्यारी पुपर नामक कन्डम बजारमा ल्याएपछि वार्नर ब्रदर्स कम्पनीले उसका विरुद्ध मुद्दा दायर गरेको छ । म्याजिक एक्स नामक कन्डम निर्माता कम्पनीले बजारमा ल्याएको ह्यारी पुपर कन्डमको आवरणमा ह्यारी पोटरले लगाउने चस्माको कार्टुन चित्र बनाएर उनले जस्तै जादुको लठ्ठी बोकेको देखाएको छ । आगामी साता हुने यो मुद्दाको सुनुवाइमा कम्पनीको यो उत्पादनमाथि प्रतिबन्ध लगाइने कि नलगाउने भन्ने विषयमा निर्णय हुनेछ । आफ्नो चर्चित पात्रलाई कन्डमको आकृतिमा राख्दा पात्रको अपमान भएको छ, जसले यो कन्डमलाई हातमा लिन्छ उसले ह्यारी पोर्टरलाई सम्झन्छ, -वार्नर ब्रदर्शका वकिलले भने । म्याक्स एक्सका वकिलले आफूले सन् २००६ मै स्वीजरल्यान्डको प्रतिलिपि संस्थामा यो नामको कन्डम दर्ता गरेका कारण यसले ह्यारी पोर्टरसँग कुनै पनि किसिमको सम्बन्ध नराख्ने जिकिर गरेका छन् । जे.के. रोलिङद्वारा लेखिएको ह्यारी पोर्टरका विभिन्न श्रृंखलाका पुस्तकले विश्वव्यापी रूपमा सर्वाधिक बिक्री हुने पुस्तकको स्थान पाएपछि वार्नर ब्रदर्शले तिनै पुस्तकवाट चारवटा चलचित्र निर्माण गरेको थियो । ती चलचित्र पनि अत्यधिक आम्दानी गर्न सफल छन् ।






# विवाहअघिको यौनसम्पर्क हानिकारक

अनुसन्धानकर्ताहरूले गरेको पछिल्लो खोज-सर्वेक्षणअनुसार विवाहअघि यौनसम्बन्ध राख्ने जोडीहरूको विवाहपछिको यौनसम्बन्ध उत्साहजनक हुँदैन । बेलायतका ३ हजार विवाहित जोडीमा गरिएको सर्वेक्षणअनुसार विवाहअघि सातामा चार पटक यौनसम्बन्ध राख्ने जोडीले विवाहपछिका तीन वर्षमा सातामा एकपटक मात्र यौनसम्पर्क राखेको पाइयो । सर्वेक्षणमा सहभागीहरूमध्ये प्रत्येक १० जनामा ६ जनाले विवाहपछि हुने यौनसम्बन्धमा कुनै किसिमको उत्साह नरहेको बताएका थिए । आधाभन्दा बढी विवाहित जोडीले विवाहपछि आफ्नो सम्बन्ध प्रेमी-प्रेमिकाको जस्तो नभएर साथीको जस्तो भएको समेत बताए । सर्वेक्षणमा सहभागीहरूमध्ये ५९ प्रतिशतले विवाहपछि आफ्नो यौनजीवन नीरस रहेको बताएका थिए ।

### अन्त्यमा...

यौनसम्पर्कका लागि अधिकांश जोडीले आफू सुत्ने ओछ्यानलाई नै प्रयोग गर्दै आएका छन् । यद्यपि मन मिलेपछि आफू सुत्ने ओछ्यानमै यौनसम्पर्क गर्नुपर्छ भन्ने मान्यता पनि बिस्तारै हराउँदै गएको छ । आफू सुत्ने ओछ्यानबाहेक जोडीहरूलाई कुन-कुन स्थानमा यौनसम्पर्क राख्दा आनन्द आउँछ भनेर कस्मोपोलिटेन पत्रिकाले गरेको सर्वेक्षणमा ८२ प्रतिशतले 'बाथरुममा सावर लिँदै' भनेका छन् । सफा हुने र पानीले फोहोराले थप आनन्द दिने हुनाले जोडीहरूले उक्त स्थानलाई पहिलो छनोटमा पारेका हुन् । १ हजार ५ सय सहभागीलाई सोधिएको उक्त प्रश्नको उत्तरमा ८० प्रतिशतले कारको पछिल्लो सिटमा भनेका छन् भने ५४ प्रतिशतले स्वीमिङ पुल वा कुनै पोखरीको किनार बताएका छन् । यसरी उत्तर दिनेहरूमा ४९ प्रतिशतले झाडीमा, ४८ प्रतिशतले भान्छाकोठामा, ४२ प्रतिशतले पार्कमा र ३७ प्रतिशतले पालभित्र भन्ने जवाफ दिएका थिए । कतिपय जोडीले आफ्ना अभिभावकको ओछ्यान र वासिङ मेसिन पनि प्रयोग गरेको बताएका थिए । यो सर्वेक्षण मानिसको



बदलिँदै गएको यौन आचरण थाहा पाउने उद्देश्यले गरिएको थियो ।

# राजधानीमा सफ्टवेयरको मेला

● शिव मुखिया

स्वदेशी सफ्टवेयरको विकास एवं प्रवर्द्धनका लागि राजधानीमा बुधबारदेखि 'मिदास क्यान सफ्टटेक' प्रारम्भ भएको छ । सफ्टवेयर डेभलपमेन्ट, आउट सोर्सिङ, अन्तर्राष्ट्रिय ब्रान्डेड सफ्टवेयर, सर्भिस, बीपीओ, इ-गभर्नेन्स, इ-लर्निङ, वेब डिजाइनजस्ता विषयमा जानकारी दिन मेला प्रभावकारी हुने आयोजकहरूले बताएका छन् । स्वदेशी सफ्टवेयर विकासकर्ताहरूको सहभागिता रहेको मेला भोलि शनिबारसम्म चल्नेछ ।

सफ्टटेकमा सफ्टवेयर विकासकर्ता कम्पनीहरूले आफूले विकास गरेका थुप्रै उपलब्धि सार्वजनिक गरेका छन् । हरेक स्टलमा निःशुल्क इन्टरनेट प्रयोग गर्न पाइने व्यवस्था छ । मेलाबाट नेपालको बैंकिङ क्षेत्र, सरकारी निकाय, स्वास्थ्य, आर्थिक, सञ्चार आदि सेवामा आधारित निजी क्षेत्र लाभान्वित हुने आयोजकको विश्वास छ । 'मेला सफ्टवेयर प्रदर्शनीको थलो मात्र होइन,' आयोजक कम्प्युटर एशोसिएसन अफ नेपाल (क्यान)का अध्यक्ष सुरेशकुमार कर्णले भने, 'नेपाली सफ्टवेयर उद्योगको पहिचान, सफ्टवेयर उत्पादनका सम्भावना एवं चुनौतीहरूका सम्बन्धमा बहस गर्ने प्लेटफर्म पनि हो ।'

सफ्टवेयर विकासका विषयमा सम्बन्धित विज्ञहरूमाझ अन्तर्क्रिया पनि भैरहेको छ । यस क्रममा नेपाली सफ्टवेयर उद्योगको पहिचान एवं सफ्टवेयर विकासकर्ताहरूले सफ्टवेयर विकासका लागि पाउनुपर्ने सुविधाका विषयमा बहस भएको क्यानका कार्यवाहक महासचिव नारायण न्यौपानेले बताए । त्यस्तै, सफ्टवेयर प्रयोगकर्ताको आवश्यकता एवं चाहनाअनुरूपको सफ्टवेयर उत्पादन, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका गैरसरकारी संस्थाहरूमा प्रयोग भैरहेका सफ्टवेयर, सर्वसाधारण जनताको पहुँचमा सफ्टवेयर विस्तारका कार्यक्रम, सफ्टवेयर प्राइभेसी, कानुनी प्रावधान आदि विषयमा अन्तर्क्रिया सम्पन्न भएका छन् । सूचना तथा सञ्चार प्रविधि विषय लिएर उच्च शिक्षा हासिल गरिरहेका विद्यार्थीहरूसमेत यो एक्स्पोबाट लाभान्वित भएको आयोजकहरूको दाबी छ ।

मेलाको अवसर पारेर मर्कन्टाइलले पुमरी सफ्टवेयर भर्सन चार सार्वजनिक गरेको छ । तीन दशकदेखि बैंकहरूका लागि उपयोगी सफ्टवेयर बनाउँदै आएको मर्कन्टाइलले पछिल्लो भर्सनमा वार कोड थप गरिए सफ्टवेयर सार्वजनिक गरेको हो । मण्डला सिस्टम प्रालिले एकाउन्टसम्बन्धी सफ्टवेयर प्रदर्शनी गरेको छ । यसअघि मण्डलाले एयरलाइन्समा उपयोगी सफ्टवेयर बनाउँदै आएको थियो । मिदासले सफ्टटेकको अवसरमा उपभोक्तामुखी इनफर्मेसन बैंक सिस्टम सार्वजनिक गरेको छ । एसएमएसको माध्यमबाट विभिन्न विषयमा स्पष्ट जानकारी पाउन इनफर्मेसन बैंक सिस्टम प्रयोग गर्न सकिन्छ । क्यान सफ्टटेकमा ५८ वटा स्टल तथा ८ वटा सरकारी पेभिलियन छन् । मेला त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको चौथो तलामा सञ्चालन भैरहेको छ ।



## उद्घाटनमा भिडियो कन्फरेन्स

सूचना प्रविधि सम्बद्ध मेला 'क्यान सफ्टटेक-२०१०' को उद्घाटनलाई प्रविधिमय बनाउने आयोजकहरूको लक्ष्य भने त्यति सफल हुन सकेन । प्रधानमन्त्री माधवकुमार नेपालले उद्घाटन गरेको मेलामा तीन प्रमुख दलका प्रमुख नेताहरूले विभिन्न ठाउँबाट भिडियो कन्फरेन्सको माध्यमबाट 'शुभकामना सन्देश' दिने कार्यक्रम तय भएको थियो । समय अभाव भएको भन्दै एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहालले शुभकामनाका लागि भिडियो रेकर्ड गराए । यता डल्लुबाट नेकपा (एमाले) अध्यक्ष झलनाथ खनाल तथा महाराजगन्जबाट नेपाली कांग्रेसका कार्यवाहक सभापति सुशील कोइराला 'भिडियो कन्फरेन्स' का लागि तयारी अवस्थामा बसे, तर उनीहरूको तयारी त्यति फलदायी हुन सकेन । कोइरालाको न मन्तव्य स्पष्ट सुन्न सकियो, न त दृश्य राम्रो देखियो । लामो समय तयारीमा बसेका खनालको मन्तव्य "भिडियो कन्फरेन्स"बाट देखाउन नसकिएपछि अडियो सन्देश सुन्नुपरेको थियो । अझ, सफ्टवेयरसम्बन्धी यो मेलामा उनीहरूले अरू नै विषयमा वढी समय खर्चिए । शुभकामना सन्देश दिँदै प्रमुख दलका नेताहरूले सूचना प्रविधिको विकास निरन्तर भैरहेको तर ग्रामीण समाज अझै पनि यसबाट लाभान्वित हुन नसकेको बताएका थिए । सूचना-प्रविधिको अधिकतम प्रयोगबाट मात्र देश तथा जनता समृद्ध हुने उनीहरूको भनाइ थियो ।

# युरोपबाट फर्किए कलाकार

काठमाडौं– करिब तीन सातासम्म युरोपका विभिन्न देशमा बसोबास गर्ने नेपालीहरूलाई मनोरञ्जन गराएर कलाकारहरूको एउटा समूह स्वदेश फर्किएको छ । गायिका मल्लिका कार्की, अञ्जना गुरुङ तथा गायक नरेन्द्र प्यासीले युरोपका चार सहरमा आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गरेका थिए । एनआरएन फ्रान्सको निमन्त्रणमा युरोपको सांगीतिक भ्रमणमा निस्किएको यो समूहले सबैभन्दा पहिले पेरिसमा आफ्नो कार्यक्रम प्रस्तुत गरेको थियो ।

गायिका मल्लिका कार्कीका अनुसार पेरिसपछि उनीहरूले बेल्जियम, हल्यान्ड तथा जर्मनीमा सांगीतिक कार्यक्रम प्रस्तुत गरे । 'प्रत्येक कार्यक्रममा हामीले एक दर्जनभन्दा बढी गीत गायौं,' गायिका अञ्जना गुरुङका अनुसार एउटै कार्यक्रममा दर्शकको रोजाइका गीत थुप्रै पटक गाउँदा दर्शकहरूले प्रसस्त मनोरञ्जन प्राप्त गरेका थिए । अधिकांश कार्यक्रममा अञ्जना गुरुङले 'म त काली सुन्दरी...' गाउँदै दर्शकहरूलाई नचाएकी थिइन् भने मल्लिका कार्कीले 'यति धेरै मानिसको भीडमा...' गाउँदा दर्शकहरू उफ्रिएका थिए । नरेन्द्र प्यासी भने 'तिमीबिनाको जीवन...' गाउनमै व्यस्त भए ।



# सचित्र



तिमी जहाँ छौ, म त्यहीं छु..: चलचित्र कसलाई दिउँ यो जोवनको छायांकनमा दुबईको सडकमा नाच्दै नायिका झरना थापा ।



लौ किन रिसाएकी, यता फर्क न : चलचित्रमा नयाँ नायकका साथ नायिका रेजिना उप्रेतीको अभिनय ।



उषासँग उषाको भेट : नायिका उषा पौडेल पूर्व मिस नेपाल उषा खड्गीसँग ।




नाम्लोको उद्घाटन : टेलिभिजनकर्मी नवराज आचार्यको झम्सीखेल, ललितपुर स्थित नाम्लो रेष्टुराँको उद्घाटन गर्दै मिस नेपाल जेनिशा मोक्तानलगायत सुन्दरीहरू ।



माछा टोक्ने कि ? : गत वर्षको चलचित्र 'मौसम'मा आर्यन सिग्देल नायिका रञ्जना शर्मालाई जिस्क्याउँदै ।



छोरीभन्दा आमा तरुनी : नायिका करिश्मा मानन्धर छोरी कविताका साथ घरमा ।







## छोडी गएलाई सात, दासढुंगालाई चार

**साप्ताहिक समाचार**

काठमाडौं- उज्ज्वल घिमिरेको निर्देशनमा गत वर्ष सार्वजनिक भएको चलचित्र 'छोडी गए पाप लाग्ला' ले एकै फड्कोमा सातवटा एवार्ड पोल्टामा पारेको छ भने यसै साता मात्रै सार्वजनिक हुन लागेको मनोज पण्डित निर्देशित चलचित्र 'दासढुंगा' ले भने चारवटा एवार्डमा अधिकार जमाएको छ । चलचित्र विकास बोर्डद्वारा सोमबार आयोजित राष्ट्रिय चलचित्र पुरस्कार वितरण समारोहमा उनीहरुरूे उक्त एवार्ड पाएका हुन् । व्यवस्थापिका संसद्का सभामुख सुवास नेम्बाङबाट 'छोडी गए पाप लाग्ला' लाई सर्वोत्कृष्ट चलचित्र, निर्देशक, अभिनेत्री, छायांकार, पार्श्वगायक, पार्श्वगायिका र संगीतकार तथा 'दासढुंगा' लाई अभिनेता, सम्पादक, सहअभिनेता र स्पेशल जुरी एवार्ड वितरण गरियो ।

चलचित्र विकास बोर्डद्वारा जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित 'राष्ट्रिय चलचित्र पुरस्कार तथा सम्मान समारोह-०६७' मा छ विधामा ०६३ सालको राष्ट्रिय चलचित्र पुरस्कार, १९ विधामा ०६५ सालको राष्ट्रिय चलचित्र पुरस्कार, १९ विधामा ०६६ सालको राष्ट्रिय चलचित्र पुरस्कार, पाँच विधामा ०६५ को आदिवासी जनजातिका मातृभाषामा बनेका चलचित्र पुरस्कार, पाँच विधामै नै ०६६ को आदिवासी जनजातिका मातृभाषामा बनेका चलचित्र पुरस्कार प्रदान गरिएको थियो । यसका साथै समारोहमा चालिस वर्षदेखि नेपाली चलचित्र क्षेत्रमा सक्रियताका आधारमा निर्माता उद्धव पौडेललाई नगद दुई लाख रुपैयाँ, कदर पत्र तथा दोसल्लासहितको 'दीर्घ साधना सम्मान' प्रदान गरिएको थियो । उक्त अवसरमा चलचित्र क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएवापत विश्वज्योति सिनेमा भवनका सञ्चालक तथा चलचित्र व्यवसायी मोहन सर्राफलाई विशेष सम्मान गरियो ।

## पुरस्कृत एवं सम्मानित

**०६६का चलचित्र मध्येबाट**

**जुरी अवार्ड** : दासढुंगा
**सामाजिक जागरणमूलक चलचित्र**: दशगजा
**सर्वोत्कृष्ट चलचित्र** : छोडी गए पाप लाग्ला
**निर्देशक** : उज्ज्वल घिमिरे (छोडी गए पाप लाग्ला)
**अभिनेता** : अनुप बराल (दासढुंगा)
**अभिनेत्री** : सञ्चिता लुइँटेल (छोडी गए पाप लाग्ला)
**सहअभिनेता** : दयाहाङ राई (दासढुंगा)
**सहअभिनेत्री** : सिर्जना बस्नेत (संघर्ष जिन्दगीको)
**लेखन** : शिव रेग्मी -हाँसी देउन एकफेर)
**छायांकार** : दीपक बज्राचार्य (छोडी गए पाप लाग्ला)
**सर्वोत्कृष्ट सम्पादक** : दीपेश श्रेष्ठ (दासढुंगा)
**ध्वनी** : भीम तुलाधर (मेरो एउटा साथी छ)
**शृंगार** : राजु वाइवा (इकु)
**पार्श्व संगीत** : सुजिल कर्माचार्य ( मेरो एउटा साथी छ)
**द्वन्द्व निर्देशक** : हिमाल केसी -हाँसीदेउन एकफेर)
**पार्श्वगायक** : दीपक लिम्बु (छोडी गए पाप लाग्ला)
**पार्श्वगायिका** : अञ्जु पन्त (छोडी गए पाप लाग्ला)
**संगीतकार** : सुरेश अधिकारी (छोडी गए पाप लाग्ला)
**गीतकार** : कृष्णहरि बराल -हिफाजत
**नृत्य निर्देशक** : रेनेसा राई (मेरो एउटा साथी छ)

आदिवासी जनजाति चलचित्रतर्फ
**अभिनेता** : प्रेमलाल चौधरी (डगर)
**अभिनेत्री** : मेलिना मानन्धर (बाला मयजु)
**लेखन** : सुरेश गावा
**चलचित्र** : बाला मयजु

**०६५का चलचित्र मध्येबाट**

**चलचित्र** : कहाँ भेटिएला
**निर्देशक** : शिव रेग्मी (कहाँ भेटिएला)
**अभिनेता** : आर्यन सिग्देल (मौसम)
**अभिनेत्री** : श्वेता खड्का (कहाँ भेटिएला)
**सहअभिनेता** : श्याम राई (सुन्दर मेरो नाम)
**सहअभिनेत्री** : मिथिला शर्मा (मिस्टर मङ्ले)
**लेखन** : नयनराज पाण्डे (मैना)
**छायांकन** : धीरजजङ शाह (सानो संसार)
**सम्पादक** : रजनीनाथ पन्त (कहाँ भेटिएला)
**ध्वनी** : **निर्णय अर्याल (मैना)**
**शृंगार** : रवि केसी (मैना)
**द्वन्द्व निर्देशक** : राजेन्द्र खड्गी -कहाँ भेटिएला)
**पार्श्वसंगीत** : जुगल डागोल (मैना)
**पार्श्वगायक** : राजेशपायल राई (सिलसिला)
**पार्श्वगायिका** : अन्जु पन्त (सिलसिला)
**संगीतकार** : बसन्त सापकोटा (सिलसिला)
**गीतकार** : किरण खरेल (जीवनमृत्यु)
**नृत्य निर्देशक** : वसन्त श्रेष्ठ (कहाा भेटिएला)

**आदिवासी जनजाति चलचित्रतर्फ**

**चलचित्र** : पटाचारा (नेपाल भाषा)
**लेखन** : ओमप्रकाश चौधरी
**निर्देशक** : रामकृष्ण खड्गी (पटाचारा)
**अभिनेत्री** : मेलिना मानन्धर (पटाचारा)
**अभिनेता** : तेजकुमार तामाङ (गोदेवा)

०६३ का चलचित्र मध्येबाट
**छायांकार** : दीर्घ गुरुङ (भरोसा)
**अभिनेत्री** : रेखा थापा (हिम्मत)
**अभिनेता** : भुवन केसी (दुनियाँ)
**निर्देशक** : शिव रेग्मी (दुनियाँ)
**चलचित्र** : अल्पविराम
**चलचित्र निर्माण प्रयास** : झाँक्री
**प्रशंसनीय अभिनय** : रमा थपलिया (अल्पविराम)

# फेसन शोको तयारीमा डिजाइनहरू



**साप्ताहिक समाचार**

फेसन शो आयोजना एवं व्यवस्थापनको क,ख,ग अर्थात् कार्यक्रम कहाँ, कहिले, कसरी र कुन रूपमा आयोजना गर्ने, त्यसका लागि आवश्यक आधारभूत तयारीहरू जस्तै प्रायोजकको खोजी, मोडल छनोट, ड्रेस डिजाइन, प्रचार-प्रसारजस्ता कुरामा व्यस्त नमुना कलेज अफ फेसन टेक्नोलजीको छैटौं ब्याचका २२ जना विद्यार्थी डिजाइनरहरू हाल आ-आफ्नो मेहनतलाई अन्तिम रूप दिने तयारीमा जुटेका छन् । उनीहरूको यो मेहनतले आउँदो असोज ३ गते मूर्त रूप पाउँदैछ । उक्त दिन सोल्टी होटलमा 'स्टाइल कार्निभल' शीर्षकको फेसन शोमार्फत् ती विद्यार्थी डिजाइनले आ-आफ्नो परिकल्पना र सिर्जनालाई र्‍याम्पमा त उतार्ने नै छन्, साथै सोही फेसन शोबाट आफूले तीन वर्ष लगाएर अध्ययन गरेको फेसन डिजाइनिङसम्बन्धी बीएफडी कोर्सको परीक्षासमेत दिनेछन् ।

नमुना कलेजको छैटौं ब्याचका २२ जना विद्यार्थी डिजाइनरका सिर्जनालाई र्‍याम्पमा उतार्ने कार्य सोही कलेजका जुनियर विद्यार्थीहरूले गर्नेछन् । यसका लागि उनीहरू र्‍याम्प नाप्ने कला अर्थात् क्याटवाकमा आफूलाई अभ्यस्त बनाउन तल्लीन छन् । क्रिएटिभ राउन्डसहित अन्य चार राउन्डमा प्रस्तुत गरिने यो फेसन शोका कोरियोग्राफर रोजिन शाक्य हुन् ।

# झरीका बीच छाता, प्रेम र पलैंटी




शुक्रबार साँझ बाहिर भदौरे झरी दर्किरहेको थियो भने नेपालयको 'आर'शालाभित्र छातामुनि ओतिने प्रेमिका प्रसंगसँगै जोडिएर सुमधुर धुनहरू गुञ्जँदै थिए । विगत ६ वर्षदेखि निरन्तरता पाउँदै आएको पलैंटीमा यासपालि मञ्चमा उपस्थित थिए– गीतकार दिनेश अधिकारी ।

दिनेशले विविध मुडका गीत रचेका छन् । उनका रचनामा मानवीय मनले महसुस गर्ने मिलन, विछोड, विरहदेखि लिएर मस्तिष्कले पहिल्याउने सामाजिक सरोकारसम्म समेटिएका हुन्छन् । कार्यक्रमको पहिलो गीतले भने पीडालाई नै पछ्यायो । 'जीवन भनूँ त घात छ' गीतको पृष्ठभूमि र गायक भक्तराजसितको भेटका तीतामीठा प्रसंग जोड्छन् दिनेश । दिनेश भन्छन्- 'एउटा गीतका निम्ति गीतकार, संगीतकार र गायक तीनै जनाको उत्तिकै योगदान रहन्छ ।'

प्रकाश गुरुङ, राम थापा र दिनेश सुब्बाका संगीत सिर्जनामा दिनेशका शब्दहरू उनिँदै कार्यक्रम अगाडि बढ्छ । कार्यक्रममा तीनवटा नयाँ धुन पहिलोपल्ट सार्वजनिक भए । तिनमा संगीतकार आभास र राजेन्द्र श्रेष्ठले संगीत भरेका छन् ।

मध्यान्तरपछि गीतकार दिनेशले अझ खुलेर रचनाकर्मप्रति आफ्नो धारणा प्रस्ट्याए । कार्यक्रममा अम्बर गुरुङ, नातिकाजी, गोपाल योञ्जन, दिव्य खालिङ र न्हूयू बज्राचार्यसितका सन्दर्भहरू त जोडिएर आए नै, दिव्य खालिङले नारायणगोपाललाई भेट्न लिएर गएको र नारायणगोपालले गीतमा रहेको कुनै एउटा शब्द परिवर्तनका लागि छलफल गरेकोमा आफू सहमत हुँदाहुँदै पनि संगीतकार र गायकको विवादले झन्डै आफ्नो रचनाले नारायणगोपालको आवाजबाट वञ्चित हुनुपरेको प्रसंग उनले सुनाए ।

कार्यक्रममा दिनेशले कविको आफ्नो परिचयलाई पनि प्रभावशाली ढंगले प्रस्तुत गरे । दिनेशले कविता-संग्रहको पाना पल्टाएर छाने– 'बिहे' शीर्षकका दुईवटा छोटा प्रसङ्ग । कवितामा विवाह हुनुपहिले एउटै छातामुनि ओतिएका प्रेमी जोडीको मनस्थिति र विवाहका केही वर्षपछि एउटै छाता मुनि ओत लाग्दा तिनै जोडीमा देखिने विपरीत मनस्थितिलाई प्रभावशाली ढंगले समेटिएको थियो ।



## को होला
# एपेक्स सुन्दर-सुन्दरी ?

**साप्ताहिक समाचार**

यतिखेर नियमित अध्ययनबाट केही फुर्सद निकालेर एपेक्स कलेज विद्यार्थीहरू एपेक्स डे मनाउने तयारीमा जुटेका छन् । वार्षिक रूपमा मनाइँदै आएको एपेक्स डे यसपटक भदौ १९ गते शनिबार सुन्धारास्थित आर्मी अफिसर्स क्लबमा मनाइने भएको छ । लाइभ कन्सर्ट, नृत्य तथा फेसन प्रतिस्पर्धासहित मनाइन लागेको एपेक्स डे सेलिब्रेसनअन्तर्गतको मिस्टर एन्ड मिस एपेक्स-२०१० प्रतिस्पर्धामा छात्र-छात्रा गरी १४ जना प्रतिस्पर्धी उपाधिको दौडमा छन्, जसमा छात्रतर्फ गोविन्द महर्जन, लभि प्रजापति, जिग्मे शेर्पा, विमश शर्मा, राजीव पौडेल, सुयोग्य खड्का तथा प्रवेश ढुंगाना प्रतिस्पर्धीका रूपमा छन् ।

छात्रातर्फ भने आकृति बज्राचार्य, तुलसी राणा, इति श्रेष्ठ, विभा पौड्याल, सुस्मिता धौभडेल, प्रश्निता बज्राचार्य र मञ्जिता श्रेष्ठ छन् । मुख्य उपाधि विजेताबाहेक प्रतिस्पर्धाबाट बेस्ट कपल, वेस्ट ड्रेस, ट्यालेन्ट, पपुलर आदि विधामा उत्कृष्ट हुनेहरूलाई पुरस्कृत गरिनेछ ।

## ह्यान्डसम
# चयन गर्ने प्रतिस्पर्धा

**साप्ताहिक समाचार**

१३ वटा एफएम स्टेसनको सहकार्यमा देशका प्रमुख सहरहरूमा गरिएको अडिसन राउन्डपश्चात अधिराज्यभरबाट छानिएका सम्भावित प्रतिस्पर्धीहरूको अन्तिम अडिसनपछि अन्ततः पहिलो मिस्टर ह्यान्डसम नेपाल-२०१० का फाइनलिस्टहरू चयन भएका छन् । बीएफ डियर हिल सुजको मुख्य प्रायोजन तथा सञ्जीवनी मिडिया सर्भिस प्रा.लि.को आयोजनामा पहिलो पटक सञ्चालन हुन लागेको यो प्रतियोगिताले सहभागीहरूको बौद्धिक क्षमता, आत्मविश्वास, प्रतिभा, व्यक्तित्व एवं सुन्दरताको मूल्यांकन गरी विजेता छनोट गर्नेछ । मुभी हाउसको व्यवस्थापनमा सम्पन्न हुने पुरुष सुन्दरता एवं प्रतिभा मापनको यो प्रतियोगिता आगामी असोज ९ गते जमलस्थित राष्ट्रिय नाचघरमा सञ्चालन हुनेछ । अन्तिम प्रतिस्पर्धाको प्रत्यक्ष प्रसारण नेपाल टेलिभिजनबाट हुने बताइएको छ । मुभी हाउसका सन्तोष सापकोटाका अनुसार आयोजनाका सहभागीहरूलाई प्रतियोगिताका आधारमा तालिमबाहेक फेसन स्टाइल, हेयर एन्ड मेकअप, नेतृत्व क्षमता, अभिनय, स्वास्थ्य, सामाजिक क्षमता, व्यक्तित्व विकास आदि विविध विषयमा प्रशिक्षण दिइनेछ । प्रतियोगिताको कोरियोग्राफी तथा प्रतियोगीहरूलाई ग्रुमिङ गर्ने जिम्मेवारी कोरियोग्राफर रोजिन शाक्यले निर्वाह गरिरहेका छन् ।

# पोखरामा नृत्य प्रतिभाको खोजी



पोखरा– गायन प्रतिभा खोजी गर्ने कार्यक्रमहरू पछिल्लो क्रममा निकै हुन थालेका छन् । लुकेको प्रतिभालाई बाहिर ल्याउन यस्ता प्रतियोगिताहरूमा प्रतिस्पर्धीहरूको हानथाप नै हुने गरेको छ । यस्तै प्रतिभाको खोजी गर्ने क्रममा पोखरामा नृत्य प्रतिभाको खोजी थालिएको छ । युवाहरूद्वारा आयोजित कार्यक्रममा पोखराका प्रतिभाहरूको व्यापक सहभागिता छ ।

नृत्य प्रतियोगिताको खोजी गर्ने क्रममा पोखरामा अनुज ग्रुप अफ इन्टरटेनमेन्टले अनुज नृत्य प्रतिभाको खोजी सुरु गरेको हो । यस क्षेत्रका प्रतिभाको खोजी गर्ने क्रममा ६४ जना प्रतियोगी अडिसन राउन्डमा सहभागी भएकोमा त्यसबाट ३६ जना प्रतियोगी छानिएका थिए ।

विभिन्न छनोट चरणहरू पार गर्दै अहिले अन्तिम प्रतिस्पर्धाका लागि १४ जनाले प्रतिस्पर्धा गरिरहेका छन् । सिनियर र जुनियर गरी दुई भागमा छुट्ट्याइएको प्रतिस्पर्धामा सिनियरतर्फ ९ जना र जुनियरतर्फ ५ जना प्रतिस्पर्धी छन् ।

प्रतियोगितामा सिनियरतर्फ प्रथम हुनेलाई २० हजार रुपैयाँ, द्वितीय हुनेलाई १० हजार रुपैयाँ तथा तृतीय हुनेलाई ५ हजार रुपैयाँ प्रदान गरिने आयोजक संस्थाका अरबिन विकले जनाए । अरबिनका अनुसार जुनियरतर्फ प्रथम हुनेलाई ५ हजार, द्वितीय हुनेलाई ३ हजार र तृतीय हुनेलाई २ हजार रुपैयाँ नगदका साथ ट्रफी प्रदान गरिनेछ ।

# पोखरा गुञ्जियो तायमचा महोत्सवले

● **शिव शर्मा**



पोखरा- चार दिनसम्म पोखराको तेर्सापट्टी झिलीमिली बन्यो । सडकमा प्रदर्शित वेशभूषा र झाँकीले सहरवासीहरूलाई आकर्षित गर्‍यो । एकाबिहानैदेखि साँझसम्म चल्ने करिब २ सय वर्ष पुरानो तायमचा नृत्य नेवार समुदायमा सीमित रहँदै आएपछि यो नाच अन्य जातजाति तथा विदेशीहरूमाझसमेत लोकप्रिय हुँदै गएको छ ।

पोखरामा यो नाचको प्रारम्भ १९९५ मा भएको हो । यसलाई ०५६ सालमा गणेशटोलको नेवाः खलले प्रतियोगितामा रूपमा सञ्चालन गर्न थालेको हो । नेपाली संस्कृतिको संरक्षणका लागि पनि तायमचा नाचलाई प्रतियोगितात्मक रूपमा सम्पन्न गरिएको आयोजकहरूले बताए । प्रतियोगितामा नयाँबजार तायमचा नाच समिति पहिलो, माहोरिया टोल द्वितीय तथा भैरवटोल तृतीय भएका छन् ।

त्यस्तै उत्कृष्ट झ्यालीवादनमा बागबजार समूह, उत्कृष्ट जोकरमा बगालेटोल समूह, उत्कृष्ट गाईनाचमा गौंडाको मुख समूह र उत्कृष्ठ ख्यालीमा रानीपौवा समूह विजयी भए । टोलको आलोपालोमा आयोजना हुँदै आएको प्रतिस्पर्धात्मक नृत्यमा चार जना परी र एक जना नाङ्गेच्या हुन्छन् । तिनलाई बाजाको तीन तालमा नचाइन्छ ।

यो नाचलाई धार्मिक परम्परा एवं व्यंग्यका रूपमा लिइन्छ । मान्छेको टाउकोमा सिङ बनाई महिलाका पहिरनहरू दुपट्टा, तास, ढाका र अन्य चोलोहरू डोकोमा बेरी गाईलाई समेत पूजा गर्दै बजार परिक्रमा गर्ने चलनलाई तायामचा भनिन्छ । पछि यसलाई पोखरेलीहरूले परिष्कृत गर्दै परीको नाचका रूपमा विकास गरेका हुन् ।

# झरीमा रुझ्दै कीर्तिपुरमा फ्युजन

कीर्तिपुर– जनैंपूर्णिमाका दिन कीर्तिपुर म्युजिक एकेडेमीको आयोजनामा फ्युजन कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा विभिन्न गायक-गायिकाले आफ्ना गीत प्रस्तुत गरेका थिए । कार्यक्रमको प्रारम्भ सुमन कपाली तथा रत्नशोभा महर्जनको 'छन्त जिं नापलावे घण्टाघरया क्वे' बाट भएको थियो । कार्यक्रमको मुख्य आकर्षक थिए, चर्चित गायक शिव परियार ।

शिवले आफ्ना चर्चित गीतहरू क्रमशः कहाँ थियौ तिमी रंगमञ्च, धेरैचोटि मरें म त, अलिकति नजर तिम्रो र बेहोसपछि त होसमा आउँदा सुनाएका थिए । कुटुम्ब ब्यान्डले विभिन्न धुन सुनाएर दर्शकहरूलाई लठयाएको थियो । कार्यक्रममा स्पर्श ब्यान्ड, आरम्भ, गायक विजय कायस्थ, गायिका स्वस्ति महर्जन, रीता महर्जन, मथुरा महर्जनले पनि आआफ्ना प्रस्तुति दिए । झरीले साढे ६ बजे सुरु भएको कार्यक्रमलाई अझ रोमाञ्चक बनाएको थियो ।

● **प्रेमकृष्ण श्रेष्ठ**

# मनोज गजुरेलको अमेरिका अनुभव

**मदरल्याड नेपालको सम्मान ग्रहण गर्न जाँदा मलाई लागेको थिएन, अमेरिकालाई यति नजिकबाट अनुभव गर्न पाइन्छ, तर विकसित अमेरिकाको कुना–कुनामा छरिएर रहेका नेपालीहरूको माया एवं सद्भावका कारण हजारौं नेपाली, नेपालीभाषी भुटानी, अमेरिकी तथा नेपाली अमेरिकीहरूसँग साक्षात्कार गर्ने अवसर मिल्यो । त्यसका लागि मदरल्यान्ड नेपाल धन्यवादको पात्र छ । थुप्रै अनुभवमध्ये केही अनुभव यसपटक साट्ने प्रयास गर्दैछु । कुनै रमाइला छन्, कुनै गम्भीर छन् भने कुनै शिक्षाप्रद । आउनोस्, शब्दयात्रा प्रारम्भ गरौं ।**



(समकालीन नेपाली दर्शक-श्रोताहरूद्वारा अत्याधिक रुचाइएका हास्यव्यंग्य लेखक तथा कलाकार मनोज गजुरेलले दुई दर्जनभन्दा बढी देशको सांस्कृतिक यात्रा सम्पन्न गरिसकेका छन् भने आगामी दुई वर्षका लागि देश तथा विदेशमा लगभग बुकिङ भैसकेका छन्। यसपटक गजुरेल अमेरिकाका दुई दर्जनभन्दा बढी राज्यका ३० वटा सहरमा करिब २० हजार नेपालीभाषीसँग अन्तर्क्रिया, कार्यक्रम, सांस्कृतिक तथा साहित्यक समारोहमा भाग लिएर स्वदेश फर्किएका छन्। लेखन र सिर्जनामा उत्तिकै रुचि राख्ने गजुरेलको 'अमेरिका अनुभव'। -सम्पादक)

## नजिकका आफन्त भारतीय



अमेरिकामा एउटा भनाइ प्रचलित छ- 'जहाँ पटेल, त्यहाँ मोटेल ।' गुजरात मूल भूमि भएका भारतीय पटेलहरू मोटेल, रेस्टुराँ तथा ग्याँस स्टेसन व्यवसायमा सक्रिय छन् । नेपालीहरूले सबैभन्दा छिटो र सजिलो रूपमा काम पाउने पनि तिनै ठाउँ हो । नेपालका छिमेकी भारतीयहरू भएजस्तै अमेरिकामा पनि नेपालीका सबैभन्दा नजिकका रोजगारदाता भारतीयहरू नै मानिन्छन् ।

उनीहरू पनि नेपालीलाई विश्वासिलो र असल काम गर्ने मान्दा हुन् । भर्जिनियाको बोस्टनका सुशील दाहालको बुझाइ छ- 'धोती र भैया भनेर भित्रभित्रै गाली गरे पनि हाम्रा लागि भारतीय र पाकिस्तानीहरू नै अरूभन्दा नजिकका आफन्त हुन् ।' मैले उनलाई भनें- 'नेपालका लागि पनि भारतीय जनता सबैभन्दा नजिकका आफन्त हुन्, भारतप्रतिको आक्रोश भारतीय जनताप्रति नभएर नेपाललाई सधैं आफ्नो प्रान्त बनाउन खोज्ने भारतीय राज्यसत्ताप्रति मात्र हो । कि कसो ?'

## अन्डरग्रान्डहरूको दुखेसो



अमेरिका जाने अन्डरग्रान्डहरू (ग्र्याजुएसनका क्रममा रहेका विद्यार्थीहरू) का लागि अमेरिका सोचेजस्तो छैन । समरको छुट्टीमा काम गरेर वर्षभरिका लागि कलेजको फि जम्मा गर्न उनीहरूलाई हम्मे-हम्मे परेको कुरा कोलोराडोमा अध्ययनरत काठमाडौंकी सुजिता गौतम बताउँछिन् । कानुनतः उनीहरूले निश्चित समयमात्र काम गर्न पाउँछन्, जसले उनीहरूलाई वर्षभरि फिस तिर्न र जीवीकोपार्जन गर्न कम अप्ठेरो छैन । काम पाए पनि नेपाली वा इन्डियनका स्टोर तथा रेस्टुराँहरूमा थोरै रकममा काम गर्नुपर्ने हुन्छ । अमेरिका पठाउने 'कन्सल्टेन्सीको दोकान' थापेर बसेकाहरूले सुख, सुविधा र वैभवको सपना मात्र नबाँडेर सुरु-सुरुमा त्यहाँ आइपर्ने समस्या, संघर्ष र समाधानका बारेमा पनि 'कन्सल्ट' गराइदिनुपर्छ। नत्र 'चोक्टा खान गएकी छोरी, डेक्चीमा डुबेर मरी' भन्ने अवस्था आउँछ ।

## कमरेड र अमेरिका

**अमेरिकालाई साम्राज्यवादी भन्ने कम्युनिस्ट पार्टीका थुपै पूर्व नेता तथा कार्यकर्ताहरू अमेरिकामा छन् । उनीहरू 'ढाडमा टेकेर टाउकामा हिर्काउन' हैन, सम्पन्न, सफल र सहज जीवन बाँच्न अमेरिका पसेको बताउँछन् । के छ त त्यस्तो अमेरिकामा ? मालेका पूर्वकार्यकर्ता प्रीति सागर खत्री भन्छन्- 'हामीलाई देखाइएको समाजवादको सपना लगभग यहाँ यथार्थमा पूरा भएको छ ।' पहिलो पटक अमेरिका पुगेका एमाले नेता वामदेव गौतमले भनेको भनाइ साभार गरेको बताउने ओहायोको 'नेपाली प्रगतिशील मञ्च'का गोविन्द पौडेलले भने- 'अनुदान, सहयोग वा समर्थनका नाउँमा जसको जौ खाने, उसैको जुँगा उखेल्ने काम हाम्रा नेपाली नेताहरूले छोड्नुपर्छ ।' मेरो विचारमा देश अमेरिकाजस्तो बनाउने हो, तर वैदेशिक सम्बन्ध सह-अस्तित्वका आधारमा हुनुपर्छ । खाएको थालमा थुक्नु, जसको जौ खानु उसैको जुँगा उखेल्नु स्वास्थ्यका लागि हानिकारक छ ।**

## अमेरिकी जनताको राष्ट्रवाद




ओहायोकी लियन बाराक ओबामाकी जबरजस्त फ्यान हुन् । उनको आफ्नो देश अमेरिकासम्बन्धी विचार सुन्नोस्- 'हामीले नेटिभ अमेरिकीमाथि अन्याय गरेकै हो, त्यो हाम्रो गल्ती थियो । हामीले इराक युद्ध छेड्यौं, यसमा हामीलाई फाइदा भन्दा घाटा बढी छ । हामीले अन्य देशमा आफ्नो नीति लाद्ने जुन परराष्ट्र नीति लिएका छौं, त्यो हाम्रो गल्ती हो । हामीले आफ्नो देशको रक्षा त गर्नुपर्छ, तर त्यसका नाममा अर्काको सार्वभौमिकतामाथि हस्तक्षेप गर्नु हाम्रो गल्ती हुनेछ ।' तपाईंले ध्यान दिनुभयो, माथिका कामहरू जर्ज बुस वा रिपब्लिकन जसले गरेको भए पनि त्यसमा उनी 'हामी-हामी' भनिरहेकी थिईन्, जो हामीले उनीहरूबाट सिक्नै पर्ने जिम्मेवारीबोध हो । कास, हामीले पनि देशमा भएका राम्रा-नराम्रा कुराको जस र दोष सामूहिक रूपमा लिन थाल्ने हो भने आधा समस्या अहिल्यै समाधान हुने थियो । जस्तो कि यसलाई र उसलाई आरोप-प्रत्यारोप लगाउनुभन्दा पनि यसो भन्न सके- 'हामीले राणाशासनको प्रयोग गऱ्यौं, जुन १ सय ४ वर्षपछि गलत रहेछ भन्ने पुष्टि भयो । हामी कोसी र महाकाली सम्झौतामा नराम्ररी फस्यौं, हाम्रो त्यो निर्णयले हामीलाई अहिलेसम्म दुःख दिइरहेको छ । हामीले जनयुद्धको नाममा हिंसात्मक बाटो रोज्नु पनि ठीक थियो कि थिएन, अब मूल्यांकन गर्ने बेला भएको छ । अहिले हामी पार्टी पद्धतिको नाममा निर्माण वा ध्वंस, कुन बाटो हिँडिरहेका छौं, हामी आफैंले विश्लेषण गर्नुपर्छ ।'

दोषजति अरूलाई थोपरेर गुण मात्र आफूले लिन खोज्ने 'नेपाली पारा' हामीले त्याग्नैपर्छ, मूलतः राष्ट्रियताका मामिलामा । जबसम्म हामीले गुण र दोषको सामूहिक जिम्मेवारी लिंदैनौं, तबसम्म जसले सत्ता चलाए पनि, जुन व्यवस्था आए पनि उन्नत नेपाल असम्भव छ ।

## न्यूयोर्कमा पटनाको झझल्को



क्यालिफोर्नियाको लस एञ्जलसमा बस्ने इलामका समीप पौडेलको विचार गज्जबको छ । पाँच वर्षअघि अमेरिका आएका पौडेल बेला-बेलामा नेपाल आउँछन्, तर उनलाई साथीहरूले जिस्क्याउँछन्- 'तिमी केको अमेरिका जानु नि, पटना गएको हुनुपर्छ ।' समीप दुखेसो पोख्छन्- 'भाषा, संस्कृति र संस्कारका कारणले भारतीय मूलका जनतासँग काम गर्दा देशबाट नजिकै भएको अनुभव त हुन्छ, तर अंग्रेजीभन्दा हिन्दी धेरै बोलिने हुनाले लसएञ्जलसमा हैन, गोरखपुर वा पटनामा भएजस्तो लाग्छ ।'

बाबी जिन्दल लुजियाना राज्यका गर्भनर हुन्, न्युजर्सीमा को गभर्नर बन्ने भन्ने निक्यौंल भारतीय मूलका अमेरिकी नागरिकको मतका आधारमा हुन्छ । न्युयोर्कको ज्याक्सन हाइट वरपर पान थुकेर बनेका अमूर्त चित्रहरूको रमाइलो हेर्न पाइन्छ । इन्डोनेसियन र केन्याली बाबु-आमाका अश्वेत सन्तान बाराक ओबामा राष्ट्रपति हुने देशमा कुनै दिन गुजरातका पटेल वा पञ्जाबका शान्ता वा बान्ता सिंह राष्ट्रपति हुँदैनन् भन्ने पनि छैन... लगे रहो मुन्ना भाइ ।

## शतप्रतिशत शुद्ध नेपाली




भर्जिनियाको एउटा हिन्दू मन्दिरमा भाइ विष्णुसँग पुगेको थिएँ, जहाँ थुप्रै नेपाली दर्शन गर्न आएका रहेछन् । फर्कने बेलामा एक जना नेपाली मित्रले मलाई भने- 'सर, हाम्री जहान हजुरसँग छायाँ लिन चाहन्छिन् ।' सुरुमा त मैले बुझिनँ, तर उनको ठट्टा गर्ने बानी रहेछ भन्ठानेर उनकी श्रीमतीसँग तस्बिर खिच्न तयार भएँ । उनले क्यामेरा सोझ्याएका मात्र के थिए, फेरि भने- 'सर, यहाँ प्रकाशको पहुँच रहेन, बाहिर गएर लिनुपऱ्यो छायाँ ।'

पछि थाहा भयो, उनकी श्रीमतीसँग तस्बिर खिच्न त्यहाँ यथेष्ट प्रकाश नभएकाले बाहिर जानुपर्ने रहेछ । धनकुटा, मुगातिरका ती थापा बन्धुसँग घुलमिल हुँदै जाँदा पत्ता लाग्यो- दस वर्षदेखि अमेरिका बसोबास गरिरहेका उनको सिद्धान्त रहेछ- अंग्रेज बोल्नुपर्ने ठाउँमा शुद्ध अंग्रेजी बोल्ने र नेपाली बोल्ने ठाउँमा १ सय १ प्रतिशत नेपाली नै बोल्ने । 'अमेरिकामा पनि शुद्ध नेपाली सम्भव छ र सर ?' मेरो नेपाली प्रश्नमा उनले समाउँदै भने- 'सर हैन, महाशय भन्नोस् ।' म हेरेको हेऱ्यै भएँ, उनले मसँग बाजी थापे- 'म, यहाँ महाशयसँग दुई घण्टा तर्क गर्छु त्यसमा एउटा शब्द पनि अंग्रेजी घुसेछ भने प्रतिशब्द पचास डलर दण्ड पनि तिर्छु तपाईं तयार ?' मैले कान समाउँदै भने- 'भैगो, सर, म नेपाली तपाईं प्रवासी नेपालीसँग भाषाका मामलामा हारें, सरी ।' उनले जवाफ फर्काए-'सरी हैन, माफ पाऊँ भन्नोस् ।'

# मनोज गजुरेलको अमेरिका अनुभव

## फ्लोरिडाको सानो नेपाल

क्यूवानजिकैको फ्लोरिडा राज्य मियामी विच र डिज्नेल्यान्डका लागि प्रख्यात छ। अन्य राज्यको तुलनामा ज्यादै थोरै नेपाली छन् यहाँ। अधिकांश विद्यार्थी र केही राम्रै जागिरे बसोबास गर्ने फ्लोरिडाको टेम्पाका केशव पोखरेल र हरि अधिकारीसँग डिज्निल्यान्ड घुमाइ शिक्षाप्रद रह्यो। त्यहाँभित्र रहेको 'मिनी नेपाल' संसारभरबाट फ्लोरिडा पुग्ने पर्यटकका लागि मुख्य आकर्षणको केन्द्र रहेछ। थोत्रा घर, पुराना मन्दिर, भत्किएका देवालयहरू- यसरी नेपालको हुबहु नक्कल गरिएको सानो नेपालले परदेशमा हामीलाई नतान्ने कुरै भएन। अझ कालीगण्डकीको र्‍याफ्टिङ, भक्तपुरका पुराना घरहरू अनि सगरमाथाको टुप्पोसम्म रेल चढेर जाँदाको आनन्द भुलिनसक्नुको छ। रेल चढेर हामी सगरमाथाको चुचुरो चुम्न जाँदै थियौं, आधारशिविर



पुगेपछि त्यो विकट हिमालको रेलको लिक यतिले अकस्मात भाँचिदियो। दुर्घटनाबाट बच्न रेल बीचैबाट फर्किन्छ र अर्को ट्र्याक समात्छ। प्रतिघण्टा २ सय किलोमिटरका हिसाबले दौडिरहेको रेल टुप्पोमा पुगेर घच्याक्क रोकिँदा त...ल बेस क्याम्पमा हिँडिरहेका मानिसहरू कमिलाजस्ता देख्दा मुटु नै सिरिंग भएर आउँछ। पैसा, प्रविधि र विवेकको प्रयोगबाट निर्मित यो 'नक्कली नेपाल'ले लाखौंलाई लोभ्याउँदो रहेछ।

अमेरिकाको त्यो ख्यालख्यालको 'नेपालमा' पर्यटकहरूको ओइरो देख्दा लाग्छ- देश शान्त हुँदो हो त साँच्चैको नेपालमा त्योभन्दा बढी पर्यटकहरू आउँथे अनि सक्कली नेपाल हुँदाहुँदै नक्कली नेपालको पछि को लाग्थ्यो ? तर के गर्ने- 'दिल्ली नगई घिउ नपच्ने हाम्रा देशका सिल्लीहरूलाई, दान दिएर पठाउन पाए हुन्थ्यो त्यही दिल्लीलाई।'




## स्थानीय सुपर स्टारहरू

बेला-बेलामा नेपालबाट कलाकारहरू अमेरिका पुगिरहन्छौं। जुनसुकै उद्देश्यले गएको भए पनि सानातिना सांस्कृतिक कार्यक्रममा पनि सहभागी हुन्छौं। कार्यक्रमको विज्ञापन हुन्छ- 'नेपालका चर्चित कलाकार फलानाको जोडदार प्रस्तुति तथा स्थानीय कलाकारहरू पनि ' ती स्थानीय कलाकारहरू हुन्छन्- सरोज खनाल, प्रेमराजा महत, रतन सुवेदी, सपनाश्री, कर्णदास र प्रमुख कलाकार हुन्छन्- नेपालबाट त्यहाँ पुगेका नयाँ कलाकार। ती अग्रज र राष्ट्रिय कलाकारहरू 'स्थानीय कलाकार'मा रूपान्तरित हुनु हाम्रा लागि पक्कै खुसीको कुरा होइन। हिजो पनि उनीहरू अग्रज थिए, आज पनि पनि लोकप्रिय हुने प्रयास गर्नुपर्छ र भोलि पनि सम्मानित नै रहनुपर्छ। यसका लागि उहाँहरूको क्रियाशीलता आवश्यक छ।

## अनन्त अभियान

न्यूजर्सीका अनन्त रिसाल शिवगोपाल रिसालका छोरा हुन्। रिसाल एक दशकभन्दा बढी समयदेखि अमेरिका बसिरहेका छन्। उनीसँग एउटा ड्रिम प्रोजेक्ट छ- गैरआवासीय नेपालीका नानीहरूका लागि नेपाली संस्कार र संस्कृति सिकाउने अभियान सञ्चालन गर्ने। 'भाषा सम्पर्कको माध्यम मात्र हो, संस्कार र संस्कृति अनन्तसम्म जोगाउने हो भने हाम्रा नानीहरूलाई अहिल्यैदेखि यतातिर तान्नु जरुरी छ,' - रिसाल भन्छन्। यसका लागि उनकै पहलमा नेपाली संस्कृति सिकाउने कमिक्स बुकहरू तयार हुँदैछन्, नेपालको इतिहास बुझाउने चित्रकथाहरू कोरिँदैछन्, नेपाली संस्कार र संस्कृति चिनाउन कार्टुनचित्र र सिनेमाहरू तयार हुँदैछन्।

'हजार कदमको यात्रा एक पाइलाबाट सुरु हुन्छ' भनेझैं उनी आत्मविश्वास राख्छन्- 'यूएनमा कार्यरत भारतीय महिलाहरू सारी र ब्लाउजमा कार्यालय आउँछन् भने हामीचाहिं एक-दुई वर्ष अमेरिका बस्दैमा नेपाली भाषा बिर्सने र परिवारमा पनि दर्शन नमस्तेको साटो हाई-हलो भन्नु ढोंग मात्र हो।' गैरआवासीय नेपालीहरूको पहिलो पुस्ताले यस विषयमा सकारात्मक कदम नचाल्ने हो भने हाम्रो त्यहाँको पहिलो पुस्ता मलेसियाका मलेहरूजस्तै लिपिविहीन र नेटिभ अमेरिकनजस्तै लोपोन्मुख हुन सक्छ। अनन्तजीको अभियानको अर्थ अनन्त छ- त्यसैले म त उनको यो अभियानमा सहभागी पनि भैसकेको छु, तपाईं नि ?



## भुटनिज एक्सप्रेस

'यी भुटानीहरूले हँसाएर मार्छन् हौ।' अमेरिकाका पुराना नेपालीहरू भन्छन्। 'कैले आस्ते गुरुजी भन्दै गाडी रोक्न खोज्छन्, कैले सारी र बुलाकी लगाएरै डिस्को पुगिदिन्छन्, कैले दौरा-सुरुवालमा सुपर मार्केट घुमिरहेका भेटिन्छन्।' भुटानी नेपालीहरूसम्बन्धी यस्ता उट्पट्याङ गफ जतातत्तै सुनिन्छ। एउटा वर्गले भुटनिजहरूलाई 'हम जायगा' र 'शान्ता-बान्ता'जस्तो चुट्किलाका पात्रका रूपमा पनि बुझ्ने गरेको पाइन्छ।

स्वयम् भुटानीहरूचाहिँ के भन्छन् त यसको जवाफमा ? 'अनकन्टार भुटानबाट लखेटिएर नेपाल आइयो। १५-२० वर्षसम्म छाप्राको बास भयो। बाहिरी सूचना र प्रविधिको दुनियाँसँग नजिक हुन पाइएन। एकैचोटि अमेरिकाको आधुनिकतासँग साक्षात्कार हुँदा अप्ठेरो र असजिलो त हुन्छ नि, तर दौरा-सुरुवाल लगाएको वा चौबन्दी चोलोमा सुपरमार्केट घुमेको कुरा छ- डुक्पाले नलगा भन्दा त मानेनौं, स्वतन्त्रताको देश अमेरिकामा त झन् किन छोड्ने ? सजिलो हुन्जेल हामी न नेपालीभाषा छोड्छौं, न नेपाली भेष छोड्छौं, भन्नेहरू भन्दै गरून्।' एटलान्टामा रिफ्युजी रेडियोमा कार्यक्रम चलाउने महेन्द्र दाहाल जोक गर्नेहरूलाई मुखभरीको जवाफ फर्काउँछन्।

## सुख र खुसी

धेरै कलाकारले अमेरिकालाई 'डलर क्षेत्र' मात्र बनाएका छन्, कर्मक्षेत्र बनाउन सकेका छैनन्। मेरो विचारमा आफूमा जुन प्रतिभा छ, विदेशमा पुगेर पनि त्यही पेसा अपनाउन सकियो भने त्योभन्दा सुखी र खुसी कोही पनि हुँदैन। जस्तो कि प्रेमराजा महत डिसी मेट्रो एरियाका कुनै पनि कार्यक्रममा पुगेकै हुन्छन्। सपनाश्री न्युयोर्कमा गजल गाएरै कलाकारितालाई निरन्तरता दिइरहेकी छिन्, तर अधिकांश कलाकारले पेसालाई निरन्तरता दिन नसक्दा बिस्तारै प्रतिभा पलायन भएको स्थिति छ। नेपालमा जुन हाइट बनाएको छ, त्यही अनुसारको पेसा गर्ने हो भने जो जुन देशमा बसे पनि हुन्छ, तर नेपालका टियुका पीएचडीहरू अमेरिका पुगेर 'पिज्जा होम डेलिभरी गर्ने', अस्कलबाट एमएस्सी गर्नेहरू रेस्टुराँमा 'मस्काउने, सुकाउने र चम्काउने' काममा मात्र फसिरहेको स्थितिले के देखाउँछ भन्ने कुरा शिकागोमा कार्यरत लोकगायक भगवान भण्डारीको विचारबाट प्रस्ट हुन्छ- 'कलाकारिता छोड्दा हामी सुखी त हौंला, तर खुसी कहिल्यै हुन सकिंदैन।' यसो विचार गर्दा हो पनि- सुख भौतिक हो, खुसी मानसिक। भौतिक सुखले मात्र मानिसको मन शान्त र समृद्ध हुँदैन।

## स्ल्याङ नेपाली

सेन्स अफ ह्युमर भएका नेपालीहरू प्रशस्त भेटिन्छन् त्यहाँ। अमेरिकामा पेट्रोल पम्पलाई ग्याँस स्टेसन भनिन्छ। कोलोराडोका दिनेश कुमार कार्कीले भने-'म आयल निगममा अफिसर छु।' मैले दंग पर्दै भने- 'हो र ?' उनले भने- 'हो त। हाम्रो आयल निगम



भनेको ग्याँस स्टेसन हो, म त्यहाँ तेल बेच्छु।' न्युयोर्कतिर ट्याक्सीमा राम्रो कमाइ हुन्छ रे। ट्याक्सी चलाउने साथीहरू आफ्नो कामलाई 'जोत्न जाने', 'मेलो लाउने' भन्दा रहेछन्। साताको ६ दिन काम गरे पनि, लोनमा घर र गाडी किनेर लोन र मोर्गेजको तनाव हरेक क्षण भए पनि सातामा एक दिन भए पनि नेपाली सांस्कृतिक कार्यक्रमहरूमा, आफन्तको घरका ग्यादरिङहरूमा तथा पारिवारिक विकेन्डमा नेपालीहरू हँसिलो अनुहारमा ठट्टा रमाइलो गरिरहेको देख्दा नेपालीहरूको अमेरिकी जीवन रसिलो-भरिलो नै देखिन्छ, तर पनि म गायक भगवान भण्डारीको निचोड सम्झन्छु- 'सुख र खुसी एकै ठाउँमा पाए झन् कति मज्जा हुन्थ्यो होला ?'

## ● सन्देश ●

कपाल भारती गर्दा पेट फुल्यो भन्ने योगसाधिका बैनी, तिमी कहाँ हरायौ ? म अझै पनि तिमीलाई हेर्नकै लागि एकाबिहानै योग सेन्टर धाउन थालेको छु । कृपया पुनः योग सेन्टर आउन अनुरोध गर्छु ।

**पहेंलो साधक**

मेरी हृदयकी रानी सिर्जना सर्वप्रथम त स्वीकार मुटुभरिको न्यानो माया साथमा अविरल सम्झनाका लहरहरू केवल तिम्रो लागि मात्र आज भदौ १८ गते तिम्रो जन्मदिनको अवसरमा तिम्रो सु-स्वास्थ्य एवं दीर्घायुको कामना गर्दै तिमो भविष्यको उत्तरोत्तर प्रगतिको लाखौं-लाख शुभकामना ।

**उही तिम्रो ढुकढुकी**

मनमा माया भएर पनि दिमागमा माया छैन भन्ने मायालुलाई टाढैबाट मेरो आइ लभ यू । वास्तवमा दिमागमा भन्दा पनि माया मनमै भएको राम्रो ।

**भाइरस**

मलेसिया गएका मेरा प्यारा देवर मनोजमा धेरैधेरै सम्झना । फर्केर आउँदा विवाहका लागि आवश्यक सामग्री जोरजाम गरेर आउनु । किनभने तपाईंले मन पराएकी युवतीलाई उनका अभिभावकले दिन राजी भैसके । यो खुसीको खबर सुनाउँदै तपाईं आउँदा अरूतिर मन नबराली आउन अनुरोध छ ।

**भाउजू निर्मला**

'मुटु छ स्पन्दन छैन, शरीर छ श्वास छैन तर यो निष्प्राण शरीर लास बनेर पनि किन जलाइदैन ?' यति राम्रो कविता लेखेर मलाई पत्र पठाउने मेरी प्रेयसी सम्झना आजभोलि तिम्रो सिर्जना कहाँ हरायो ? कृपया आफ्नो प्रतिभालाई फलाऊ, फुलाऊ । सिर्जना सरस्वतीको वरदान हो, यसलाई मर्न नदेऊ ।

**ठूल्दाइ**

रत्ना, तिम्रो माया त पाउन सकिएन, तर घृणा पनि नदेऊ । मीठो वचन बोल्न नसके पनि हृदय खोज्ने वचन प्रहार नगर । जे भयो, भयो । अब हामी दुई नदीका किनार भैसक्यो । हामी एक-अर्कालाई परबाट हेर्न त सक्छौ, तर मिल्न सक्दैनौ ।

**नवीन**

प्रिय, तिमीलाई सम्झँदा निद्रामा भोक र भोकमा निद्रा लाग्न थालेपछि मेरो दिमागको बत्तीले काम गर्न छोड्यो । भन म के गरूँ ? अब तिमीले बाहेक मलाई कसैले बचाउन सक्दैन । मेरो निद्रा फर्काउने तिमी, मेरो भोक फर्काउने तिमी ।

**हरिश**

जानु., तिम्रा कारणले म त्यो हिन्दी सिरियलको पनि बानी परिसके । अब अर्को पटक तिमीसित त्यो सिरियलका बारेमा छलफल गर्ने इच्छा छ, तिम्रो तर्फबाट छलफलको सन्देश पाउने आशा गर्दछु ।

**टाढैबाट सन्देश फर्काउने साथी**



आफ्ना प्रियजनहरूलाई विजयादशमीको शुभकामना पठाउन चाहनुहुने पाठकहरूले आफ्नो सन्देश असोज २० गतेभित्र हाम्रो ठेगानामा प्राप्त हुने गरी प्रेषित गरिदिनुहुन अनुरोध छ।

## उनी भित्र हराउँदा

हामी उच्च शिक्षा हासिल गर्ने क्रममा एउटै कक्षामा अध्ययन गर्ने सहपाठीका रूपमा परिचित भएका थियौँ । एक दिन एक्कासि उनले भनिन्- 'हाम्रो सम्बन्ध के हो ? अनि क्षणभरमै सोच्ने थालेँ- साँच्चै हाम्रो सम्बन्ध के हो ? धेरै घोत्लिए तर सम्बन्धको साँचो अर्थ पत्ता लगाउन सकिनँ । अन्त्यमा बाध्य भएर आधा सत्य भए पनि भनेँ- 'तिमीले मलाई कुन रूपमा लिएकी छ्यौ, त्यही हो हाम्रो सम्बन्ध ।'

म गहिरिएर सोच्न थालेँ- प्रथम वर्षदेखि तेस्रो वर्षको दैनिक क्याम्पस जीवन अनि ती शनिबार, सार्वजनिक बिदा, बन्द, हडतालका दिनहरू । त्यस अवधिमा सामान्य बोलचालबाहेक शंका गर्ने ठाउँ छैन तर तेस्रो वर्षका दिनहरू सुरु हुनासाथ हामी अनायासै नजिक भयौँ । त्यही नजिकिएकै कारण आज मैले सोच्नुपरेको छ हाम्रो सम्बन्ध के हो ?

कक्षामा सँगै बस्नु, बाटोमा बिन्दास भएर हात समातेर हिंड्नु, हामी दुईको दैनिकी थियो । हामी दुई भए केही पनि र कोही पनि चाहिँदैनथ्यो । हाम्रो आनन्दको स्रोत स्वयं हामी नै थियौँ । यो क्रम आजसम्म पनि निरन्तर नै चलिरहेको छ तर सम्बन्ध रहस्यमय छ ।


उनी मेरा लागि असल छिन् म पनि त्यत्तिकै । आज म विगतका पलहरू केलाउँदै हाम्रो सम्बन्धको अर्थ खोज्न लागेको छु । आफैँलाई कस्तो कस्तो लागिरहेछ, के जवाफ दिऊँ ? साथी मात्र कि अरू की ? यस्तै यस्तै प्रश्नहरूले मनमा अृदश्य सुइरो रोपिदिन्छ । आज उनको प्रश्नले मलाई शंका गर्ने ठाउँ दियो, कतै उनले हाम्रो सम्बन्धलाई अर्कै रुप दिन चाहेकी त हैनन् ? कि मेरो व्यवहारले यस्तै बताइरहेको छ ?

फेरि मनले अर्को तर्कको सहयोग लिन्छ । प्रश्नहरू जन्मिरहन्छन् । कतै मैले उनलाई असल मित्रका रूपमा मात्र हेर्नु गलत त हैन ? फेरि उनले भनेको कुरा सम्झन्छु । उनलाई त यस्तो प्रेम सम्बन्ध व्यर्थ लाग्छ, मन पराउँदिन भने कसरी... ?

उनलाई सजिलैसँग 'हामी साथीमात्र हौँ' भने पनि मलाई गाह्रो भैरहेको छ । मनमा विचारका हजारौँ नदीहरू बगिरहन्छन्, स्मृतिका पानाहरू रफ्तारमा पल्टिरहन्छन् । विगतका उनीसँगको समयले अर्धचेत बनाइदिन्छ । अवचेतन दिमागमा टाँसिएका पलहरू अब चेतनशील भागतिर गैरहेका छन् तर पनि, खै हाम्रो सम्बन्ध के हो ? म एकोहोरो सोचिरहन्छु । किन उनी घरमा ढाँटीढाँटी मलाई भेट्न आउँछिन् ? साह्रै केयर गर्छिन्, यस्तो गर, उस्तो गर, यो राम्रो, त्यो नराम्रो इत्यादि । अनि मलाई किन उनको सामीप्य मन पर्छ ? किन आफूलाई उनीभित्र हराउँदा आनन्द लाग्छ ? सोच्दासोच्दै म प्रतिप्रश्न गर्न थाल्छु, साँच्चै हाम्रो सम्बन्ध के हो ?

**अज्ञात**

## ● जीवनको गोरेटोमा ●



## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ..............................................................................

उमेर : ....................................... उचाइ : ..................................

पेसा : .................................... शिक्षा : ................................

स्वभाव :.................................... वैवाहिक स्थिति : .....................

अभिरुचि : .....................................वर्ण : ..................................

इमेल : ..............................................................................

ठेगाना :..............................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................................................................

..............................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## ● साथी ●



समाचारमा रम्ने एवं नयाँ-नयाँ साथी बनाउने रुचि भएका नारायण कुँवर गहुँगोरो वर्णका छन् । २२ वर्षीय नारायण ५ फिट ७ इन्च अग्ला छन् । भावुक स्वभावका नारायण विज्ञान विषयमा स्नातक गर्दैछन् । नारायण अध्ययशील, खुला विचार एवं ज्ञान बाँड्ने स्वभावका युवा-युवतीसँग मित्रता गाँस्न मन पराउँछन् । पुर्कोट दह-१ जुम्लिचौर गुल्मीका स्थायी बासिन्दा नारायणलाई kshetrynarayan.ceo@gmail.com मा पनि पत्राचार गर्न सकिन्छ ।



१५ वर्षको उमेरमै उच्च अंकका साथ प्रवेशिका उतिर्ण गरेका नवराज आचार्य अहिले कक्षा ११ मा अध्ययनरत छन् । नम्र स्वभावका नवराज अध्ययनमै रमाउँछन् । ५ फिट १ इन्च अग्ला नवराजलाई टाढा-टाढाका साथी बनाउन मन लाग्छ । उनी मस्तिष्कले भन्दा मनले मित्रता गर्ने साथीको खोजीमा छन् । नवराजलाई ग्लोबल एजुकेसनल एकेडेमी दमकमा पत्राचार गर्न सकिन्छ ।



कक्षा ११ मा अध्ययनरत सनम चेम्चोङ कोमल स्वभावका छन् । घरको काम र पढाइमा दत्तचित्त भए पनि उनको रुचि संगीत र साहित्यमा छ । सनम हरेक व्यक्तिले आफ्नो स्थानबाट देशको सेवा गर्न सक्छ भन्ने विस्वासमा छन् । २० वर्षीय सनम ५ फिट २ इन्च अग्ला छन् । नरिसाउने, पराई र आफन्त नछुट्याउने व्यक्तिहरूलाई उनी पत्रमित्रताको आग्रह गर्छन् । सनमलाई फाक्तेप-६, जुङ्जिवा, पाँचथरमा पत्राचार गर्न सकिन्छ ।



राजकुमार लम्साल बहुमुखी प्रतिभाका धनी छन् । उनको श्वर मीठो छ । उनी राम्रो नाच्न पनि सक्छन् । विद्यालयस्तरदेखि नै पुरस्कार जित्दै आएका राजकुमार अहिले बीएड प्रथम वर्षमा अध्ययनरत छन् । उनी १९ वर्षको भए । आफूप्रतिको यही विस्वासका कारण उनी सकेसम्म कम बोल्छन् । भावना भएका साथीहरूसँग पत्रमित्रता गर्न रुचाउँछन् । राजकुमारलाई चौतारा बहुमुखी क्याम्पस, सिन्धुपाल्चोकमा पत्राचार गर्न सकिन्छ ।



बीएड पूरा गरेर नेपालको पर्यटन प्रबर्द्धनमा सहयोग गरिरहेकी चन्द्रिका प्रधान अविवाहित हुन् । २३ वर्षीय चन्द्रिका लजालु स्वभावकी छन् । यही कारणले साथीभाइले उनलाई जिद्धि केटी पनि भन्छन् । नयाँ-नयाँ मित्र बनाउने रुचि भएकी चन्द्रिका ५ फिट १ इन्च अग्ली छिन् । गहुँगोरो वर्णकी चन्द्रिका आफ्नो भावना बुझ्ने असल मित्रको खोजीमा छिन् । उनलाई हिमालयन टुर्स ट्राभल, पोस्ट बक्स नम्बर १३६३०, ठमेल काठमाडौंमा पत्राचार गर्न सकिन्छ ।



नेपाली चलचित्रलाई माथिल्लो स्तरमा पुर्‍याउने योजनाका साथ अघि बढेका जितन चौधरी २० वर्षका भए । आईएड दोस्रो वर्षमा अध्ययन गरिरहेका जितन आफ्नो अध्ययन पुरा गर्न चलचित्र क्षेत्रमा काम पनि गर्छन् । उनी लजालु भए पनि मिलनसार छन् । ५ फिट ४ इन्च अग्ला जितन दुःख-सुखमा साथ दिने साथीको खोजीमा छन् । जितनलाई jitan_jnc15@yahoo.com मा पत्राचार गर्न सकिन्छ ।

# कस्ता मानिसले राजनीति गर्नुपर्छ ?

## • अब हाम्रो पालो •

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
२. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
३. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
४. तपाईं एक्लै हुँदा के सोच्नुहुन्छ ?
५. राजनीति राम्रो कि समाजसेवा ? किन ?
६. तपाईंले पछिल्लो पटक कहिले झूटो बोल्नुभयो ?
७. साप्ताहिकको ब्लो-अप तपाईंलाई कस्तो लाग्छ ? किन ?
८. के तपाईंलाई नेपालमा राजतन्त्र फर्किन्छ जस्तो लाग्छ ?
९. नेपालबाट रूढिवाद र अन्धपरम्पराको अन्त्य किन नभएको होला ?
१०. दसैं कसरी मनाउनुपर्छ ?




जसले देशको, राष्ट्रको चिन्ता गर्छ उसैले राजनीति गर्नु बेस होला, किनभने राष्ट्रको चिन्तन गर्नेहरूले पो राजनीति गरिरहेका छन् ।

**खड्क थामी, कीर्तिपुर**

हाम्रो देशमा भएका नेता भनाउँदाहरूभन्दा बाहेककाले गर्नुपर्छ । माटो र मेलम्ची दुखाउनेले राजनीति गरेर देश कहिले अगाडि बढ्ने ?

**हेमप्रभास** (२५), **कटुन्जे, धादिङ**

खै के भन्नु, जे भए पनि नेपालमा अहिले देखिएको नेताहरूभन्दा एकदम अग्लो हुनुपर्छ ।

**कैलाश राई** (२३) **धनकुटा**

राजनीति गर्ने होइन कि राजनीति गर्ने जति सबैलाई तुरुङमा हालेर वम पडकाइ दिनुपर्छ । यस्ता फोहरिहरूलाई देश र जनताको भविष्यसँग खेल्न दिनु हुन्छ भन्या ?

**वकिल हीराचन** (२२) **म्याग्दी**

राजनीति गर्नेहरू सैतान सावित भैरहेको अहिलेको परिप्रेक्ष्यमा थप राजनीति गर्ने मान्छे खोज्नुभन्दा राजनीति माथि नै प्रतिबन्ध लगाउनुपर्छ ।

**प्रधुम्न सिंह, जलेश्वर,**

अहिले भएकाहरूभन्दा बढी बदमासी गर्नेहरूले राजनीतिमा आउनुपर्छ ।

**तपस दास** (२०), **राजविराज**

यो राजनीति भन्ने कुरामाथि नै प्रतिबन्ध लगाइदिऊँ न, टाउको खाइसक्यो भन्या यसले !

**प्रतीक श्रेष्ठ**

इमान्दार, नि:स्वार्थी, बुद्धि-विवेकले युक्त एवं समर्पित मानिसले राजनीति गर्नुपर्छ ।

**जनक पराजुली**

अरूले गरे पनि तपाईंचाहिँ नगर्नुहोला सम्पादकज्यू, किनभने यो फटाहाहरूको खेल हो ।

**सुन्दर चौधरी** (२४), **दाङ**

राजनीति त जसले गर्दा पनि हुन्छ, तर त्यसका लागि गाँठ चाहियो, झूटो बोल्न र जे पनि गर्न सक्ने शक्ति चाहियो ।

**दिनेश राई** (१९), **धरान**

तपाईंजस्ता मानिसले, यो देशको कल्याण हुने थियो कि ?

**उज्ज्वल झा** (२७), **जनकपुर**

खुन मुद्दा, बलात्कार, डकैती, ठगी आदिमा आठ-दस पटक मामाघर गैसकेकाहरूले ।

**कमल साधु** (२१), **वीरगन्ज**

पैसा हुनेहरूले ।

**धर्मेष जयसवाल** (२२), **सर्लाही**

अहिले भएका उपद्रोले पुगेन सम्पादकज्यू ? थप किन खोज्नुपर्‍यो ।

**जयन्त वाग्ले, नेपालगन्ज**

नेपालमा आफ्नो नाम पनि राम्रोसँग उच्चारण गर्न नसक्ने मन्त्री छन् । के भन्नु र खै ?

**रुद्रप्रसाद दाहाल**

नेपालमा चार वर्ण छत्तीस जातको साझा फूलबारी हो, त्यसकारण जोसुकैले पनि राजनीति गरे हुन्छ । गोरो वा कालोले नै गर्नुपर्छ भन्ने छैन, गहुँगोरोले पनि गर्दा हुन्छ ।

**राजेन्द्र कुँवर**

खै कस्ता मानिसले भन्नु ? जुन जोगी आए पनि कानै चिरेका छन् । सडक तताउने नेता पनि सत्तामा पुगेपछि मुख मिठ्याउन थाल्छन् ।

star_parbin@yahoo.com

यस्तै मानिसले गर्नुपर्छ भन्ने त छैन, तर प्रतिभा भएको अनि देश र समाजलाई केही दिन सक्छु भन्ने मानिसले राजनीति गर्दा हुन्छ ।

nbkshetry@yahoo.com

## • यौन जिज्ञासा र समाधान •



डा. राजेन्द्र भद्रा

**प्रश्न : म २८ वर्षीय विवाहित युवक हुँ । मेरो विवाह दस महिनापहिले मभन्दा सात वर्ष कम उमेरकी युवतीसँग भयो । विवाहको एक महिनापछि म विदेश आएँ । मेरो एक महिनाको हनिमुन ज्यादै खल्लो भयो । किनभने मैले सोचेजस्तो यौनअनुभव गर्न पाइनँ । पहिलो सम्भोगमै श्रीमतीको योनि ज्यादै खुकुलो अनुभव गरें । उनका स्तन पनि लत्रिएको थियो र सम्भोगमा ज्यादै पानी बग्थ्यो । उनी मभन्दा मोटी छिन् । सम्भोग गर्दा उनी कुनै प्रतिक्रिया जनाउँदैनथिन् । यी सबै कुराको कारण के होला ? कहीं उनले विवाह हुनुभन्दा पहिले अरू पुरुषसँग धेरै सम्पर्क गरेर त यस्तो भएको होइन ? अझ एक महिनाको समयमा गर्भ पनि बसेन । उनी अहिले पढ्न भनेर सहरमा एक्लै बस्छिन् । कहीं उनले मेरो अनुपस्थितिमा अरू पुरुषसँग विगतका क्षणहरू दोहर्‍याउने त होइनन् ? म पुन: एक वर्षपछि नेपाल जाँदै छु । त्यो समयमा मैले उनीसँग शारीरिक सम्पर्क गर्दा नयाँ अनुभव पाउँछु कि पाउँदिनँ ? उनको स्तन र योनिमा कुनै परिवर्तन आउला कि नआउला ? उनले अरू पुरुषसँग सहवास गरे-नगरेको कसरी थाहा पाउन सकिएला ? आजकाल म दिनमा दुई-तीन पटक हस्तमैथुन गर्छु । बढी हस्तमैथुन गर्दा पछि गएर शरीरलाई के-कस्तो असर पर्ला ? कहीं लिंगमा ढिलापन आएर श्रीमतीलाई सन्तुष्टि दिन नसक्ने पो हुँ कि ? श्रीमतीको अनुपस्थितिमा हस्तमैथुन गर्ने बानीलाई कसरी कन्ट्रोल गर्न सकिएला ? मैले सुनेको छु, हस्तमैथुन गर्नेहरूको लिंग कमजोर हुनुका साथै स्खलन पनि छिटो हुन्छ । के यी भनाइ सत्य हुन् ? हस्तमैथुनका फाइदा-बेफाइदा के छन् ?**

**एस.**

**उत्तर : तपाईंले किन एकमहिने हनिमुन खल्लो भन्नुभयो ?**

तपाईंले के-कस्तो सोच्नुभएको थियो, थाहा भएन । तपाईं हनिमुन नै मनाउन श्रीमतीसँग कतै जानुभयो कि भएन, पत्रमा उल्लेख छैन । सायद तपाईंको मागी विवाह थियो । यस्तो बेलामा विशेष गरेर सम्बन्धलाई प्रेममय तथा आत्मीय बनाउन एकदमै प्रयास गर्नुपर्ने हुन्छ । हनिमुन मनाउन जाने कुरा यान्त्रिक रूपमा यौनसम्पर्क राख्ने मात्र होइन । विशेष गरेर हनिमुनलाई गुलियो वा मधुमय बनाउन तपाईंको पनि जिम्मेवारी छ ।

यदि व्यक्ति अपरचित भए सुमधुर सम्बन्धका लागि प्रयास गर्नुपर्छ । यौनसम्बन्ध र त्यसबाट प्राप्त हुने चरमसुखले त्यसमा सहयोग गर्छ । नाजायज अपेक्षा राख्नु नै शायद हनिमुन खल्लो बन्नुको कारण थियो । के तपाईंले श्रीमतीसँग कस्तो अनुभव भयो सोध्नुभयो ? यो समय उहाँका लागि पनि त्यति नै महत्त्वपूर्ण छ । नेपाली समाजमा हुर्किएकी नारी भएकाले पनि उहाँलाई सजिलो बनाउन तपाईंले प्रयास गर्नु आवश्यक थियो ।



व्यक्तिअनुसार लिंग वा योनिको नाप र आकारमा धेरै भिन्नता हुन्छ । कामसूत्रका लेखक ऋषि वात्सायनले पनि नापलाई आधार बनाएर लिङ्ग तथा योनिको वर्गीकरण गरेको कुरा यो स्तम्भमा पढ्नुभएकै होला । सामान्यत: उत्तेजित अवस्थामा लिंगको लम्बाइ यस्तै ५ दशमलव ९ (धेरैजसोको ५ दशमलव २५ देखि ६ दशमलव २५) इन्च हुन्छ । योनि मांसपेशीले बनेको एकदमै लचिलो वा भनौं तन्किन सक्ने गुण भएको नली आकारको अङ्ग हो, जसको लम्बाइ ३ देखि ४ इन्च हुन्छ । यसो भए पनि पाइपको जस्तो जतिखेर पनि प्वाल वा खाली ठाउँ रहेको स्थिति भने हुँदैन । सामान्य अवस्थामा योनिका भित्ताहरू एकअर्कासँग टाँसिएको अवस्थामा हुन्छन् । तपाईंलाई यो कति कसिलो हुनुपर्ने लागेको थियो, लेख्नुभएको छैन । स्तनको आकार पनि व्यक्तिअनुसार फरक-फरक हुन्छ । किशोरावस्थामा हुने कसिलोपनमा बिस्तारै कमी त आउँछ नै । तौल कुनै समय बढी भएर फेरि घटेको अवस्था छ भने पनि स्तन गिलो हुन्छ । यहाँ पनि तपाईंको अपेक्षाकै कुरा हुनसक्छ ।

**कतै परपुरुषसँग सम्बन्ध राख्छिन् कि ?**

यो कुरा भन्न सजिलो छैन । प्राकृतिक आवश्यकता एकातिर हुन्छ भने अर्कातिर समाजका नियमलाई मान्ने आत्मनियन्त्रण अनि वातावरणले दिने अवसर । यी सबैको जटिल नतिजामा यस्ता सम्बन्ध हुन पुग्छन् । तपाईंले विवाहेत्तर सम्बन्ध राख्नुभएको छ कि छैन स्पष्ट छैन, तर त्यसै कसैलाई विनाआधार शंका गर्नु मनासिब हुँदैन । पढिरहेकी आफ्नी श्रीमतीलाई पक्कै पनि तपाईंले सहयोग गरिरहनुभएकै होला । पठाउनुभएको पैसा उचित अनि नलुकाइ खर्च भए-नभएको कुराले अवाञ्छित सम्बन्ध भए-नभएको कुराको संकेत गर्छ । अहिले सञ्चारको यस्तो सुविधा भएको बेलामा नियमित सम्पर्कमा रहनुभयो भने माया बढ्छ । अनावश्यक शंका गरेर खोजिनिती गर्नु थाल्नुभयो भने सम्बन्धमा चिरा पर्छ र नकारात्मकता थपिंदै जान्छ । त्यस्तो स्थितिमा यौनजीवन पनि त्यति राम्रो हुने कुरै भएन ।

**हस्तमैथुनले केही हानि गर्छ कि ?**

यो एक स्वाभाविक कुरा हो । यौनसम्पर्क होस् वा हस्तमैथुन, लिङ्गले उस्तै किसिमको घर्षणबाट आनन्द पाउने सन्देश मस्तिष्कमा पठाउँछ । विवाहपछि पनि थुप्रै व्यक्तिले हस्तमैथुन गर्छन् । यसरी छुट्टिएर बस्नुपरेको अवस्थामा त यो वरदान नै हो । तपाईंले मात्र होइन, तपाईंकी श्रीमतीले पनि हस्तमैथुन गर्दा उहाँको यौनेच्छा शान्त पार्न सजिलो हुन्छ । यसका बारेमा तपाईंले आफ्नी श्रीमतीसँग पनि कुरा गर्नुभए हुन्छ ।

**नयाँ अनुभव कसरी पाउने ?**

सम्बन्धलाई मधुर बनाउन प्रयास गर्नुहोस् र यौन आशनमा विविधता ल्याउनुहोस् । अनावश्यक शंका नगर्नुहोस् । वैवाहिक सम्बन्ध विश्वासको जगमा अडेको हुन्छ, यसमा धमिरा नलगाउनुहोस् । योनिलाई कसिलो बनाउन यौनांग क्षेत्रको मांसपेशीलाई बलियो बनाउनुपर्छ । यसका लागि गरिने कसरतलाई नै केगेल कसरत भनिन्छ । अत्यधिक रस आउँदा पनि खुकुलोपन महसुस हुन्छ । यो महिलामा यौन उत्तेजनाको संकेत हो । केही महिलामा यौन चरमसुख प्राप्त गर्ने बेलामा पनि यसो हुनसक्छ । त्यसका अन्य केही कारण छन् कि भनेर पनि विचार गर्नुपर्ने हुन्छ । अन्तमा, असन्तुष्टि भयो कि भनेर शंका गर्नुको सट्टा यस विषयमा श्रीमतीसँग राम्रोसँग कुराकानी गर्नु नै उचित होला ।





















## मस्तिष्क/दिमाग



मानिसको मस्तिष्क तीन भागमा विभाजित हुन्छ। मस्तिष्कको माथिल्लो भागले भोक, उत्तेजना, सोच एवं थाहा पाउने जस्ता काम गर्छ भने बीचको भागले दृश्यहरू थाहा पाउने र सचेत गराउने काम गर्छ। तल्लो भागले विभिन्न संवेदनालाई विश्लेषण गरेर संयोजन गर्छ।



मस्तिष्कको दाहिने भागले विश्लेषण गर्छ भने देब्रे भागले सिर्जनात्मक कार्य गर्छ।



मानिसको मस्तिष्कमा भएका रक्तनलीहरूलाई जोड्दा १ लाख माइल हुन्छ। यो नलीलाई जोड्यो भने पृथ्वीलाई ४ चक्कर लगाउन पुग्छ।



मस्तिष्कको तौलअनुसार दिमागको क्षमता घटी र बढी हुँदैन। सरदर मानिसको मस्तिष्कको तौल १ हजार ३ सय ६० ग्राम हुन्छ, तर प्रख्यात वैज्ञानिक अल्बर्ट आइन्स्टाइनको मस्तिष्कको तौल १ हजार २ सय ३० ग्राम मात्र थियो।

**१० %**

मानिसले आफ्नो मस्तिष्कको १० प्रतिशत भाग मात्र सञ्चालन गरिरहेको हुन्छ।

क्रमशः

## पत्याउनु हुन्छ?




एलिजावेथ म्याकुरले स्टोरबाट किनेर ल्याएको क्याडबरीमध्येमा एउटा लिंग आकारको क्याडबरी फेला पऱ्यो। कुनै कामदारले जिस्कने हिसाबले उक्त नमुना राखेको हुन सक्ने बताउँदै म्याकुरले आफूसँग कम्पनीले माफी माग्नुपर्ने माग गरेकी छिन्।



थाइल्यान्डमा डेन्गु रोगका कारण ४३ जनाको मृत्यु भएपछि स्थानीय स्वास्थ्य अधिकारीहरूले महिलाहरूलाई कम्मरभन्दा मुनि कालो रंगको कपडा नलगाउन अनुरोध गरेका छन्।



प्राणीजगत्मा बाघलाई सबैभन्दा कुशल पौडीबाज मानिन्छ। मियामीको एक पोखरीमा पर्यटकहरूलाई बाघसँग पौडी खेल्ने अवसर प्राप्त हुन्छ।




पेरिसको सिलिटो शु कम्पनीले हालै सुन र हीराजडित जुत्ता निर्माण गरेको छ। अहिलेसम्मकै सर्वाधिक आकर्षक मानिएको यो जुत्ताको मूल्य १ करोड ८ लाख रुपैयाँ छ।

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## साप्ताहिक कोठेपद



**दायाँ**

१. भगवान् शिवको प्रसिद्ध मन्दिर (६)
२. तापक्रम नाप्ने यन्त्र (५)
४. चाादी अर्थ लाग्ने देश (४)
५. कर्णाली अञ्चलको एक जिल्ला (४)
६. पश्चिम सिमाना, नदी (४)
७. पााच वाद्ययन्त्रको समूह (४)
८. पृथ्वीको उपग्रह (३)
९. जग्गा-जमिन नाप्ने व्यक्ति (३)
१० भऱ्याङ, सिँढी (३)
१२. सार्क समूहको एक मुलुक (५)
१३. सर्वश्रेष्ठ मानिस (४)
१४. एक फूल (४)
१५. सन्देशवाहक चरा (३)
१६. एक रसिलो फल (३)
१७. एक नक्षत्र (३)

**तल**

१. बदलिएको (५)
२. कुलको वरिष्ठ सदस्य (३)
३. इस्लाम धर्मको एक चाड (४)
४. कंगारुको देश (४)
५. काठमाडौंको एक क्षेत्र (४)
६. सुख्खा उजाड क्षेत्र (४)
७. एक प्रकारको फल (४)
८. हाास जातको चरा (३)
९. कुचो बनाइने घाास (२)
११. फूलपातीमा भित्र्याइने वनस्पति (५)
१२. पिछलग्गु, पछ्याउने व्यक्ति (४)
१३. पापी, दुष्ट मानिस (४)
१४. बाक्स (३)
१५. पाइलाको आवाज (४)
१६. पहेंलो धातु (२)

## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी



## • तालुमा आलु •



प्रकाश ओझा

चौधरी सरको छोरो आफ्नो गर्लफ्रेन्डसँग डेटमा गयो फर्कीएपछि छोरोसँग चौधरी सरले रिपोर्ट माग्नुभयो ।

सिनेमा हेऱ्यो- छोरोले भन्यो- होटलमा खाना खायौं

कति खर्च भयो ?

यस्तै पाँच-छ सय

ठीकै छ धेरै खर्च भएनछ

उ सँग त्यही पाँच-छ सय रुपैयाँ मात्र रहेछ ।

०००

एकजना नेता भाषण गर्ने क्रममा जोर जोरले भन्दै थिए....

मेरा विरोधीहरूले मेरा बारेमा जती पनि आरोप लगाएका छन् सबका सब झुटा हुन् । मेरो विरोधीहरूले फ्याँकेका जुत्ता चप्पल लगाएर म हिँड्छ भन्ने कुरा पनि झुटो हो र विरोधीहरूले मलाई हानेको इटा ढुंगाहरू जम्मा गरेर मैले नयाँ घर बनाए भन्ने कुरा त झन् झुटो हो ।

०००

मेरो कुखुराको खोरमा चालिस वटा पोथी थिए अनि एउटामात्र भाले । मेरो भालेले कहाँबाट ब्रहमचार्यको दिक्षा लिएर आयो कि के भन्नु चालिसवटा पोथी कसैले पनि एउटा पनि अण्डा पार्दैन्थें फेरि एकदिन एकजना जोगी आयो र केही गोली दियो जुन मैले भालेलाई ख्वाइदिए अब एउटा पोथीलाई पनि सुखसाग बस्न दिदैंन अण्डा पनि चालीस पोथीमा चालीसवटाले नै पार्छन् ।

हो र...., साथीले प्रभावित हुँदै भन्यो- नाम के हो त्यो गोलीको ?

नाम त मलाई थाहा छैन तर त्यसको स्वाद चै धनियाँ जस्तो छ ।

०००

दुईजना सिकारी जंगल गए । अचानक एउटा सिंह निस्कियो । एउटा सिकारी बाठो थियो, रुखमाथि चढ्यो अर्को रुख चढन जान्दैन थियो कुदन थाल्यो । कुदेर एउटा गुफा भित्र पस्यो । सिंह एकछिन ओढार बाहिर बस्यो र फर्कियो सिंह केही पर पुगेपछि शिकारी निस्कियो र सिंहको पछिपछि कुद्यो । सिंह फेरि फर्कियो र सिकारीलाई खेदन थाल्यो । सिकारी फेरि भाग्यो र गुफा भित्र पस्यो त्यसपछि सिंह फर्कियो र सिकारी सिंहको पछिपछि कुद्यो सिंह फेरि फर्क्यो सिकारी कुदेर गुफाभित्र पस्यो यो क्रम धेरै पटक भएपछि रूख माथि चढेको सिकारी जसले यो दृश्य हेरिरहेको थियो माथिबाट करायो...

किन घरीघरी गुफाबाट निस्कि राखेको ? आधा घन्टा जति गुफा भित्रै बसिराख सिंह धेरै पर पुग्छ अनि निस्कनुपर्छ ।

मिल्दैन गुफाभित्र दुइटा अरू सिंह बसेका छन्

०००

## • कविता •

# रेशम सुनुवारका कविता



### दुःख, सुख बाँड्नु छ

तिमीसँग भेटेर वात मार्नु छ
अलिकति दुःख अनि सुःख बाँड्नु छ
लेखे चिठी खोइ जवाफ आएन
जिज्ञासाले मनै भरी धरै पाएन
कुनै बेला हामीसँगै कुरा गर्नुछ
अलिकति दुःख अनि सुःख बाँड्नु छ
खोई कुन्नि के सोच्यौं आफ्नो मनमा
कस्तो-कस्तो मोड आउँछ हाम्रो जीवनमा
मौका मिले पिरतीको बीउ छर्नु छ
अलिकति दुःख अनि सुःख बाँड्नु छ
गल्ती भए मलाई तिम्ले माफ गर्नु
आखिर सबले छ नै एक दिन मर्नु
हुन्न भने अरूसँग जंघार तर्नु छ
अलिकति दुःख अनि सुःख बाँड्नु छ ।

### व्यथा कति-कति

मरी जाने जिन्दगीको कथा कति-कति
मान्छे भई जन्मिएपछि व्यथा कति-कति
मान्छेको भीडमा बाँची दिन्छन् एक्लै पनि
कति मान्छे दुनियाँमा हाँस्छन् दुःखे पनि
जिउनलाई जिन्दगीमा बाँच्ने प्रथा कति-कति
मान्छे भई जन्मिएपछि व्यथा कति-कति
समयको रफ्तरको यो कस्तो प्रतिविम्ब
बुझाउनुछ चित्त यहाँ हेर्दै आफ्नो विम्ब
संसारमा मान्छेको त्यो नाता कति-कति
मान्छे भई जन्मिएपछि व्यथा कति कति ।

### धूवा हो कि माया

कहिले हार्ने कहिले जित्ने जुवा हो कि माया
उड्दै जाने सिमलको भुवा हो कि माया
घरी-घरी सम्झनामा उनकै आउने याद
सम्झनामै डुबिरहने कुवा हो कि माया
तनमन तानी दिने कस्तो आकर्षण हो यो
जति नजिक उति सोस्ने रुवा हो कि माया
कहाँ पुगी टुङ्गिने हो वैशालु यो यात्रा पनि
आकाशैमा हराइजाने धूवाँ हो कि माया ।

### फैल्याउनु छ भाइचारा


गनेर कहाँ सकिन्छ अकाशको तारा हजुर
आफैंले निभाउनु छ आफ्नो अभिभारा हजुर
निष्क्रिय त्यो जिन्दगीको के अर्थ हुन्छ र
लगाउनु छ सफलताको नयाँ-नयाँ नारा हजुर
आफैंभित्र हराएर कति बाँच्ने दुनियाँमा
खुल्नुपर्छ स्वतस्फूत जीवनमा सारा हजुर
वैमनश्यताको साङ्लो कसिदा रेशम दाजु
फैलाउनु सवत्र मानवताको भाइचारा हजुर ।

### गलिरहेको हुँ म

निष्ठुरीको मायाले जलिरहेछु म
आँसुको नदी तर्दै गलिरहेछु म
काँडा माझ एउटा फूल फुल्यो भन्थें
उनकै प्रेमले सबै पीडा भुल्यो भन्थें
नसोचेको विश्वासघातले तडपिरहेछु म
आँसुको नदी तर्दै गलिरहेछु म
यति चोखो मायालाई डुबाएर गयौ
सर्वस्व नै लुटेर किन झुलाएर गयौ
पश्चात्तापको आगोले एक्लै जलिरहेछु म
आँसुको नदी तर्दै गलिरहेछु म ।

## • लघुकथा •

# शिक्षा



पाँच वर्षअघिको अंशबन्डामा आफू ठगिएको थाहा पाएपछि रामचन्द्रलाई हुनसम्मको झोक चल्यो । ऊ आफ्नै दाजु-भाइहरूसँग खनियो । उसको रिस मरेको थिएन भन्ने उसको हाउभाऊबाट प्रस्ट हुन्थ्यो । 'भन्नेहरू त भन्थे, बाघको मुख हेर्नु छ भने बिरालाको मुख हेर्नु रे, शत्रुको मुख हेर्न मन लागे दाजुभाइको मुख हेर्नु । त्यो के भनेको भन्थे, आज चाल पाएँ ।' उसले एकपटक श्रीमतीको मुख हेऱ्यो । त्यहाँ उसले कुनै पनि भाव पाएन । त्यसपछि छोराछोरीलाई हेऱ्यो । छोराछोरी बुवा रिसाएको हेरिरहेका थिए ।

एक दिन रामचन्द्र खेतबाट आउँदै थियो । आफ्ना दुई छोराबीच आँगनमा कल्पनै गर्न नसकिने लडाइँ भैरहेको थियो । आमा नभएको मौका पाएर ठूलोले सानोलाई पिट्नसम्म पिटेछ । सानोले पनि बेतको छडी भेटेछ र बजाएछ । दुवै रोएर कोकोहोलो मच्चाउँदै रहेछन् । 'उल्लु, भाइलाई माया गर्नुपर्दैन ?' दुवैको हालत बिग्रिएको देखेर ठूलोलाई रामचन्द्रले सम्झायो, 'दाजुभाइ मिले पो अरूले हेप्न सक्दैनन् । हुने बिरुवा भए पो पात चिल्लो हुन्थ्यो ।' जेठोको रिस मरेको थिएन । 'हजुरले छुट्याएर मात्रै नत्र मैले जानेको थिएँ ।' जेठोले भन्यो, 'हजुरले नै भनेको होइन, शत्रुको मुख हेर्नु छ भने भाइको मुख हेर्नु भनेर । मलाई त भाइको मुख देख्यो कि त्यसै-त्यसै रिस उठ्छ ।'

**वसन्त ढकाल**



# जीवनको अर्थ भीडमा हराउनु होइन

पृष्ठ ५ बाट जारी

पुनर्निर्माण गर्न सकियो भने त्यसले दीर्घकालीन असर गर्छ । नेपालीहरूले पनि हाम्रा पुरानो सहर कस्ता हुन्थे भनेर हेर्न पनौती पुग्नुपर्छ । विदेशीहरूका लागि त यो सहर अचम्मकै हुन्छ । इच्छाशक्ति भयो भने असम्भव केही छैन । संसारमा सम्पन्न भएका जति पनि असम्भव कार्य छन्, ती इच्छाशक्तिकै कारणले भएका हुन् ।

**पनौती नै किन ? राजधानीका तीन सहरमा यस्तो काम बढी प्रभावकारी हुँदैन ?**

यी तीन सहर नराम्रोसँग बिग्रिसके । काठमाडौं, पाटन र भक्तपुरलाई पुनर्निर्माण गर्न खबौं रुपैयाँ र ५० औं वर्ष लाग्न सक्छ, तर पनौती राजधानी नजिक भए पनि धेरै बिग्रिसकेको छैन । त्यहाँका पुराना जात्रा, नाच एवं संस्कृति अझै पनि प्राचीन रूपमै छन् । घर, बाटा र धारालाई प्राचीन रूपमा लान २० वर्ष मेहनत गरियो भने यो आधुनिक खालको प्राचीन सहर देखिन्छ । सहरभित्र आधुनिक मोटर कुद्न नदिने योजना पनि कार्यान्वयन गर्न सकिन्छ । सम्पूर्ण सहर नै पहिलेदेखि नै यस्तै थियो कि भन्ने भ्रम पर्ने गरी त्यसलाई परिवर्तन गर्न सकिन्छ ।

**यसका लागि राजनैतिक दल, स्थानीयवासी एवं सरकारको सहयोग त चाहिन्छ नै, अर्बौं रुपैयाँ र दक्ष जनशक्तिको पनि आवश्यकता पर्छ, कसरी जुटाउनुहुन्छ ?**

दक्ष जनशक्तिका लागि मैले आफैं तालिम केन्द्र खोलेको छु । उक्त तालिम केन्द्रले उत्पादन गर्ने सबै जनशक्तिलाई काम दिइरहेको छु । यो कार्यलाई अघि बढाउन मैले आफ्नो आधा सम्पत्ति च्यारिटीलाई दिएको छु । ५० औं घर निर्माण गर्दा जसरी मैले सबैको सहयोग पाए, त्यसैगरी पनौती निर्माणमा पनि सहयोग हुन्छ । जुन व्यक्ति बिनास्वार्थ विकास गर्न उहाँहरूको आँगनमा आएको छ, त्यो कुरा पनौतीवासीले बुझ्न थाल्नुभएको छ । धेरै विदेशी मित्रले मलाई सहयोग गर्ने वचन दिएका छन् । आँटेपछि नहुने कुरै छैन ।

**अहिलेसम्म कति काम गर्नुभयो ?**

धेरै जात्रा र नाचलाई पुनः सञ्चालन गर्न थालेका छौं । पहिलो चरणमा भत्कन लागेका पुराना घरलाई हामी आधा पैसा हालिदिन्छौं, घरधनीलाई आधा पैसा हाल्न लगाउँछौं । आधुनिक घर बनाउन पूरा पैसा हाल्नुपर्छ, प्राचीन शैलीका घर बनाउँदा आधा पैसा फाउन्डेसनले दिने भएपछि अस्वीकार हुन्छ भन्ने लाग्दैन । विकास निर्माणको काममा नगरपालिका र हामी सँगै जान्छौं । यसका लागि नेपाललाई माया गर्ने सयौं विदेशी मित्र तयार छन् ।

**यो योजनाले नेपालको विकासमा के फरक पार्छ ?**

नेपालमा सयौं परम्परागत गाउँ र सहर छन् । जब पनौती हेर्न हजारौं विदेशी पर्यटक आउन थाल्छन्, बल्ल सबैलाई काठमाडौं, पाटन र भक्तपुर बिग्रिसकेको अनुभव हुन्छ, तर अरू बिग्रन दिनुहुँदैन भन्ने भावनाले चैनपुर, बन्दीपुर, धनकुटा, हिले, पाल्पा, खोकना, बुङ्मती, दाप्ता टोखा, चापागाउँजस्ता प्राचीन परम्परागत सहर र गाउँको पुनर्निर्माण हुन थाल्छ । त्यहाँका संस्कृति जागृत हुन थाल्छन् । नेपालीहरूलाई आफ्नोपनको महत्व बुझाउन सकियो भने तत्कालै २० वटा सहर पुनर्निर्माण हुन्छ । पर्यटकलाई आफ्नै शैलीले खानपान गराउन थालिन्छ । त्यसले पूरा पर्यटन उद्योगमा कायापलट हुन्छ । अहिले दिनहू बिग्रँदो क्रममा रहेको काठमाडौंको पोलुसन हेर्न पर्यटक किन आउँछन् ?

**तपाईंको उद्देश्य पर्यटन बढाउनका लागि मात्र यस्तो योजना ल्याउनुपर्छ भन्ने हो ?**

हामीसँग प्रकृतिले दिएको अथाह सम्पत्ति छ । अब हाम्रो संस्कृति मात्रै जोगाउनु छ । यही संस्कृति र प्रकृति मात्र जोगाउन सकियो भने हामीकहाँ वार्षिक १ करोड पर्यटक आउँछन् । जबकि २० लाख मात्र नेपाल घुम्न आउने हो भने हाम्रो प्रतिव्यक्ति आय भारतसमान हुन्छ । संसारका मानिस विकासबाट वाक्क भैसके । उनीहरू प्रकृतिलाई चुम्न यहाँ आउन चाहन्छन् । उनीहरू हामीकहाँ संस्कृति र प्रकृतिको मोज गर्छन्, हामी उनीहरूको पैसाले मोज गरौंला ।

**यसले हाम्रा सबै समस्याको समाधान हुँदैन नि, किनभने यस्ता धेरै सपना नेपालीले देखिसके, होइन र ?**

म एक्लोले एउटा सहर पुनर्निर्माण गरेर अरू २० वटा गाउँ-सहरलाई नेतृत्व दिन सक्छु भने अरू पाटोबाट अरूले पनि काम गरि नै रहेका छन् । किनभने म आकाशबाट झरेको विशेष व्यक्ति त होइन ? म पनि अरूजस्तै साधारण मानिस हुँ । यो देशमा असल मानिस हजारौं छन् । उनीहरूले पनि काम गरिरहेका छन् । यो त सपना नै होइन । भोलिको यथार्थ हो । इटालीको भेनिस सहर भक्तपुरजत्रो पनि छैन, तर त्यहाँ प्रत्येक वर्ष साढे ३ करोड पर्यटक पुग्छन् । भेनिसलाई त बनाइएको हो, नेपाललाई त अलरेडी प्रकृतिले नै बनाइदिएको छ ।

**तपाईंको वास्तविक सपनाचाहिँ के हो ?**

नेपाललाई कार्बन शून्य मुलुक बनाउने । नेपालको जलविद्युत्लाई पूर्ण रूपमा प्रयोग गरेर विद्युतीय गाडी र रेल चलाउने । त्यसका लागि विदेशमा अध्ययन गर्न युवा पठाउने । पहिले कुनै क्षेत्रमा पेट्रोलियम पदार्थ निषेध गर्ने र बिस्तारै त्यसलाई नेपालभरि लागू गर्ने । सानो देश र अपार जलविद्युत्को सम्भावना भएकाले यो मेरो जीवनमै पूरा हुने सपना हो जस्तो लाग्छ ।

**तपाईं सपनाको संसारमा हुनुहुन्छ । यद्यपि कहिलेकाहीं यो सपनाबाट ब्युँझँदा देखिने देशको अवस्था कस्तो लाग्छ ?**

म काठमाडौंनजिकैको एउटा डाँडोमा परम्परागत नेपाली गाउँ बनाउँदैछु । त्यो गाउँ निर्माण गर्दा राजनीतिक संरक्षण पाएका गुन्डाहरूले विभिन्न नाममा पैसा माग्छन् । म सिद्धान्तनिष्ठ मानिस भएकाले पैसा दिने कुरै आएन । यसले धेरै पटक काम रोकिएको छ । समयमा काम गर्न सकिएको छैन । युवालाई तालिम दिने र आफैंले रोजगारी दिने नीति लिएर सिटिइभिटीमा धाएको चार वर्ष भयो, बल्ल-बल्ल स्वीकृति पाइयो । चार वर्षमा कति युवा रोजगार हुन्थे ! उनीहरूले विदेश जानुपरिरहेको छ । जे-जति भए पनि थोरै भए पनि मेरो नाम छ, मैले त यति दुःख पाउँछु भने अरूले कति दुःख पाइरहेका होलान् ?

**अब भन्नुहोस्, तपाईंको सपना र यथार्थमा कति भिन्नता छ ?**

म निराश छैन । तपाईं असल मार्गमा लाग्नुहोस्, ढिला होला काम फत्ते हुन्छ । संसार यस्तै छ भनेर उनीहरू जस्तै हुनुभयो भने पछि तपाईंलाई पश्चाताप हुनेछ । किनभने जीवनको उद्देश्य केही गर्नु हो, अरूजस्तै भीडमा हराउनु होइन ।

● **अश्विनी कोइराला**

# फेसनमा तीजको लहर


तस्बिर : ठिकठाक डटकम

हिन्दू महिलाहरूको महान् पर्व तीज सान्दर्भिक फेसन शैलीको कुरा गर्दा रातो रंगको साडी, ब्लाउज, चुरा, पोते, टीका, छड्को तिलहरी र गरगहनाले सजिएको व्यक्तित्वभन्दा फरक कल्पना गर्न सकिंदैन। यसपटक तीजको शैलीलाई प्रस्तुत गर्ने क्रममा नमुना कलेज अफ फेसन टेक्नोलोजीका विद्यार्थी डिजाइनरहरु नवीना महर्जन, समता धाख्वा, ज्वाला राई तथा डिजानरद्वय शुभेच्छा भडेल र सौरभ आचार्यको परिकल्पना समेटिएको छ। यी डिजाइनरले कुर्ता-सलवार र साडीमा तीजको स्टाइल स्टेटमेन्टलाई यसरी प्रस्तुत गरेका छन्।

**नवीना महर्जन, समता धाख्वा र ज्वाला राई (विद्यार्थी), छैटौं ब्याच, नमुना कलेज**

### कुर्ता–सलवार

स्विट हार्ट वा राउन्ड नेकलाइन भएको अनारकली डिजाइनको रातो र हरियो कलरको कम्बिनेसनमा कुर्ता-सलवार। भित्रबाट कटन र बाहिरबाट नेट प्रयोग गरिएको यो डिजाइनको कुर्ता-सलवारमा विड्स, सिक्वेन्स र दप्का वर्कको हाइलाइट। वस्ट लाइनमा प्याचवर्क र एम्पायर लाइन पनि उत्तिकै हाइलाइट हुनेछ। चुडीदार शैलीको सलवार भने प्रिन्टेड फ्याब्रिक र कुर्ताको कन्ट्रास्ट कलरमा। कुर्ता-सलवारलाई सुहाउँदो गरी ग्रीन र रेड कलरको संयोजनमा डाइ गरिएको नेटको सल। सलको बोर्डरमा हल्का वर्कको प्रयोग कुर्ता-सलवारको लुकलाई अझ अर्थपूर्ण बनाउन कुर्ताको रंगसित मिल्दो वा कन्ट्रास्ट कलरको नेटको स्लिभ प्रयोग गर्न सकिन्छ।

### साडी

जर्जेट, नेट वा ब्रोकेडको कम्बिनेसनमा बोर्डर तथा आँचलमा रेड र ग्रीन कम्बिनेसनको वर्क गरिएको रातो साडी र साडीको मुख्य रंगसित कन्ट्रास्ट कलरमा रेडिमेड प्लिटसको प्रयोग। साडी सुहाउँदो रंगको ब्लाउज। यसमा भी वा स्विट हार्ट नेकलाइनमा ब्याक टाई-अप शैलीमा स्लिभलेस ब्लाउज प्रयोग गर्ने।

**शुभेच्छा भडेल, क्रसरोड अपेरल**

### कुर्ता–सलवार

रेड, ग्रीन, ऐलो कलरमा सिफन, क्रेप सिल्क, अर्गेन्जा वा टिस्यु फ्याब्रिकमा स्ट्रेट कट, ए-लाइन स्टाइल वा अम्ब्रेला शैलीको कुर्ता-सलवार। राउन्ड, स्विट-हार्ट, भी शैलीको नेकलाइनमा गोल्डेन कलरको जरी वर्क वा हल्का मल्टीकलरको जरी वर्क। यसमा सितारा र पोतेवर्क पनि प्रयोग गर्न सकिन्छ। यसमा स्लिभ नेट प्रयोग गर्नु उपयुक्त हुन्छ। कुर्तासित सुहाउँदो क्रेप सिल्कको चुडीदार सलवार। सलवारको बोर्डरमा प्याचवर्क र हेभी वर्क तथा माथिपट्टि हल्का वर्कको प्रयोग। सलमा भने सिफन फ्याब्रिकमा दुईवटा कलर डाइगोनल वा हल्फ शेडेड शैलीमा डाइ गरी प्रयोग गर्ने। सलको बोर्डर वरिपरि हल्का वर्क प्रयोग गर्न सकिन्छ।

### साडी

जर्जेट, टिस्यु वा सिफनको रातो साडीमा ग्रीन र ऐलो रंगमा वर्कको प्रयोग। ग्रीन र ऐलो रंगको संयोजनमा फ्लावर इमब्रोइडरी पनि उपयुक्त हुन्छ। साडीको आँचल हेभी र बोर्डरमा हल्का वर्क प्रयोग गर्ने। गोल्डेन कलरको जर्दोजी वर्कमा रातो रंगको क्रेप सिल्क साडी पनि शोभनीय हुन्छ। ब्लाउज भने स्टाइलिस हुनुपर्छ। हेभी वर्कसहितको ट्युब हल्टर नेक लाइन ब्लाउजमा पछाडि रिङ राखेर अझ बढी हाइलाइट गर्न सकिन्छ।

**सौरभ आचार्य**
**मिनिस्ट्री अफ स्टाइल**

### कुर्ता–सलवार

चन्डेरी सिल्क, साटन वा टिस्युको गोल्डेन टचसहितको रेड वा ग्रीन कलरको अम्ब्रेला स्टाइलको कुर्ता-सलवार। व्यक्तिलाई सुहाउँदो नेकलाइनरमा आकर्षक प्याटर्न र योर्क राखी इम्ब्रोइडरीको आकर्षक संयोजन। नेकलाइनको योर्कलाई एम्पायर लाइनसम्म प्रयोग गर्ने कुर्ताको बोर्डरमा हल्का इम्ब्रोइडरी गर्ने वा सिम्पल ब्रोकेड वा टेक्सचरको ब्रोकेड प्रयोग गर्न सकिन्छ। कुर्ता सुहाउँदो चुडीदार शैलीमा साटनको सलवार। प्लेन डिजाइनमा सलवारको मोडीतिर फोल्ड गरेर लुक गर्ने शैली राखी यसलाई आकर्षक बनाउन सकिन्छ। सलमा भने डाई गरिएको शेडेड स्टाइल उपयुक्त हुन्छ।

### साडी

फ्रेन्च सिफन, जापानिज सिफनको गोल्डेन, ग्रीन वर्क गरिएको रातो साडी। साइड हिपदेखि आँचलसम्म हेभी डिजाइनको प्रयोग, जसमा पेज्ले प्रिन्ट, लहराको प्याटर्न आदि प्रयोग गर्न सकिन्छ। मोतीसँग मिल्दो इम्ब्रोइडरीले हाइलाइट गर्दा आकर्षक देखिन्छ। ब्लाउज भने सिमरमा लाइनिङ भएको वा साटन फ्याब्रिकमा सिम्पल वर्क गरिएको हुनुपर्छ। भी वा स्विट हार्ट नेकलाइनसहित पछाडि नटेड शैली राम्रो हुन्छ।

# तीजले छोयो सौन्दर्य व्यवसायीलाई



**डम्बर अधिकारी**

तीज आउन एक साता बाँकी नै छ, तर तनहुँ उद्योग वाणिज्य संघको हलमा महिलाहरूको भीड देख्दा लाग्थ्यो, तीज त आजै पो हो कि ? तनहुँ सौन्दर्य व्यवसायी संघको आयोजित गत शनिबार आयोजना गरिएको दर खाने कार्यक्रममा सहभागी महिलाहरूले कम्मर मर्काई-मर्काई नाच्दा कार्यक्रम स्थल निकै रमझम देखिन्थ्यो। त्यसमा पनि सभासद् उर्मिला थापासमेत छमछमी नाच्दा हलमा उपस्थित महिलाहरू हौसिएका थिए।

सधैं व्यापार-व्यवसायमा मात्र व्यस्त हुने दिदी-बहिनीहरूलाई एक ठाउँमा जम्मा गरेर तीज मनाउन पाउँदा आफूलाई निकै खुसी लागेको आयोजक संस्थाकी अध्यक्ष शकुन्तला आलेले बताइन्। त्यस्तै सधैं बिरामीको उपचार गर्दागर्दै हैरान भएकी दमौली अस्पतालकी चिकित्सक श्वेरिता काफ्लले दिदी-बहिनी सँगसँगै दर खान पाउँदा अत्यन्त खुसी लागेको अनुभव सुनाएकी थिइन्।

उक्त कार्यक्रममा हिन्दू मात्र होइन, मुस्लिम महिलाहरूसमेत रातै सारी र गहनाले ढपक्कै ढाकिएर आएका थिए। लामो समयदेखि सौन्दर्य व्यवसाय गर्दै आएकी रफत साना मियाँ धर्मका हिसाबले आफू मुस्लिम भए पनि हरेक वर्ष आउने तीजले आफूलाई पनि छुने बताइन्। मियाँ भन्छिन्- 'तीजले हिन्दू र मुस्लिम छुट्याउदो रहनेछ।' यसबीच सोही अवसरमा ब्राउडल जुरो बनाउने प्रतियोतिमा अनु श्रेष्ठ प्रथम, झोली थापा द्वितीय तथा चाँदनी वेगम तृतीय भएका छन्।

## छैटौं कृति एवार्ड

काठमाडौं- एड एभिन्यूजका ९, वेलकम एडभर्टाइजिङका ११, प्रिज्मा एडभर्टाइजिङका १०, कसैका ७, कसैका ५, कसैका ३, कसैका १ मात्र। विज्ञापन एजेन्सीहरूको छाता संगठन विज्ञापन संघ, नेपालको आयोजनामा असोज महिनाको पहिलो साता होटल सोल्टीमा वितरण गरिने छैटौ 'कृति एवार्ड'का लागि मनोनयनमा परेका एजेन्सी र विज्ञापनको सूची सार्वजनिक भैसकेको छ। ३५ वटा विज्ञापन एजेन्सीका कुल ९५ वटा विज्ञापन यसपटकको एवार्डका लागि मनोनयनमा परेका छन्। जबकि त्यसका लागि ४ सय २४ वटा विज्ञापनले सहभागिता जनाएका थिए। मनोनयनमा परेकाहरूमध्येबाट पनि सर्वोत्कृष्टले यसपटक वितरण गरिने २२ विधामध्ये कसले कुन विधामा अधिकार जमाउँछन्, खुल्दुलीको विषय बनेको छ। विज्ञापनको ठूलो बजारमा प्रतिस्पर्धाका माध्यमबाट स्तरीयता बढाउन विज्ञापन संघ, नेपाल (आन) ले हरेक वर्ष 'कृति एवार्ड' वितरण गर्दै आएको छ।

# सुदूर पश्चिममा गौराको रमझम

**राजेन्द्र नाथ**

महेन्द्रनगर- सुदूर पश्चिममा गौरा पर्वको रमझम सुरु भएको छ। दसैंभन्दा बढी महत्त्वका साथ मनाइने गौरा उत्सवमा रमाउन परदेसिएकाहरू गाउँ फिरेका छन्। महिलाहरू निराहार व्रत बसेर भगवान् महादेव तथा पार्वतीको पुजा-अर्चना गरिरहेका छन् भने पुरुषहरू देउडा र ढुस्कोको रमझममा हराएका छन्।



सुदँर पश्चिमेलीको महान् सांस्कृतिक पर्व गौरा गत आइतबार प्रारम्भ भएको हो। सुदँर पश्चिमका नौ जिल्ला र भारत उत्तराखण्डका कुमाउ र गढवालसम्मै यो पर्व एक सातासम्म धूमधामका साथ मनाइन्छ। गौरा पर्वको प्रवर्द्धनका लागि पहिलो पटक महेन्द्रनगरस्थित महाकाली साहित्य संगमले गौरा महोत्सवको आयोजना गरेको छ।

भाद्र कृष्ण पञ्चमीका दिनदेखि गौरा पर्व आरम्भ हुन्छ। पहिलो दिन घर-घरमा महिलाले तामाका भाडामा विरुडा (पाँच प्रकारको अन्न) भिजाएर पर्वको थालनी गर्छन्। यस दिन यहाँका महिलाले गहुँ, केराउ, गहत, मास र गुरोस मिसाएर तामाका भाडामा भिजाउँछन्। यी पाँच अन्नलाई 'बिरुडा' भनिन्छ। नजिकका धारा, नाउला तथा पानीका पवित्र मूलहरूमा गएर फाग गाउँदै दोस्रो दिन बिरुडा धुने परम्परा छ। तेस्रो दिन गौरादेवी (पार्वती) को प्रतिस्थापना गरेर निराहार पूजाआजा गरिन्छ। त्यस अवसरमा दुबधागो चढाइन्छ। गौरा अष्टमीका दिन व्रत बसेर महिलाहरू बिहानैदेखि गौरा खलो (गौरा मनाउने स्थल) मा पूजाआजा गर्छन्।

पर्वको सुरुवातसँगै पहाड र तराईका जिल्ला देउडा भाकाले गुञ्जयमान हुन थालेका छन्। पौराणिक कालमा भगवान् शिवको प्राप्तिका लागि गौरा देवी अर्थात् पार्वतीले निराहार आराधना गरी शिवलाई प्राप्त गरेको विश्वास गरिन्छ। विवाहित महिलाहरू श्रीमान्को दीर्घायुको कामना गर्दै पूजा-आराधनामा व्यस्त हुन्छन्। परदेशिएका आफन्तहरू पनि पर्वमा घर फर्कन्छन्। मान्यजनहरूले बिरुडाले टाउको पुजेर आशीर्वाद दिने चलन छ। केही वर्षअघिदेखि सरकारले गौरा पर्वका अवसरमा सुदूर पश्चिममा एकदिने सार्वजनिक बिदा दिने गरेको छ। विद्यालयहरूमा झन्डै साता दिनसम्म स्थानीय बिदा दिइन्छ। सुदँर पश्चिमेलीहरूको बाहुल्यता रहेका अन्य क्षेत्रमा पनि यो पर्व मनाइन थालिएको छ। केही वर्ष यता राजधानीको टुडिखेलमा पनि धूमधामसँग गौरा मनाइँदै आएको छ।

गौरा पर्वको प्रमुख आकर्षण देउडा हो। देउडामा पौराणिक कथा, देवीदेवताका गाथा, धार्मिक ग्रन्थ गाइने महेन्द्रनगरका युवा साहित्यकार हेमबाबु लेखक बताउँछन्। यही अवसर पारेर महाकाली साहित्य संगमले आइतबारदेखि साताव्यापी गौरा महोत्सवको आयोजना गरेको छ। महोत्सवको उद्घाटन सुदँर पश्चिमका विभिन्न झाँकी प्रदर्शन गरी गरिएको थियो। उद्घाटन समारोहमा देउडालगायत दमाहा, झ्यालीसहितका झाँकीले बजार परिक्रमा गरेको थियो।

# पोखरामा एकसाथ दुई ब्युटिसियन सुन्दरी




तस्बिर : भूपाल गुरुङ

**साप्ताहिक समाचार**

पोखरा- गएको साता पोखराको एकसाथ दुई सौन्दर्य प्रतियोगिता सम्पन्न भएका छन् । हरितालिका तीजको अवसर पारेको पोखरामा लखनचोकस्थित ब्युटी स्टेसनले ब्युटी स्टेसन क्विन- ०६७ सम्पन्न गऱ्यो । आकर्षक पहिरनमा ब्युटिसियन तालिम लिइरहेका ब्युटिसियनहरूले प्रतियोगितामा सहभागिता जनाए । उनीहरूको प्रतिस्पर्धा हेर्न दर्शकहरूको उपस्थिति बाक्लो देखिन्थ्यो ।

ब्युटिसियनहरूको क्षमता अभिवृद्धि गर्न तथा उनीहरूको आत्मविश्वास बढाउन गरिएको प्रतियोगितामा उषा गुरुङले ब्युटी स्टेसन क्विनको उपाधि जितिन् । उपाधिसँगै १५ हजार नगद बराबरको ६ महिने निःशुल्क ब्युटिसियन कोर्स प्राप्त गरिन् ।

प्रतियोगितामा फस्ट रनर्सअप चिजु गुरुङ तथा सेकेन्ड रनर्सअप लक्ष्मी नेपाली बनिन् । फस्ट रनर्सअप गुरुङले तीन महिने ब्युटिसियन कोर्स तथा सेकेन्ड रनर्सअप नेपालीले एक महिना ब्युटिसियन कोर्स निःशुल्क प्राप्त गरेका छन् । प्रतियोगितामा ११ जना ब्युटिसियन सहभागी थिए ।

यसैगरी राष्ट्रिय सौन्दर्यकर्मी युनियन नेपालले मिसेस तीज ब्युटिसियन सुन्दरी प्रतियोगिता सम्पन्न गरेको छ । विवाहित महिला ब्युटिसियनहरूबीच भएको प्रतियोतिगामा अप्सरा गुरुङले प्रतियोगिताको उपाधि जितिन् ।

उपाधि विजेता गुरुङ महेन्द्रपुलस्थित लुक्स ब्युटीपार्लरकी सञ्चालिका हुन । पोखरा सभागृहमा खचाखच दर्शकका बीच भएको प्रतियोगितामा शान्ति गुरुङ फस्ट रनर्सअप तथा देवी गुरुङ सेकेन्ड रनर्सअप घोषित भए । प्रतियोगितामा दर्शक छनोटको पुरस्कार सोनी सारुमगरले पाइन् । प्रतियोगितामा १७ जना ब्युटिसियनले सहभागिता जनाएका थिए । महिलाको नेतृत्व र क्षमता वृद्धि गर्न यस्तो कार्यक्रम गरिएको युनियनकी अध्यक्ष मीना गुरुङले बताइन् ।



# तीज परी भइन् मैना

तीज पर्वका आफ्नै पम्परागत मूल्य-मान्यता छन् । समाजको आधुनिकीकरणसँगै यो पर्व मनाउने शैलीमा पनि परिवर्तन आएको पाइन्छ । तीजको पूर्वसन्ध्यामा आयोजित विभिन्न कार्यक्रममध्ये गत शनिबार तीज परी' शीर्षकमा एउटा प्रतिस्पर्धात्मक कार्यक्रम सम्पन्न भयो । लाजिम्पाटस्थित नेपाली चुलोमा सञ्चालन भएको उक्त कार्यक्रमको चाँजोपाँजो ठमेल पर्यटन विकास बोर्डले मिलाएको थियो । 'तीज परी'को प्रतिस्पर्धात्मक कार्यक्रममा २५ जना सहभागी प्रतिस्पर्धाको मैदानमा उत्रिएका थिए । प्रथम मिस नेपाल रुवी राणा, अहिलेकी मिस टिन नेपाल श्रेया पौडेल तथा जापानी नागरिक आयुषा निर्णायक रहेको उक्त प्रतिस्पर्धा क्याटवाक चरण, परिचयात्मक ट्यालेन्ट, टप टेन र टप फाइभ गरी विभिन्न चरणमा सञ्चालन गरिएको कुरा आयोजक संस्थाका गोविन्दसिंह डंगोलले जानकारी दिए । तीजका अवसरमा सञ्चालित उक्त प्रतियोगितात्मक कार्यक्रममा मैना सेन बज्राचार्यले तीज परीको ताज पहिरिन् । मैनालाई कार्यक्रमका प्रमुख अतिथि पूर्वयुवराज्ञी हिमानी शाहले ताज पहिऱ्याएकी थिइन् । प्रतियोगितामा परिश्मा जंगम उपविजेता छानिइन् भने तृतीय स्थानमा नवरत्न बुढाथोकी आइन् ।

# आईईसीको तीजविशेष फेसन शो



**टोपराज शर्मा**

बुटवल- हाटबजारलाइनस्थित कान्ति सभाहलमा शनिबार साँझ सम्पन्न तीजविशेष फेसन शोमा तीजलाई लक्षित गरी तयार गरिएका आधुनिकसँगै लोप हुन लागेका जनजातिका परम्परागत पहिरनहरू प्रदर्शन गरिए । आकर्षक फोल्डिङ स्टेजमा लेजर लाइट सिस्टमका बीच संगीतको धुनसँगै मोडलहरू रितु रिजाल, सुप्रिया चौधरी, सनम ज्ञवाली, इना गुरुङ, लिना थापा, सुनिता गुरुङ, बन्जिला थापा र शर्मिला गुरुङ सारी, कुर्ता, वान पिस र विभिन्न नौ जातिका कल्चरल ड्रेसमा क्याट वाक गर्दै ऱ्याम्पमा उत्रिएका थिए । उनीहरूसँगै बालमोडलहरूको क्याटवाकले पनि दर्शकहरूको मन जितेको थियो ।

पूर्व मिस नेपाल सुगरिका केसीको उद्घोषणमा चलेको फेसन शोमा ब्लु नेस्ट ग्रुप भैरहवाका कलाकार विनिता, विक्की, अनिश, सन्दीप, दीपेन्द्र, रूपक र राजेशले साल्सा, हिपहप तथा रिमिक्स गीतमा बेजोड नृत्य गरेर सहभागीहरूलाई पर्याप्त मनोरन्जन प्रदान गरे भने जादुगर मनोज श्रेष्ठले आफ्ना कलामार्फत सबैलाई दंग बनाए ।

फेसन शोमा डिजाइनर अनुपमा श्रेष्ठ प्रथम, हीरा पेग्मीमगर द्वितीय र प्रतीक्षा कार्की तृतीय भएका थिए । उनीहरूसँगै भ्वाइस अफ टिनका विजेता दाङका बेदु सारु मगर, उपविजेता बुटवलकी आकांक्षा बस्याल तथा खोजी प्रतिभाकी प्रतियोगी बुटवलकी सहिमा श्रेष्ठलाई पूर्व मिस नेपाल सुगरिका केसीले प्रशंसापत्र प्रदान गरेर सम्मान गरेकी थिइन् । साँझ ७ बजे प्रारम्भ भएर १० बजे सकिएको कार्यक्रममा पूर्वमिस नेपालसँग अटोग्राफ लिनेहरूको तँछाडमछाड पनि हेर्नलायक थियो ।






# वर्ल्ड ट्रेड सेन्टरमा तीजको लहर आयो बरिलै

**साप्ताहिक समाचार**

हिन्दू महिलाहरूको महान् चाड तीज आउन एक साता बाँकी छ । यद्यपि तीजको रन्कोले महिला दिदीबहिनीहरूलाई भदौ महिना प्रारम्भ भएयतादेखि नै छोइसकेको छ । यसबीच गत शनिबार त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरमा प्रजातान्त्रिक ब्युटिसियन युनियनले एउटा कार्यक्रम सम्पन्न गऱ्यो । रातास्य पहिरनमा सजिएका झन्डै ३ सय ब्युटिसियनमाझ ७० जनाबीच भने प्रतिस्पर्धात्मक कार्यक्रम सञ्चालन गरिएको थियो । आफूलाई सुहाउँदो विभिन्न शैलीका राता पहिरनमा सजिएका प्रतिस्पर्धीहरू पालैपालो निर्णायकसामु मञ्चमा उत्रिएका थिए ।

सहभागी ७० मध्येबाट उत्कृष्ट ३० त्यसपछि २०, उत्कृष्ट १० र अन्ततः टप फाइभपछि विजेता छनोट गरिएको थियो । टप टेन र टप फाइभ राउन्डमा भने सहभागीहरूले निर्णायक मण्डलमा रहेका नायिका युना उप्रेती, कोरियोग्राफर जयन सुब्बा मानन्धर, सञ्चारकर्मी पुष्पा जोशी आदिका प्रश्नको सामना गरेका थिए । अन्ततः उक्त प्रतियोगितामा जयन्ती बोहरा विजेता घोषित भइन् । बिन्दा रिजाल र संगीता डाँगी क्रमशः फस्ट तथा सेकेन्ड रनर्सअप छनोट भए । अन्य विधातर्फ भने दीपा पौडेल बेस्ट स्माइल, बिना बुढाथोकी बेस्ट फिगर, रविना भुजेल बेस्ट वाक र सिर्जना लामा कलरफुल एवार्डका विजेता बने । यसैगरी अञ्जना जोशी आउट स्ट्यान्डिङ परफर्मेन्स, सञ्जु लम्साल बेस्ट मेकअप, रञ्जु शाही बेस्ट पर्सनालिटी, प्रमिला ढकाल बेस्ट डान्स तथा बिन्दा रिजालले बेस्ट हेयरको एवार्डमा कब्जा जमाए ।

# नायिकासँग छमछमी



**शिव शर्मा**

पोखरा- पोखराको ग्रान्ड होटलमा राता पहिरनमा सजिएका महिलाहरू ठेलमठेल गर्दै थिए । गरगहनाले धपक्क बलेका महिलाहरू तीज गीतमा छमछमी नाच्दै थिए । हरितालिका तीज आउन अझै केही दिन बाँकी रहे पनि महिलाहरूलाई तीजले छोइसकेको अनुभूति हुन्थ्यो ।

लाइन्स क्लब अफ पोखरा सेतीगण्डकीको आह्वानमा भएको कार्यक्रममा सभाहलभरि महिलाहरू असिनपसिन हुँदै कम्मर भाँचिरहेका थिए । महिलाहरूबीच आपसी भेटघाट र दर खानका लागि आयोजना गरिएको कार्यक्रममा सयौं महिलाको उपस्थिति देखिन्थ्यो ।

गीतको भाकामा एकोहोरो झुमिरहेका महिलाहरू उद्घोषिका सरस्वती गुरुङले कुसुमे रुमालकी नायिका तृप्ति नाडकरलाई कार्यक्रममा स्वागत गरेपछि धेरैको ध्यान त्यतै केन्द्रित भयो ।

कुनै जमानाकी चर्चित नायिका आफ्नै आँखाअगाडि देख्दा महिलाहरू नाच्न छाडेर नायिकालाई घेर्न थाले । हलमा भरिभराउ महिलाले एक्कासि घेर्दा तृप्ति अलमल्ल परिन् । सुरुमा त उनलाई अँगालो मार्दै तस्बिर खिचाउनेहरूको होडबाजी चल्यो । प्रशंसकहरूबाट घेरिँदा असिनपसिन भएकी नायिकालाई कार्यक्रममा अतिथिको मञ्चसम्म पुग्नसमेत हम्मे पऱ्यो । महिलाहरूले घेरेपछि निस्सासिएकी नायिका फुत्किएर आफैं अतिथिको मञ्चसम्म पुगिन । मञ्चमा आएपछि लामो सुस्केरा हाल्दै उनले भनिन्, 'यतिका प्रशंसकहरूले घेरा हाल्दा सास फेर्नै गाऱ्हो भयो ।'

केही थकित हुँदै उनले हात हल्लाउदै सबै महिलालाई तीजको शुभकामना दिइन् । उनले तीजलाई भड्किलो रूपमा नहेरी आपसी सद्भाव र सदाचारको पर्वका रूपमा मनाउन आग्रहसमेत गरिन ।

उनको भनाइलाई सबै महिलाले ताली बजाएर स्वागत गरे । सानो भनाइ राखेपछि उनलाई महिलाहरूले तानिहाले र आफूसँगै नचाए । नायिकासँग नाँच्न महिलाहरू पनि हानथाप गर्न थाले । उनीसँगै नाचन महिलाहरूको समूहले तानातान गर्न थाले । साडी र ब्लाउजमा सजिएका नायिका पनि छमछमी कम्मर भाच्दै नाँच्न तम्सिइन् । करिब एक महिनादेखि चलचित्र 'पल्टन' को सुटिङमा व्यस्त नायिका नाच्दानाच्दै टक्क अडिइन । उनलाई सुटिङमा जान हतार भैसकेको थियो । उक्त कार्यक्रममा महिलाहरू राति करिब ९ बजेसम्म झुमेका थिए ।

# सर्वाधिक आम्दानी गर्ने
# महिला खेलाडी

भदौको तेस्रो साता प्रारम्भ हुने अमेरिकी ओपन टेनिसको फाइनलसँगै यो वर्षको ग्रान्डस्ल्याम टेनिस प्रतियोगिता सम्पन्न हुनेछ। छिटपुट रूपमा केही टेनिस प्रतियोगिता भए पनि टेनिस खेलबाट आम्दानी बढाउने खेलाडीहरूले अर्को वर्षको ग्रान्डस्ल्याम नै कुर्नुपर्ने हुन्छ। यसबीच फोर्ब्स म्यागजिनले सन् २००९ जूनदेखि २०१० जूनसम्म सर्वाधिक आम्दानी गर्ने महिला खेलाडीको सूची सार्वजनिक गरेको छ।

महिला खेलाडीहरूले सर्वाधिक आम्दानी गर्न सक्ने खेल नै टेनिस हो। यो खेलमा विजेताले पाउने नगद पुरस्कार अन्य खेलको तुलनामा बढी त छ नै, त्यसबाहेक टेनिस खेलले दिने ग्ल्यामरका कारण हुने आम्दानी पुरस्कार राशिभन्दा कैयौं गुणा बढी हुन्छ। महिला टेनिसको वरियताक्रममा अमेरिकाकी सरिना विलियम शीर्ष स्थानमा छिन्। उनले यो वर्ष अस्ट्रेलियन ओपन र विम्बल्डन ओपन जितिन्, तर महिला टेनिसको वरिताक्रममा १२ औं स्थानमा रहेकी मारिया सारापोभाले यो वर्ष कुनै पनि ग्रान्डस्ल्याम प्रतियोगिता जित्न सकिनन् तर उनले टेनिस खेललाई आधार बनाएर आफूलाई सर्वाधिक आम्दानी गर्ने महिला खेलाडीका रूपमा प्रस्तुत गरिन्। विभिन्न कम्पनीको प्रयोजन बापत पाउने रकमले उनलाई धनी खेलाडीका रूपमा प्रस्तुत गरेको हो।

सन् २००४ मा विम्बल्डन ओपन जितेदेखि नै सारापोभाप्रति विभिन्न कम्पनीको आकर्षण बढेको हो। रूसी मूलकी यी टेनिस खेलाडी आफैंमा सुन्दर त छिन् नै, अर्कातर्फ उनले ग्रान्डस्ल्याम प्रतियोगिता जितेर आफूलाई अम्बल दर्जाको टेनिस खेलाडीका रूपमा समेत प्रस्तुत गरेकी छिन्। उनको सफलताले नाइकी, सोनी, टिफ्यानी, क्यानोन, कोल्गेट पाल्मोलिभ, मोटोरोलाजस्ता कम्पनीहरू उनलाई ब्रान्ड एम्बेसडर बनाउन जति मूल्य पनि तिर्न तयार भए।

गत वर्ष विश्वका केही राष्ट्रमा देखा परेको आर्थिक मन्दीका कारण खेलाडीहरूले प्रयोजकबाट पाउने रकममा समेत कमी आएको थियो। नाइकीले पनि खेलाडीहरूसँग गर्दै आएको सम्झौता रकममा १० प्रतिशत कटौती गऱ्यो। यसबाहेक पूर्व एक नम्बर खेलाडी सर्बियाकी जेलिना जान्कोभिचबाट मुख्य प्रयोजक रिबोकले हात झिक्यो। उनलाई चीनको एन्टा कम्पनीले ५० लाख डलरमा अनुबन्ध गरे पनि उनले पाउने रकम भने उनको सफलताअनुसार वृद्धि हुँदै जाने सर्त राखिएको छ। नाइकीले गत वर्ष सारापोभासँग सम्झौता नवीकरण गर्दा उनलाई ८ वर्षका लागि ७ करोड डलर तिर्ने भयो। पछिल्लो पटक क्यानोन, कोल्गेट पाल्मोलिभ तथा मोटोरोलाको ब्रान्ड एम्बेसडर भएबापत मारिया सारापोभाले आफ्नो वार्षिक आम्दानी २ करोड ४५ लाख डलर पुऱ्याइन्।

सर्वाधिक आम्दानी गर्ने महिला खेलाडीहरूमा बिलियम दिदी-बहिनी यो वर्ष दोस्रो र तेस्रो स्थानमा रहे। यो वर्ष बहिनी सरिनाले २ करोड २० लाख डलर र दिदी भेनसले १ करोड ५४ लाख डलर आम्दानी गरे। विगत १६ वर्षदेखि टेनिसमा सक्रिय विलियम दिदी-बहिनीले यो वर्ष आफ्नो लय पुनः समाएका छन्। अहिले बहिनी सरिना महिलाको वरियताक्रममा एक नम्बरमा छिन् भने दिदी भेनस पाँचौं स्थानमा छिन्।

बढी आम्दानी गर्ने खेलाडी सूचीको शीर्ष तीन स्थानमा महिला टेनिस खेलाडी भए पनि चौथो स्थानमा अमेरिकाकी कार रेस ड्राइभर डानिका पेट्रिक छिन्। इन्डी कार रेसकी लोकप्रिय ड्राइभर डानिकाले आफ्नो रेस करियर गत वर्ष नेस्कारबाट प्रारम्भ गरेकी हुन्। उनलाई अहिले गो ड्याडी, पार्क एन्टि फ्रिज तथा टिसो घडीले आफ्नो ब्रान्ड एम्बेसडर बनाएको छ। सन् २०१० को हिउँदे ओलम्पिकका स्वर्ण पदक जित्न सफल दक्षिण कोरियाकी फिगर स्केटर किम यू नाले ९७ लाख डलर आम्दानी गरेर आफूलाई पाँचौं स्थानमा उभ्याएकी छिन्। उनलाई हुन्डाई, नाइकी तथा सामसुङले प्रायोजन गरेका छन्। त्यसबाहेक उनलाई प्रायोजन गर्ने कोकमिन बैंकले आफ्नो कीर्तिमान भंग गरेबापत उनलाई १० लाख डलर बोनस दिने घोषणा पहिल्यै गरिसकेको छ।





१. मारिया सारापोभा– आफूले आम्दानी गरेको २ करोड ४५ लाख डलरमध्ये टेनिस खेलबाट १० लाख डलर पुरस्कार पाएकी थिइन्।
२. सरिना विलियम– सरिनाले गत वर्ष प्रतियोगिता र विज्ञापनबाट २ करोड २ लाख डलर आम्दानी गरेकी थिइन्।
३. भेनस विलियम– भेनसले गत वर्ष १ करोड ५४ लाख डलर आम्दानी गरेकी थिइन्।
४. डानिका पेट्रिक– डानियाले कार रेस र विभिन्न विज्ञापनबाट १ करोड २० लाख डलर आम्दानी गरेकी थिइन्।
५. किम यु ना– फिगर स्केटर किमले खेलबाटभन्दा पनि हुन्डाइ, नाइकी तथा स्यामसुङ कम्पनीसँगको व्यापारिक अनुबन्धबाट ९७ लाख डलर आम्दानी गरेकी थिइन्।
६. एनिका सोरेस्ट्राम– महिला गल्फ खेलाडी एनिकाले गत वर्ष ८० लाख डलर आम्दानी गरेर सूचीमा छैटौं स्थानमा राख्न सफल भइन्।
७. एना इभानोभिच– एडिडासले गरेको प्रायोजन अनुबन्धलाई बढाएपछि सर्बियाकी एना आफ्नो वार्षिक आम्दानी ७२ लाख डलर पुऱ्याउन सफल भइन्।
८. जेलिना जान्कोभिच– चीनको एन्टा स्पोर्ट्स कम्पनीको ब्रान्ड एम्बेसडर भएपछि जेलिनाको वार्षिक आम्दानी पनि ह्वात्तै बढ्यो। सर्बियाकी टेनिस खेलाडी जेलिनाले ५३ लाख डलर आम्दानी गरेकी थिइन्।



## उडसँगै सम्बन्ध राख्छु

गत साता टाइगर उड र श्रीमती एलिन नोड्रेग्रेनबीच कानुनी रूपमा पारपाचुके भएर छ वर्ष लामो वैवाहिक जीवन टुङ्गिएको छ। उडले बाहिरी महिलाहरूसँग गोप्य सम्बन्ध स्थापना गरेका घटना एकपछि अर्को गर्दै सार्वजनिक भएपछि उड दम्पतीको सम्बन्ध बिग्रिएको थियो। यसबीच टाइगर र एलिनबीच मिलन गराउने प्रयास प्रशस्त गरिए पनि एलिनले उडले आफूलाई प्रेममा धोका दिएको बताउँदै सँगै बस्न नसक्ने जनाएकी थिइन्। दाम्पत्य जीवन समाप्त भएपछि उडको जीवनमा बाहिरी महिलाका रूपमा पहिलो पटक देखा परेकी रचेल चिटेलले उनीसमक्ष प्रेमको प्रस्ताव पठाएकी छिन्। न्युयोर्कको एक नाइट क्लबको प्रमोटरका रूपमा कार्यरत ३५ वर्षीया रचेलले आफ्ना साथीहरूमार्फत उडसँग प्रेमप्रस्ताव राखेकी हुन्। रचेल भन्छिन्- 'उडले एलिनलाई माया गरे पनि ऊ मेरो प्रेममा रमाइरहेको थियो। यदि उडले मेरो प्रेमप्रस्ताव स्वीकार गर्छ भने म उसले भनेको जे पनि मान्न तयार छु।'

**मैदान बाहिर**

## कोल प्रहरीको घेरामा



लिभरपुलका मिडफिल्डर जो कोललाई तीव्र गतिमा कार चलाएको अभियोगमा जरिवानासहित ५० दिन सवारी साधन चलाउन प्रतिबन्ध लगाइएको छ। श्रीमती कर्ली जुकरको कार चोरी भएपछि चोरलाई पच्छ्याउने क्रममा कोलले निर्धारितभन्दा तीव्र गतिमा सवारी चलाएका कारण निलम्बन गरिएको हो। घरबाहिर रहेको कर्लीको ओडी ए फोर कार मोटरसाइकलमा आएका आठ जना चोरले चोरेका थिए। कोलले उनीहरूलाई पच्छ्याउन नसकेपछि अर्को कारमार्फत भेट्टाउने प्रयास गर्दा उनले १ सय ५ माइल प्रतिघन्टाको गतिमा कार चलाएका थिए। चोरिएको कार अझैसम्म पनि प्रहरीले फेला पार्न सकेको छैन, तर कोललाई भने ५० दिन सवारीसाधन चलाउनबाट निलम्बन गर्नुका साथै ७ सय ५० पाउन्ड जरिवाना गरिएको छ। कर्लीका साथमा अहिले पाँच महिनाको शिशु भएका कारण उनी सवारी साधन चलाउन सक्दिनन् भने श्रीमान् कोललाई निलम्बन गरेपछि उनीहरूलाई आवतजावत गर्न कठिन हुनेछ। यस्तो अवस्थामा कोलका वकिलहरूले उनको निलम्बन फुकुवा गर्न अनुरोध गरेका छन्। यसअघि नै छ पटक सवारी नियम उल्लंघन गरेका कारण कोल प्रहरीको कालो सूचीमा छन्।

## बोल्ट फुटबलतर्फ



जमैकाका तीव्र गतिका धावक उसैन बोल्ट व्यावसायिक फुटबलर हुने तयारीमा लागेका छन्। ६ फिट ५ इन्च अग्ला उसैनलाई आफ्नो बाल्यकाल बितेको ट्रिलाबेनीबाट आमन्त्रण आएको छ। सानोमा उभिनसमेत नसक्ने अवस्थाका उसैनलाई आमाले विभिन्न उपचार गराइन्। वेस्टइन्डिजमा हुर्कने क्रममा बोल्टलाई त्यहाँको क्रिकेटले आकर्षित गऱ्यो र उनी क्रिकेट खेल्न थाले। क्रिकेटमा रन बनाउने क्रममा तीव्र गतिमा दौडने उसैनलाई साथीहरूले एथलेटिक्समा जाने सल्लाह दिए। साथीहरूको सल्लाहअनुसार उनी छोटो दूरीको दौडमा लागे। उनले बेइजिङ ओलम्पिकमा विश्व कीर्तिमान कायम गर्दै स्वर्ण पदकसमेत जिते। हालै सम्पन्न विश्वकप फुटबलले बोल्टलाई फुटबलतर्फ आकर्षित गऱ्यो। बोल्ट भन्छन्- 'म फुटबल पनि खेल्न सक्छु। रुनी विवाहित भएर त फुटबल खेलिरहेका छन् भने म त अविवाहित छु।'

# भलिबलका चम्किला तारा



शिव शर्मा

कलामा मात्र होइन, खेलकुदमा समेत पोखराले अलग्गै पहिचान बनाएको छ । खेलकुदमा पनि महिला भलिबलमा पोखराको बेग्लै शान छ । त्यो शान बढाएका छन् पोखराका मञ्जु, सिपोरो र परीक्षा गुरुङले । मोफसलबाटै भलिबलमा राष्ट्रिय पहिचान बनाएका उनीहरूको खेलले पोखरालाई समेत उचाइमा पुऱ्याएको छ । एयर होस्टेज बन्ने सपना बुनेकी मञ्जुलाई अहिले भलिबलले दिएको मान र सम्मानले सन्तुष्ट मिलेको छ । 'एयरहोस्टेज बनेको भए सायद कमैले चिन्थे मञ्जुले भनिन्, 'भलिबलबाट पाएको सम्मानले मलाई गर्वको अनुभव दिएको छ ।'

९ वर्षको उमेरदेखि भलिबल प्रतियोगितामा सहभागिता जनाउन थालेकी मञ्जुको यात्रा अहिले सार्कस्तरसम्म पुगेको छ । प्रतियोगितामा सहभागिता मात्र होइन, उनले अहिलेसम्म खाली हात पनि फर्कनुपरेको छैन । ५ फिट ७ इन्चकी मञ्जुलाई उचाइले पनि राम्रो साथ दिएको छ ।

सुरुमा भलिबल खेल्न थाल्दा घरपरिवारले अध्ययन बिग्रन्छ भनेर त्यता नलाग्न भन्थे, तर भलिबलको नसाले छोपेपछि भने मञ्जुलाई कसैको कुराले रोकेन । मञ्जु अध्ययनरत ज्ञानुबाबा स्कुलले पनि उनलाई भलिबललमा हौस्यायो । त्यसो त भलिबलका राष्ट्रिय खेलाडी दाजु विक्रम गुरुङबाट पनि उनलाई प्रेरणा मिल्यो । पहिलो पटक दसौं सार्क गेममा सहभागिता जनाएकी मञ्जुले आफ्नो टिमलाई तेस्रो स्थान दिलाइन् ।

काठमाडौंमा ०६२ मा भएको राष्ट्रिय भलिबलमा पहिलो स्थानसँगै उनी उत्कृष्ट खेलाडी पनि घोषित भइन् । यस्तै प्रतियोगिताहरूमा पाएको सफलताले उनको यात्रा अगाडि लम्कियो । ०६४ मा हेटौंडामा भएको राष्ट्रिय प्रतियोगितामा मञ्जु पहिलो र उत्कृष्ट खेलाडी बनिन् । यस्तै ०६५ को राष्ट्रिय खेलुकदमा भलिबलतर्फ पनि पहिलो स्थान ल्याउँदै उत्कृष्ट खेलाडी नै भइन् । उनलाई ०६३ मा वर्षकै राष्ट्रिय महिला खेलाडीको उपाधि दिइयो । दसौं साफ गेममा उनको उत्कृष्ट प्रदर्शनको कदर गर्दै सरकारले ४० हजार नगद प्रदान गऱ्यो । दर्जनौं संघ-संस्थाले गरेको सम्मानको त कुनै हिसाब-किताब छैन ।

महिला खेलाडीहरू भलिबल खेलबाट पलायन हुँदै गए पनि उनी आफ्नो राष्ट्रिय छवि कायम गर्न तत्पर छिन् । उनको खुबीकै कदर गर्दै चर्चित क्लबहरूले उनलाई आफ्ना तर्फबाट खेल्न पटक-पटक आग्रह गर्दै आएका छन् ।

'पोखराले चिनारी दियो पोखराबाटै खेलौं भनेर कतै गएकी छैन,' मञ्जुले भनिन्- 'मेरो परिचय पोखरासँग जोडिएको छ ।' खेलकुदमा भैरहेको राजनीतिकरणले उनलाई दिक्क बनाएको छ । सरकारले केही नगर्दा राम्रा खेलाडीहरू पनि विदेश पलायन भैरहेको मञ्जुले बताइन्, तर उनको विदेश जाने सोच भने छैन । उनीसँगै राम्रो खेल्ने यकिन गुरुङ बेलायत पलायन भइन् भने लक्ष्मी गुरुङले विवाहपछि यो क्षेत्र नै छाडिन् ।

मञ्जुसँगै अहिले भलिबल खेलमा पश्चिमाञ्चलबाट प्रतिनिधित्व गरेर राष्ट्रिय पहिचान बनाएकी छिन् १८ वर्षीया सिपोरा गुरुङले । राष्ट्रिय भलिबलमा पश्चिमाञ्चल च्याम्पियन तीन पटक बनिसकेको छ । भर्खरै प्रवेशिका उत्तीर्ण सिपोराले १२ वर्षको कलिलो उमेरमा १०



औं साउथ एसियन गेममा सहभागी भएर आफ्नो टिमलाई तेस्रो स्थानमा पुऱ्याइन् । यसरी सहभागी हुने अहिलेसम्मकै फुच्ची खेलाडी पनि बनिन् । यसलाई उनले आफ्नो खेलजीवनको सबैभन्दा ठूलो सफलता मानेकी छिन् ।

राष्ट्रियसँगै अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिसकेकी सिपोरा पनि पटक पटक उत्कृष्ट खेलाडीसँगै उत्कृष्ट स्पाइकर घोषित भैसकेकी छिन् । सिपोराले भलिबलकी उत्कृष्ट सटर अर्थात् बेस्ट स्पाइकरका रूपमा सानै उमेरमा राष्ट्रिय पहिचान बनाउन सफलता पाएकी छिन् । विद्यालयका प्रिन्सिपल चिनु रानाभाट उनले कसैबाट नभएर आफैं सिकेर यो स्थानमा आएको बताए । रानाभाटले भने- 'सानै उमेरमा उनले भलिबलमा राष्ट्रिय पहिचान बनाएकी छिन् ।' सिपोरालाई थुप्रै अन्तर्राष्ट्रिय प्रतियोगिताहरू खेल्ने अफर आइरहेको छ । यो सबै प्रगति देखेर उनी दंग छिन् । यतिको सफलता पाइएला भन्ने सोचेकै थिइन, सिपोराले भनिन्- 'अन्तर्राष्ट्रिय पदक जित्ने आशा राखेकी छु, हेरौं के हुन्छ ?'

मञ्जु र सिपोरासँगै राष्ट्रिय भलिबलमा आफ्नो पहिचान बनाएकी १८ वर्षीया परीक्षा गुरुङले भनिन्, 'भलिबलबाटै चिनिन पाउँदा खुसी लागेको छ ।' भलिबलले चिनाएपछि हौसिएकी गुरुङ केही समयअघि काठमाडौंमा सम्पन्न राष्ट्रिय स्तरको ढोरपाटन कपमा उत्कृष्ट खेलाडी घोषित भएपछि चर्चामा छिन् ।

उत्कृष्ट खेलाडी घोषित भएपछि उनले एक तोला सुनको सिक्री र ११ हजार ११ रुपैयाँ पुरस्कारसमेत हात पारिन् । विपक्षी कोर्टमा सट हान्न उनी त्यत्तिकै अब्बल मानिन्छन् । सुरुमा त घरपरिवारले पढाइ बिगारेर भलिबल खेल्न भन्दै नहकारेका हैनन्, तर अहिले छोरीको सफलता देखेर घरपरिवारले समेत हौसला दिएका छन् ।

५ फिट ७ इन्च अग्ली परीक्षाको अनुपस्थितिमा नेपाली राष्ट्रिय महिला टिमम खल्लो हुन्छ । यिनको उत्कृष्ट खेलले पनि राष्ट्रिय महिला टिममा उनको वर्चस्व कायम हुन थालेको छ ।

एक वर्षअघि भारतमा भएको महिला भलिबलमा 'बेस्ट स्पाइकर' को उपाधि पाएकी परीक्षाले आफ्नो टिमलाई दोस्रो स्थानसमेत दिलाइन् । जिल्ला र क्षेत्रीय स्तरको प्रतियोगितामा त उनी पटक-पटक उत्कृष्ट खेलाडी घोषित भैसकेकी छिन् । पाचौं राष्ट्रिय खेलकुदमा पनि उनी सहभागी भएको टिम पहिलो भएको थियो ।

उचाइ र शारीरिक बनोटको पनि साथ साथ पाएकी परीक्षा आफ्नो सफलताको कारण खेलप्रतिको निरन्तरता नै मान्छिन् । यद्यपि खेलकुद परिषद्ले प्रतिभा भएका खेलाडीलाई विदेशमा खेल्ने अवसर नदिएको उनको गुनासो छ । 'अन्तर्राष्ट्रिय प्रतियोतिगामा सहभागी भएर नेपाललाई पदक दिलाउने चाहना छ,' परीक्षाले भनिन्, 'त्यो अवसर अहिलेसम्म पाइएको छैन ।'

कक्षा ४ मा पढ्दा स्कुलकी प्राचार्य शुभकन्या गुरुङको हौसला एवं प्रेरणाले आफूलाई भलिबल खेलतर्फ आकर्षित गरेको परीक्षाले बताइन् । मोफसलमा बसेर राष्ट्रिय पहिचान बनाए पनि खेल गतिविधि तीव्र हुने पोखरामा राष्ट्रिय भलिबल आयोजना नहुनुलाई उनी दुःखको कुरा मान्छिन् । गुरुङलाई अरू विभागीय टिमबाट पनि अनुबन्धनको अवसर आइरहेको छ, तर उनी पोखरालाई नै निरन्तरता दिन चाहन्छिन् ।

**तस्बिर : राम गुरुङ**

## ५ प्रश्न



*पोखराकी परीक्षा गुरुङ नेपाली भलिबल स्टार हुन् । सर्वाधिक पुरस्कार रकमको ढोरपाटन कपमा ज्ञानुबाबा उच्चमाविलाई लगातार चारपल्ट च्याम्पियन बनाउने क्रममा उनी टिमकी मुख्य खेलाडीका रूपमा स्थापित भैसकेकी छिन् । गत वर्ष भारतको गोरखपुरमा भएको प्रतियोगितामा ज्ञानुबाबालाई फाइनलको बाटोमा डोऱ्याएकी १८ वर्षीया गुरुङ त्यतिबेला बेस्ट स्पाइकर घोषित भएकी थिइन् । वि.सं.२०६५ र ०६७ को राष्ट्रिय महिला भलिबलमा उनी सर्वोत्कृष्ट खेलाडी घोषित भएकी थिइन् ।*

**कहिलेदेखि खेल्न थाल्नुभएको ?**

म आठ वर्षकी हुँदादेखि । स्कुलमा नियमित रूपमा सिकाउने भएकाले मैले चाँडै खेल्ने अवसर पाएकी थिएँ ।

**तपाईंको लक्ष्य ?**

नेपाली राष्ट्रिय महिला भलिबल टिमलाई अन्तर्राष्ट्रिय पदक जिताउने लक्ष्य लिएकी छु । घरेलु प्रतियोगितामा जुन टिमबाट खेलें, त्यसैलाई सफलता दिलाउने चाहना छ ।

**कस्तो खेलमा गर्व अनुभव हुन्छ ?**

कठिन खेलमा मैले राम्रो खेल्दा टिमले हात पारेको सफलताले साह्रै आनन्द दिन्छ । त्यसैले प्रत्येक खेलमा राम्रो सट प्रहार गरेको बेला एकदमै खुसी महसुस गर्छु ।

**भलिबलबाहेक कुन खेल मन पर्छ ?**

सानैदेखि खेलेकाले बास्केटबल निक्कै मनपर्छ । चारपल्ट राष्ट्रिय महिला बास्केटबल प्रतियोगिता पनि खेलिसके ।

**फुर्सदमा के गर्नुहुन्छ ?**

बढीजसो च्याट गर्न बस्छु । घरको काममा आमालाई पनि सघाउँछु ।

**-राजु घिसिङ**



## तीज फेसनमा
# मञ्जु र परीक्षा

पोखरा- अरूबेला पाइन्ट-टिसर्ट र खेल मैदानमा जर्सीमा ठाँटिने मञ्जु र परीक्षा गुरुङ राता सारीमा झुल्किए । उनीहरूको पहिरन हेर्दा नजिकिइरहेको महिलाहरूको पर्व तीजले उनीहरूलाई छपक्कै छोपेजस्तो भान हुन्थ्यो, तर भलिबल खेलमा राष्ट्रिय पहिचान बनाएका यी दुई पोखरेली खेलाडी आफूखुसी साडीमा सजिएका थिएनन् ।

उनीहरू सेलिब्रेटीका रूपमा इन्टरनेट वेबसाइटको फोटोसेसनको क्रममा यस्तो पहिरनमा देखिएका हुन । तीज पर्वमा कहिल्यै साडी नलगाउने परीक्षा गुरुङ फोटोसेसनका क्रममा राती सारीमा प्रस्तुत हुँदा भिन्न अनुभव भएको बताइन् ।

'तीजमा मात्र होइन, म अरू बेला पनि साडी लाउँदिनँ,' गुरुङले भनिन्, 'फोटोसेसनका क्रममा लगाउँदा रमाइलो लागेको छ ।' उता मञ्जुले भने औपचारिक कार्यक्रमहरूमा साडी नै लगाएको पाइन्छ । उनीहरू दुवै जनाले यसपटक तीज मनाउन नपाउने भएका छन् । उनीहरू तीजकै दिन मैत्रीपूर्ण भलिबल खेलमा सहभागी हुँदैछन् ।

'म अवस्था हेरेर साडी लगाउँछु,' उनले भनिन्, 'तीज पर्व पनि साडी लगाएर नै मनाउँछु ।' यतिबेला पोखरामा रहेका आधा दर्जन इन्टरनेट वेबसाइटहरू नजिकिँदै गएको महिलाहरूको हरितालिका तीज पर्वलाई मध्यनजर राखेर सेलिब्रेटीहरूलाई लिएर तीजको पहिरनमा तस्बिर खिचाउन हानथाप गरिरहेका छन् । मञ्जु र परीक्षाजस्तै अन्य क्षेत्रमा आफ्नो परिचय बनाएका युवतीहरूलाई लिएर वेबसाइटहरूले 'तीजविशेष' फोटोसेसन गराएको पाइन्छ ।



# विद्यालय जीवनमै प्रेमविवाह गर्ने बढे

● भिषा काफ्ले

धनकुटा- टिनएजमा केटा-केटीबीच प्रेमसम्बन्ध हुनु नौलो कुरा होइन, तर माध्यमिक तहमै प्रेमविवाह गर्ने एक जोडी यहाँ विद्यालयबाटै निष्कासित भएको छ । विद्यालयमा अध्ययनरत अवस्थामा विवाह गरी विद्यालयको वातावरण नै धुमिल्याएको भन्दै एक नवविवाहित जोडीलाई बुधबारेस्थित शारदा उच्च माविले निष्कासन गरेको हो ।

नेपालको कानुनअनुसार विवाह गर्न चाहने केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्छ त्योभन्दा कम उमेरमा विवाह गर्न वर्जित छ ।

शारदा उच्च माविको १० कक्षामा अध्ययनरत सन्तवीर तामाङ तथा ८ कक्षाकी बबिता तामाङले दुई साताअघि प्रेमविवाह गरेका थिए । विद्यालयस्तरमा छात्रछात्राबीचको विवाहले अन्य विद्यार्थीमा नकारात्मक प्रभाव पर्ने भएकाले दुवैलाई निष्कासन गर्नुपरेको विद्यालयका प्राचार्य विश्वनाथ दाहाल बताउँछन् ।

विद्यालयस्तरमा रहँदै विवाह गरिएको यो पहिलो घटना भने होइन । धनकुटामा हालसम्म दर्जनौंले त्यस्तो विवाह गर्दै आएकाले यो पुरानै चलन भएको स्थानीय बासिन्दाहरूको भनाइ छ । सन्तवीर र बबितालाई विद्यालय प्रशासन एवं व्यवस्थापन समितिको बैठकले निष्कासन गर्ने निर्णय गरेको हो । प्राचार्य दाहालले भने– 'आगामी दिनमा यस्तो कार्य गर्ने सबैलाई कारबाही हुनेछ भन्ने सन्देश दिन विद्यालयबाट उनीहरूलाई निकालिएको हो ।'

विद्यार्थीबीच कलिलै उमेरमा हुने विवाहलाई निरुत्साहित गर्न आचारसंहिता पनि बनाइएको विद्यालयले जनाएको छ । यद्यपि आचारसंहिता बन्नुअगावै आफूहरूलाई कारबाही गरिनु दुःखद भएको नवविवाहित जोडीले साप्ताहिकलाई बताए । 'हामी निर्णय सुनेर स्तब्ध छौं,' सन्तवीरले भने- 'विगतमा यस्तै थियो, हामीले पनि गर्‍यौं, अब हामीले पढ्न पाउनुपर्छ ।' उनले आफूले विद्यालयप्रति नकारात्मक धारणा राखेर विवाह नगरेको बताए ।

स्थानीय बासिन्दा सन्तवीर र मोरङको रमितेडाँडाकी १६ वर्षीया बबिताबीच विवाह भएपछि अभिभावकहरूले यस्तो कार्य रोक्न विद्यालयसँग अनुरोध गरेका थिए । दुवैलाई आगामी एक वर्षसम्म उक्त विद्यालयमा अध्ययन गर्न प्रतिबन्ध लगाइएको छ ।

विद्यालयबाटै निष्कासन गरिनेसम्मको निर्णय भए पनि जिल्ला शिक्षा कार्यालयमा भने त्यसको कुनै जानकारी गराइएको छैन । कुनै पनि विद्यालय तथा व्यवस्थापन समितिको महत्त्वपूर्ण निर्णय शिक्षा कार्यालयमा जानकारी गराइने व्यवस्था रहेको स्रोतले जनाएको छ । विवाहलाई नै आधार बनाई निष्कासन गरिन नहुने जिल्ला शिक्षा अधिकारी झुमप्रसाद राईले बताए । 'निष्कासन अन्तिम विकल्प भएकाले यसअघि कारबाहीका अन्य चरण पूरा हुनुपर्थ्यो,' राईले भने- 'यस विषयमा विद्यालयसँग जानकारी मागिनेछ ।'

गत वर्ष बज्रमाई माध्यमिक विद्यालय, बोधेमा पनि कक्षा ८ मा अध्ययनरत सोही गाविसका विष्णु बस्नेत र मोरङकी पुष्पा कार्कीले प्रेमविवाह गरेका थिए । उनीहरू हाल सोही विद्यालयमा अध्ययनरत छन् । हाल उनीहरू दुवै कक्षा ९ मा छन् ।

केही वर्षदेखि यहाँ विद्यालय जीवनमै प्रेमविवाह गर्ने होड चलेको छ । माथि उल्लेखित उदाहरण दुई प्रतिनिधि घटना मात्र हुन् । धनकुटाको एउटा विद्यालयमा आधा दर्जनभन्दा बढी विवाहित जोडीले अध्ययन गरिरहेको समचारले गत वर्ष निकै तरङ्ग फैलाएको थियो । जिल्लाको महाकाली निमाविमा विद्यालयमा ८ जोडी विवाहित विद्यार्थी भएको घटनाले सञ्चारमाध्यमहरूमा निकै महत्त्व पाएको थियो ।

Worldwide Valid Certificate
होटल तालिम
दशौंको सुनौलो अवसरमा विशेष छुट
अब ३ महिनाको कुक कोर्ष १ महिना मै स्पेशल कुक तालीम दिइने साथमा वेटर तालिम फ्रि
बारम्यान, बेकरी, हाउसकिपिङ लगायत सम्पूर्ण तालिम दिईन्छ ।
१. थप तालिमको लागि 5 Star होटलमा पठाइने ।
२. 5 Star होटलका सेफद्वारा तालिम दिइने ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
बसुन्धरा चौकी अगाडि रिङ्गरोड संगै
Ph:016212336

Job oriented
COMPUTER
Basic Course
Graphic Designing
Web Designing
Diploma Courses
Free Web Site With Gauranted Online Job Guidance
ENGLISH Language
Focused on Spoken
Small Size class
Free Books,CDs & VCDs
Regular materials
Getway
Educational Consultancy P. Ltd
Ph: 4239719, 4241870

वेटर र बारमेन तयारी कक्षा
(१००% रोजगारीमूलक)
१. Practical & Theory बाट कक्षा सञ्चालन गरिने र Practical लाई बढी जोड दिइने
२. ५ तारे होटलका दक्ष प्रशिक्षकहरुद्वारा तालिम दिइने ।
३. Internship भरि भत्ता सहित अरु सुविधा दिइने ।*
४. रोजगारी अवसरको (Placement) १००% ग्यारेन्टी ।
* Condition Apply
Luminous Education
पुतलीसडक चौक, ताम्राकार हाउस अगाडि
फोन नं. : ०१-४४२१०५४ (01-4421054)

जाँड-रक्सी
साथै सुर्ति, चुरोटको कुलत
थाहै नदिई छुटाउन
मोटोपना घटाउन
तौल बढाउन
Breast Care @ 1275/-
चायाँ-पोतोको ग्यारेण्टी उपचार
नेशनल हर्बो ट्रेड डिल्लीबजार, ओरालो
4438630, 4442133
98511-10326, पोखरा: 98461-37418
चितवन: 9845159169, हेटौडा: 057-526753

Language & Computer
Software, Hardware and Networking
Language: Special & package Programs
English, Japanese, French, German,
Korean, Hibrew, Chinese, Spanish, Italian.
TOEFL / IELTS / VISA/JOB INTERVIEW PRE. CLASSES
Computer Curses: Basic, Office, Web, Graphics, Programming Accounting Package
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. New Baneshwor Dept. store) Tel: 4785226 | New Baneshwor (Opp. BICC water Tank) Tel: 4483414 | Adwait Marg (Bagbazar) Tel: 4232866 | Lagankhel (Bus Park) Tel: 5004018

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
ल्यापटप, रेडियो क्यासेट DVD, VCD, TV
कम्प्यटर हार्डवेयर, सफ्टवेयर Guarantee
एसी/फ्रिज, प्लम्बर लोडसेडिङ्ग नो प्रोब्लम
हाउसवायरिङ्ग
मोटरवाइण्डिङ्ग
१४ वर्ष पुरानो
Job को लागि सहयोग
राज इलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

Drive Your Career in 5 star Hotel
Internship & Job Opportunities
ADMISSION OPEN
Advance Level Courses Details
2 Years Hotel Management
18 Months F & B Management
1 Years Kitchen Management
6 Months Advance Cook/Bartender
5 Months Advance Bakery/Pastry
Basic Level Courses
Cook/Waiter/Bar/Front Office/Housekeeping
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
4621098, 2134544
नयाँबानेश्वर मिनभवन शान्तिनगर गेट सँगै

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
11th Year of Establishment
South Asia Tourism HRD Program based training
Compare our quality with the others
सम्पर्क: साँग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक, BICC को पश्चिम
www.shangrilatraining.com.np
©4472553/4475113
Affiliated to CTEVT
Associates HAN REBAN ATHTIN

फोटोग्राफी भिडियोग्राफी
❊ फोटो/भिडियो एडिटिङ
❊ फोटो/भिडियो प्रत्रकारिता
❊ फोटो ल्यामिनेशन
अरुण दत्तढारा वि.सं. २०५३ देखि निरन्तर
Hurry UP
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साक्षा भण्डार भोटाहिटी
Nepalpti@yahoo.com, 4216291

Shaping Minds Group
Putalisadak 2222605 4233478
Itahari 025-584310
Birtamod 023-543102
Skills Training + Preparation Classes
Air Hostess / Cabin Crew | IELTS / TOEFL
Accounting / Banking | SAT / GRE / GMAT
Hardware + Networking | Special English
Computer Graphic / Web | French / German
Abroad Study + Intern + Visit Visa
UK, USA, Canada, New Zealand, Japan
Germany, Norway, Switzerland, India
Ireland, Europe, Australia, Many More
New Baneshwor-2292233, Kumaripati-2292244, 5008632
Wanted Consultancy Franchisee: All Over Nepal
Facilities
Good Profit Sharing
Up-to-date Training
International Visits
Conference Support
Free Advertisements
And Many More..........

KHMIDC
Kantipur Hotel Management & Interior Design College
ADMISSION OPEN
• Leadership • Creativity • Entrepreneurship
(First time in Nepal) (First time in Nepal)
BHM Bachelor in Hotel Management 4 years Course
BHCM Bachelor in Hospitality & Catering Management 4 years Course
BID Bachelor in Interior Design 3 years Course
BBA Bachelor in Business Administration 4 years Course
MHM Master in Hotel (Hospitality) Management 2 years Course
Kantipur Hotel Management & Interior Design College
Affiliated with Purbanchal University
Buddhanagar, New Baneshwor, Kathmandu,
Phone: 4780564, 4783904, Fax: 4785214
Institutional member
Griffith UNIVERSITY
Paid Internship in Dubai, Malaysia, USA & Singapore.

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक (इण्डियन, चाईनिज, कण्टिनेन्टल, इटालियन, मेक्सिकन) वेटर, वारमेन, क्याप्टेन, होटल सुपरभाइजर, रिसेप्सनिष्ट, हाउसकिपीङ्ग आदि ।
*5 Star होटलका प्रशिक्षक बाट तालिम ।
*विदेश जानेहरुको लागि स्पेशल कोर्ष ।
*Ex-practical को लागि होटलहरुमा पठाईने ।
सक्षम व्यवस्था पुनः कक्षा गराएर सक्षम बनाईने ।
अन्तराष्ट्रिय होटल तालिम प्रा.लि.
बालाजु चोक (Vision Institute) संगै
फोन: 01-4384548

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १४ वर्षदेखि देशभर १३ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका वरिष्ठ ब्यूटिसियनहरुद्वारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य बिबिध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
* * * * * * * * * * * * * * * * * *
नोट : यु. के., अमेरीका, अष्ट्रेलीया, युरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिसामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन् ।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-५४१४६९, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५७२१४४, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८, बागलुङ्ग ०६८-५२२७१०

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुबिधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।